onlinesahitya.com

ISSN 2091-0703 (P)
9 772091 070002
ISSN 2091-2218 (O)
9 772091 221008

# रचना

१२९



# रचना

दुई महिने साहित्यिक प्रकाशन

वर्ष ५३ अंक ६ पूर्णाङ्क १२९ फागुन-चैत २०७०

**प्रधान सम्पादक**

रोचक घिमिरे

**सम्पादक**

ज्ञानुवाकर पौडेल

**प्रबन्धक**

सुधीर घिमिरे

प्रतीक घिमिरे

**आवरण**

मनुजबाबु मिश्र

**सम्पर्क**

रचना

७१ लामोढुङ्गा मार्ग, गहनापोखरी, टङ्गाल

काठमाडौं – ५

फोन : ४४३२७०३, ४४३२२०१

**e-mail : nepalirachana@gmail.com**

**web: http://www.onlinesahitya.com/rachana**

**शुल्क**

विशिष्ट सदस्यता शुल्क : घटीमा रु. ५,०००।-

यस अङ्कको रु. २५।-

# यस अङ्कमा


**कविता**

| | | |
|---|---|---|
| खै बाबा, बाबु र नानीहरू गाऊँ र शहरमा ! | मञ्जु काँचुली | ५ |
| साँझ र अक्षरहरू | गोकुल अधिकारी | ७ |
| चोका | मोहन बहादुर कायस्थ | ८ |
| केही मुक्तक | विजयध्वज थापा | ९ |
| गतिहीनता | श्याम रिमाल | १० |
| केही लघु-कविता | भरत भारद्वाज | ११ |
| अश्वमेध यज्ञको घोडा भएको छ मेरो मन | संगीता गुरुङ | ४२ |

**कथा**

| | | |
|---|---|---|
| साल ६३ | विश्वम्भर चञ्चल | १३ |
| आफन्त | लीलाराज दाहाल | २३ |

**एकाङ्की**

| | | |
|---|---|---|
| बजार | मुन पौडेल | २७ |
| मुकुण्डोभित्रको मन | केशव सिग्देल | ३२ |

**लेख-निबन्ध-समीक्षा**

| | | |
|---|---|---|
| विद्वान स्रष्टा पण्डित टेकनाथ अधिकारी | बालकृष्ण पोखरेल | ४० |
| परिवर्तन : शाश्वत प्रक्रिया | महेश्वर शर्मा | ४३ |
| बिर्सिएका स्रष्टा ध्रुवकृष्ण 'दीप' | शंकर शाह | ४५ |
| न्यूयोर्कको मध्यरातमा मेरो हलोइन | रामप्रसाद पन्त | ४८ |
| कविताको भाव-भूमि | वंशी श्रेष्ठ | ५६ |
| 'सेतो धरती' मा अभिव्यक्त विधवा समस्या | संझना सुवेदी | ६० |
| 'समयको सहीछाप'मा बिम्ब प्रयोग | चारुभा घिमिरे | ७० |

**कृति समीक्षा**

| | | |
|---|---|---|
| डा. विष्णु राईका कविताहरू | बद्री पलिखे | ८० |
| पण्डित दधिराम पौडेल : व्यक्ति एक व्यक्तित्व अनेक | नेपाल चिरञ्जीवी | ८३ |
| समय विघटनः यथार्थको विसङ्गतिपूर्ण परिबोध | भरतरोदन साउद पाखे | ८६ |

**बसिबियाँलो**

| | | |
|---|---|---|
| शारदा प्रसाद उपाध्याय | शिव रेग्मी | ८८ |

**हाम्रो कुरा**

संविधान सभा-भाषा र साहित्य    रोचक घिमिरे    ९०

**सर्वेक्षण हिजो आज**    शशि शाह    ९२

## रचनाका विशिष्ट सदस्य

नवराज सुवेदी, रामेछाप/बाबुराम पौडेल, रामेछाप/नगेन्द्रराज शर्मा, काठमाडौं/काशीनाथ बराल, विराटनगर/डा. ध्रुवचन्द्र गौतम, काठमाडौं/चूडामणि गौतम, काठमाडौं/ रमेश गोर्खाली, वीरगञ्ज/सामनाथ पौडेल, ललितपुर/ परशु प्रधान, काठमाडौं/ ऋषिराम घिमिरे, हेटौंडा/शङ्करविक्रम शाह, काठमाडौं/हरिश कल्पित काठमाडौं/डा. उपेन्द्र गौतम, काठमाडौं/रुक्मनाथ पौडेल, ललितपुर/एस्.बी. शाह, टीकापुर/मोहन दुवाल, बनेपा/विनोद दीक्षित, काठमाडौं/रत्नश्री श्रेष्ठ, काठमाडौं/उदयप्रकाश चापागाईं, काठमाडौं/कार्तिकेय घिमिरे, सर्लाही/डा. उपेन्द्र महतो, हाल मस्को, रूस/डा. भीष्म आचार्य, हाल मस्को, रूस/डा. मणिराज पोखरेल, हाल मस्को, रूस/जीवा लामिछाने, हाल मस्को, रूस/खेमराज लामिछाने, हाल मस्को, रूस/डा. विन्दिता लामिछाने, हाल मस्को, रूस/दीपक भण्डारी, काठमाडौं/सुशीलारानी राणा, ललितपुर/डा. रामदयाल राकेश, सर्लाही/इल्या भट्टराई, काठमाडौं/बाबुकृष्ण विष्ट, काठमाडौं/नृपेन्द्रपुरुष यादि, ललितपुर/नगेन्द्रराज न्यौपाने, गोरखा/गोविन्द गिरि प्रेरणा, हाल अमेरिका/कमला सरूप, हाल अमेरिका/विश्वराज बास्तोला, पोखरा/डा. नवराज चालिसे, काठमाडौं/दिलीपकुमार चापागाईं,काठमाडौं/माया ठकुरी, ललितपुर/कृष्ण बजगाईं, हाल बेल्जीयम/नभराज घिमिरे, काठमाडौं/नरेन्द्रराज पौडेल, काठमाडौं/विष्णुबहादुर सिंह,काठमाडौं/गोविन्दप्रसाद श्रेष्ठ, काठमाडौं/बलराम अर्याल, काठमाडौं/डा.सुषमा आचार्य, ललितपुर/रमा शर्मा, काठमाडौं/छविरमण सिलवाल, काभ्रे/पीताम्बरा उपाध्याय पीयूष, काठमाडौं/डा.मुकेश चालिसे, ललितपुर/जलेश्वरी श्रेष्ठ, काठमाडौं/विभोर बराल, काठमाडौं/सङ्गीता दाहाल, काठमाडौं/ सहदेव गौतम, काठमाडौं/चन्द्रकला नेवार, काठमाडौं/लक्ष्मी उप्रेती, काठमाडौं/वसन्त रिजाल, काठमाडौं/उन्नति बोहरा 'शिला', काठमाडौं/रुकु कार्की, काठमाडौं/शर्मिला खड्का ( दाहाल), इटहरी/विजयध्वज थापा (लीलाध्वज थापाका छोरा), काठमाडौं/दामोदर पुडासैनी किशोर, काठमाडौं/ठाकुर शर्मा, गुल्मी/दयाराम दाहाल, काठमाडौं/महेन्द्र गुरुङ, काठमाडौं/घनश्याम राजकर्णिकार, काठमाडौं/अमीर थापा, काठमाडौं/सन्दीप भट्टराई, हाल अस्ट्रेलिया/अनन्तप्रसाद वाग्ले, काभ्रे/पवन आलोक, काठमाडौं/विष्णुप्रसाद शर्मा पराजुली, पर्वत/डोलिन्द्रप्रसाद शर्मा, काठमाडौं/कुवेरप्रसाद शर्मा, काठमाडौं/शिव प्रकाश, हाल अमेरिका/धनराज गिरी, चितवन/गोविन्द प्रसाद घिमिरे 'वेदमणि', काठमाडौं/पोष चापागाई, भोजपुर/निरञ्जन शर्मा घिमिरे, काठमाडौं/डा.दुवसु क्षेत्री, काठमाडौं/इन्द्रराज पौडेल, बर्दिया/नरेन्द्र बहादुर श्रेष्ठ, काठमाडौं/वियोगी बुढाथोकी, काठमाडौं/विष्णु ओली, काठमाडौं/बाजुराम पौडेल, काठमाडौं/डा केशव प्रसाद उपाध्याय, काठमाडौं/टेक बहादुर जिरेल, दोलखा/रामेश्वर श्रेष्ठ जलन, ललितपुर/विजय चालिसे, काठमाडौं/श्याम दाहाल, ओखलढुङ्गा/महेन्द्र चालिसे, काठमाडौं/देवेन्द्र गौतम, काठमाडौं/प्रदीप कुमार श्रेष्ठ, ललितपुर/मदन रेग्मी, काठमाडौं/किरणविक्रम थापा, ललितपुर/गोपीकृष्ण शर्मा, काठमाडौं/सुदर्शन शाक्य, वीरगञ्ज/विनयदेव लुइँटेल (मा. वासुदेव लुइँटेलका नाति, डा. विद्यादेव शर्मा लुइँटेलका छोरा), काठमाडौं ।

**कविता**

# खै बाबा, बाबु र नानीहरू गाऊँ र शहरमा !

**मञ्जु काँचुली**

रात झरेर उषाकालमा पुगिसक्दा
निडर साहसहरूले पनि लामो स्वास फेरे
बाढीसँगै उर्लेका फलामे दिनहरू पनि
विस्तार विस्तार सुस्ताए

आँख्लाका आँखा, हाँगाका खुट्टा, पातका हात
मात्र नभइ हृदय नै हराएको
विजय भावहरू आफैंमा टोलाइरहे
अस्त्रशस्त्रका राता रौद्र स्वरहरू नदी खोलामा
पानीले धोइएर रोइरहे

पानीघट्टको दिनचर्या एकनासले चलिरहेछ
मानो बधशालाले आफ्नो अनुहार पानीको
तरलतामा एकनासले घोरिइरहेछ
मर्नुअघि सबैको रगत रातो हुन्छ भन्ने गर्थे
मरिसकेपछि ती रंगीचंगी पो हुनपुगे

गलामा बाँधले ठोक्किएका प्रतीक्षाका आँसुहरू
शहरमा ओरालो लागेर
मृत वा जीवितको थोपा खोज्न
बेस्करी चिच्याईरहे, संसद, अड्डा र निवासका दरवारहरूमा

भोकभोकै परेको घँटीमा शब्द अड्काएर
र फर्किए लुरुलुरु शहरको दयनीयता साँचेर
गह्रुङ्गो साँझको मनले भावना बोकेर
भरि मन र रित्तो हातमा थकाइ र थप शोक लिएर
"कसरी बस्दा हुन् शहरका मानिस
अजङ्को उज्यालो रुखमा
रंगीचंगी सुनौला माछा फलाएर
महिषासुरले झैं हात र आँखा त्यसैसँग फैलाएर"

गाउँसम्म आइपुग्दा :-
चारैतिरबाट काला दर्शनढुङ्गाहरू, सुकेका झाडीहरू
वालुवाका बवण्डर, धुवाँका मुस्लाहरू हुर्रिएर
वारीका पाटामा
खेतका आलीमा
आँगनमा
मझेरीमा
जतातते सलहै सलह झैं

तर खै ती रोपेका मौलिक फल, फूल र अनेक बिरुवा ?
सिला खोज्दा पनि भेटिदैन अब
कठै तिनीहरूलाई रोप्ने हातहरू ! न शहरमा, न त गाऊँमा !
खै ती हाम्रा बाबा, बाबु र नानीहरू ?

रचनाकाल : असोज १०, २०६९

**काठमाडौं**
**फोन : ९७२१३२२६८९**

≈

प्रत्येक अङ्क पठनीय र संग्रहणीय

**अभिव्यक्ति**

**दुई महिने सामान्य साहित्यिक पत्रिका**

अभिव्यक्ति परिसर

पम्बु मार्ग, गौरी नगर, चावहिल, का.म.पा-८ काठमाडौं

**फोनः** ४४७२६३७

**ईमेलः** e472637@hotmail.com

**वेबः** www.34.brinkster.com/abhibyakti

# साँझ र अक्षरहरू

**गोकुल अधिकारी**

कोरिदै जान्छन् धर्का र सोझिदै जान्छन् जति जति अक्षरहरू
खुल्दैजान्छन् अर्थका सुकिला हिमाल र
उघारिदै जान्छन् नवनिर्माणका ढोकाहरू

बाटिदै गएपछि सपनाका दरिला दाम्लामा
यस्ता धेरै साँझहरू
उघारिदै जान्छ दैलो जस्तो बिहानी र फक्रनथाल्छ सुगन्धजस्तो फूल

त्यसवेला साँझ अँधेरो भित्र्याउने बिम्ब बन्नेछैन अहिलेजस्तो
जतिवेला यो साँझको
गुलावी अत्तर घोलिएको
बांगाटिंगा धर्साजस्ता अक्षर र
त्यसैसँग धूमिल तोतेबोली टेक्दै
पारी किनार पुगिसकेको हुनेछ
साधनाको डुँगा र
शिखरतर्फ उक्लिसकेका हुनेछन्
आकांक्षामा उचालिएका पाइलाहरू

बरगाछी, बिराटनगर
फोन : ९८४२०३०२७७

≋

**नेशनल काष्टिङ्ग इण्डष्ट्रिज (प्रा.) लि**
NATIONAL CASTING INDUSTRIES (PVT) LTD
**हेटौंडा औद्योगिक क्षेत्र**

Head office:
TEL-00977 57 520541
FAX-00977 57 525266

Branch office:
Tika Thali-5, Lalitpur
TEL-5007046, FAX-5007266

**REMEMBER US FOR** Manufacture of Cast Iron Main Hole, Hand Hold Cover, Rolling Mill's Cast Iron, Gun Metal,

# चोका

**मोहन बहादुर कायस्थ**

जय गोविन्द
जय गर्दा बोलिने
जय लक्ष्मण
रामायणको बोली
बाबू सुनिल
प्यारो छोराको नाउँ
आऊ विनय
हातपाउ टेक्दाको
मीठो बोलीले
मख्ख थिए सेनानी
रथ चल्दथ्यो
इतिहास बोकेको
एउटा संस्था
खोरेत लागेछ र
स्वतन्त्रताको
अभिव्यक्ति आफैंमा
स्वतन्त्र हुन्छ
बोल्न पाउनुपर्छ
यो अधिकार
मानव अधिकार
राजा, प्रजा र
प्रत्येक नागरिक
समान हुन्छ
नेतृत्व पंक्तिभित्र
अहम् बोक्नेले
स्वयं स्वीकार्नुपर्छ
कसैको मुख
थुनछेक कानून
असह्य हुन्छ
हामी बोल्छौं के गर्छौं ?
सक्छौ ? कार्बाई गर !

**बानेश्वर, काठमाडौं**

≋

# केही मुक्तक

**विजयध्वज थापा**

सफा लुगा लगाई हिँड्दा पनि सामन्ते भन्छन्
अलि पुरानो लुगा लगाइ हिँड्दा तिनैले खाते भन्छन्
अर्काका कुरा काट्नेहरूको कमी छैन यहाँ
आफ्नै देशको सी.आइ.डी.गरी विदेशीको भाते बन्छन्

भाई भाईमा यहाँ फुटाफुट छ
जतातते बेमेल र कुटाकुट छ
यस्तै यस्तै मौका छोपी छोपी
छिमेकीको यहाँ ब्रह्मलूट छ

बाजेले गाउँमा चौतारो चिनेछ
नातिले सहरमा मोटरकार किनेछ
हुने खानेको चलन नै बेग्लै छ
नहुनेले कोदोको सट्टा हरिताल पिनेछ

धेरै वर्षा भयो पहिरो जान्छ कि क्या हो
नदीले छेउको गाउँ बगाउँछ कि क्या हो
पोहर साल गाउँ बगाउँदा कोही आएनन्
राहतको बजेट बाडीचुँडी खाएछन् कि क्या हो

भर्खर गाउँबाट आएको उसको खुट्टा खाली छ
गाउँलेहरू त भन्दै थिए शब्दमा उ जाली छ
मन्त्री भएदेखि उसको रौ रबाफ हेरौंन
५-७ बङ्गलामा त उसको घरवाली छ

बालुवाटार, काठमाडौँ
फोन : ९८४१२४५६९३

≋

# गतिहीनता

**श्यामं रिमाल**

खोलाहरूमा प्रवाह छैन
यहाँ हावाको गति पनि कम देख्छु
चराहरूको बेग किन यति धीमा छ ?

घाम चर्कोसँग लाग्दैन
पानी दरदर दर्कंदैन
न शीतमा शीतलता छ, न कुहिरो नै डम्म छ

बुट्यानहरू सुकेका छन्
झाडीहरू ओइलाएका छन्
वृक्षहरू स्याप्पिएका छन्

रिसल्लाहरूमा जोस छैन
गाडीहरू जाममा छन्
हवाइजहाज सुस्त छन्

गाइवस्तुको चराइ नै पट्यारलाग्दो
पुतलीहरूको फुरफुर नै झिँजो
यहाँ किराहरू पनि सल्बलाएको देखिन्न

घरका धुवाँहरू रङ्गहीन देखिन्छन्
खेतका गराहरू ढङ्गहीन भेटिन्छन्
आकाशका चराहरू छन् कावाहीन

हैन यहाँ चुराहरू बज्न छाडे कि ?
के त यहाँ कोदालाहरू पनि थन्किसके ??
यहाँ मान्छेका सासहरू पनि रोकिए कि क्या हो ???

**shyam_rimal@yahoo.com**
**काठमाडौं**
**फोन : ९८४१२१२५८६**

≋

# केही लघु-कविता

**भरत भारद्वाज**

**भित्री कुरा**
फूलसँग गुनासो थियो
भँवराको छेडखानी विरुद्ध
भँवरासँग गुनासो थियो
फूलको अस्मिता विरुद्ध
तर वास्तवमा
फूललाई मरेको भँवरा मनपर्दैन
भँवरालाई जुठो फूल मनपर्दैन ।

**अदृश्य शक्ति**
यौटा अदृश्य सत्ता छ
जहाँ मसान छ कि महादेव छ
थाहा छैन
जसले मान्छेलाई सत्ताको चाहना
नहुँदा त्यो दिन्छ
सत्ताको चाहना हुँदा त्यो दिँदैन
यस्तो चतुऱ्याइँले उसले
आफ्नो सत्ता आफैसँग राख्छ ।

**नखरा**
मूर्ख नारी सुन्दरता मार्फत चाहन्छे
मर्द नजर आफू देखि पर नहटोस्
तर पवित्रता मार्फत चाहन्छे
ममा कुनै दाग नलागोस्
राजनीति यस्तो मदिरा हो जसले
हामीलाई नै पिउँछ ।


**बैंश**
तिम्रो अस्मिता वा पवित्रताले
मेरो सामु यौटा लामो बगर
फैलिएको छ वसन्तको विरुद्ध
मानौ तिमी सङ्ले नदी झैं
जब पहाड केही कालो हुन्छ

यौटा बाढीले मेरो भ्रमलाई पुर्छ ।
**हुन्छ/हुँदैन**
अहँ नपौड त्यो नारी नदीमा
नत्र धमिली हुन्छे
तर सङ्लो नदीले त
जीवनलाई लामो बगर मात्र दिन्छ ।
**पवित्रता**
कालो अनुहारको झण्डा छ
समाजको धमिलो नदीको विरुद्ध
अहँ बुझ्दैनन् जसले बगर्लाई
पुरेर काउकुती लाउन खोजेको ।
**कुमारी**
यौटा कसैले नचाखेको
लोभलाग्दो रातो फल
वसन्त आउँदा भित्र भित्रै पाकेर
कुहिन शुरु गर्छ ।

चण्डोल, काठमाडौं
फोन : ९८४११७०५५०

≋

**प्रकाशित भयो !**
बाबुराम पौडेलद्वारा सम्पादित महत्त्वपूर्ण ग्रन्थ




**प्रकाशक**
शेखर, रमेश, विश्वराम, जनार्दन,
जयन्त र अनन्त पौडेल
**सम्पर्क**
गहनापोखरी, टंगाल, काठमाडौं-५
फोनः ४४३१९५२

onlinesahitya.com

**कथा**

# साल ६३

**विश्वम्भर चञ्चल**

पहादिया चोल, मदेथ छोल

पहादिया चोल, मदेथ छोल

रसगोत्री बाहुनको सात आठ वर्षको नाति यी नारा लगाउँदै घरभित्र पस्यो । उसको हातमा एउटा छेस्कोमा उनिएको कागजको पाना पनि थियो । कागजको पानामा यही नारा लेखिएका थिए । उनले सोधे, “बाबु तिमीले के भनेको यो ?” कसले सिकाएको बाबु तिमीलाई यस्ता कुरा र यो हातमा के लिएका हौ भन त ?”

“भन्दिन के,” उसले भन्यो र कोठाचोटा र चोक आँगनमा यही नारा लगाउँदै हिँडेको हिँड्यै गर्न लाग्यो । उनकी श्रीमतीले भनिन्, “लौन ! के गर्न लाग्यो हँ यो नातिले । यसलाई सम्झाउनोस् न ! कतै यसैले पो हामीलाई यहाँबाट लखेट्ला जस्तो गरिसक्यो ए !”

रसगोत्री आज बाहिर पनि कतै गएका थिएनन् । जाने अवस्था नै थिएन । हिजो बेलुका मात्र त हो उनी वीरगञ्जतिरबाट आउँदै थिए साइकलमा । हिजोआज उनी त्यतातिरकै एउटा विद्यालयमा अध्यापन गर्थे । बीच बाटोमै उल्टोतिरबाट मोटरसाइकलमा आउँदै गरेको एक जना ठिटोले उनको साइकलमा ठोक्किने नै जस्तो गरेर उनकै अगाडि आएर झ्याप्पै मोटरसाइकल रोक्यो र ए माड्साप् ! के ने जाता नि ? भन्दै अकस्मात् उनलाई सोध्यो ।

“घर जाता नि ! कहाँ जायम् और ?” उनले पनि साइकलमा जबरजस्ती ब्रेक लगाउँदै रिसाएर जवाफ दिए । सोधे, “हे त रे ! काहे हमरे उपर मोटरसाइकल चढावे जेको आइलह ? (किन यसरी मलाई नै किचौँला भन्या झैँ आएका नि ?)” उसले भन्यो, “अगाडि यितना लोग भाला, बर्छी, लाठी लेके खडा बा, अपने के डर ना लागेला ?”

“किन डराउने म ? मैले कसको के बिगार गरिदिएको छ र ?” रसगोत्रीले निडर ढङ्गमा उसकै भाषामा भनें, “हम् ये न हीं हुर्कल बढलवानी त यहीं के इतना विद्यार्थी सबके पढाते पढाते बूढ् भएल आद्मी के, के नाचिनेला आ हम् डरायेल ? (म यहीं हुर्केको, यहीं बढेको र यहींका यत्रा मानिसलाई पढाउँदा पढाउँदै बूढो भैसकेको मान्छेलाई कसले नचिन्ला र मैले डर लिनु पर्ने हँ ?)”

“माड्साप यैसा ना कहीं,” उसले डराउँदै सम्झायो, “ये सब पहाडिया के विरोध मे खडा भइल् बा । शहर मे गोली चलल् बा, कर्फ्यू लागल बा । ई कौनौ लोग अपने के ना पहिचानत् बा । बाहर से भाडा मे झिकाइल् ई सब लठेत् लोग बा... ।”

उनको कुराले रसगोत्रीको जीउ सिरिङ्ग भयो । उनले कहिल्यै सोचेका थिएनन् आज यो देशमा यस्तो होला भनेर । उनले आफ्नो त्यस चेलालाई धन्यवाद दिए । उसले भन्यो, “माड्साप् अपने के अकेले शहर के रास्ते से घर जायके अवस्था नहीँ छे । हम् अपनेको साइकल यहीँ रख्वा दे आ और अपनेको हमर मोटरसाइकलमे दोसरे रास्तेसे घरे पुगादे (माड्साप ! तपाइँ अहिले शहरको बाटो गरी एक्लै जाने अवस्था नै छैन । म तपाइँको साइकल एक ठाउँमा राखिदिन्छु र तपाईंलाई मेरो मोटरसाइकलमा घर

पुऱ्याइदिन्छु ।)" उनले आफ्नो चेलाको कुरालाई ठीक ठाने र उसैको शरणमा घरसम्म आइपुगे । त्यस चेलोले पनि घुमाउरो र छेडो-छेडो पार गरी घर लेराई पुऱ्याइदियो ।

रसगोत्रीको हिजोको यस घटनाले उनकी श्रीमतीलाई पनि आज कतै जान दिएनन् । तर छोरा बुहारीलाई भने उनले रोक्न सकेका थिएनन् । काममा जान परिहाल्यो । जिन्दगी गुजार्नु परिहाल्यो । हूलदङ्गा र नाराले मात्र पेट भरिदैंन भन्ने उनीहरूलाई थाहा थियो । र, त्यही हूलदङ्गा र नाराको पछि लागेर आ-आफ्नो जागिर गुमाउन पनि उनीहरू सक्दैनथे । उनकी श्रीमतीले भनिन्, "थाहापाउनुभो बिहान मैले बजारबाट तरकारी नकिनी आएँ ।"

किन नि ?" रसगोत्रीले सोधे । दिक्क भएर सुनाइन्, "मैले भाउ सोध्दा उसले मलाई वास्ता नै गरेन । कतिलाई दिइसक्यो मलाई त वास्ता नै गर्दैन बा । जब अलि चर्केर बोलेथेँ के जवाफ दियो थाहा छ तपाइँलाई ? त्यही रामजनम होइन हामीले कति वर्षदेखि उसैकाहाँबाट जे चाहिन्छ सबै तरकारी किनेर खाइराखेको । कहिल्यै हामीलाई उसले अनादर गरेन र हामीले पनि उलाई कहिल्यै हेपेर वा अनादर गरेर कुरा गरेनौं भने आज त उसले सोझै भन्यो, "यतना मधेशीया भाइ वहन बाँकी बा, तोहराके पहले काहे दीँ ?"

रसगोत्री बोलेनन् । उनलाई चिन्ता थियो आफ्नो शहरको, टोलको, गाउँको र सारा देशको अब के हुने हो भनेर । भने श्रीमतीलाई यही कुरा । श्रीमतीले भनिन्, "देशको कुरा छोडिदिनोस् अब । यहीँ हामी बसेकै ठाउँको कुरा सुन्नोस् न !"

"भनिहालेऊ नि तिमीले," उनले निराशा व्यक्त गर्दै भने, "अब अरू पनि के सुन्नु पर्ला र ?"

"पर्छ; सुन्नोस् ! के भन्यो त्यो रामजनमले मेरी साथीलाई त थाहा छ ? उनले भन्टाको मोल सोधिन् पहिले त किलोको कति भनेर । उसले हेपाहा स्वरले बोल्यो, "नेपाली काहे बोल् ता रे, भोजपुरी बोल् ।" अनि उनले भोजपुरीमा नै सोधिन् 'एक किलो भन्टाको कति' भनेर ।

"पाँच किलो से कम नाबिकाइ," उसले भन्यो । तर उनलाई पाँच किलो किन्नु थिएन र 'के कुरा गर्छ' यो भन्दै भन्टा समातेर के यसो हेर्दै थिइन् यस्तरी हात निमोठिदियो, यस्तरी हात निमोठिदियो कि हात निमोठ्दै भन्यो पनि, "अब तोहनी के राज चल गइल् । छोड्बु कि ना ?" आखिर उनले पनि किनिनन् र हामी त्यसै घर आयौं," उनकी श्रीमतीले बेलीबिस्तार लगाइन्, "के भएको होला अब यो देश । कस्तो राम्रो सम्बन्ध थियो तराईवासी र हामी पहाडियाको बीचमा कति कति वर्षदेखि । कसले बिगाऱ्यो होला हामी नेपाली नेपाली बीचको भाइचाराको यो सम्बन्ध.... । सद्भावको यो सम्बन्ध....।"

रसगोत्रीले पनि सम्झे आफू बसाइँ सरेर यहाँ आउँदाको अवस्था । "यो कुरा निकै पहिलेको हो उनका बाजेका पालाको र २००० सालभन्दा अधिको नै । उनको घर टेकर सिस्नेरीमा थियो मकवानपुर जिल्ला अन्तर्गत् । डाँडाकाँडा र भीरैभीरको बीचमा उनको घर थियो । खेतीपाती केही हुँदैनथ्यो । खालि केही खोरियाबारी र यसै खोरियाको भरमा बाँचेको थियो उनको परिवार । खान दुःख थियो । लाउन दुख थियो । कतै जाने बाटाघाटा थिएनन् । एक गाउँदेखि अर्को गाउँ जाने पुलपुलेसा थिएनन् । कोही बिरामी परून् औषधी मूलो केही थिएन र केवल जङ्गली झारपातले जुनसुकै बिरामीपनको पनि औषधि गर्नु पर्थ्यो । जीवन बाँच्न कठिन थियो । घरका दिदी, फुपु, भाउजु ज्यामा गरी धेरै मानिस भीरबाट लडेरै मरे वन जङ्गल गर्दा । गाउँका पनि धेरै जना मरे । त्यसै ताका

पाहाडतिरका ती दुःखले गर्दा मानिसहरू तराई प्रदेशको हरियाली फाँटको सपना देख्न थाले । तराईमा प्रशस्त जग्गा जमिन थियो । जताततै जङ्गलैजङ्गल र खेतीपाती पनि कम । पाहाडबाट मानिसहरू तराई झर्दै र जङ्गल फँडानी गर्दै बसोबास गर्न थाले । खेतीपातीको शुरु भयो । कसैको विरोध भएन । त्यस बेलासम्ममा तराईमा पहिल्यैदेखि बसोबास गर्ने जातजाति यादव, साह, चौधरी आदिको मात्र बाहूलयता थियो । त्यो पनि पातला-पातला बस्ती थिए कोशौं टाढा-टाढा । पहाडियाहरू तराई झर्न थालेपछि उनीहरूलाई पनि केही मदत पुग्न थाल्यो । उनीहरूले पनि पहाडियाहरूलाई निकै नै मदत गरे । एउटाको मदत अर्कोले पायो । माटोको भर ढुङ्गालाई र ढुङ्गाको भर माटोलाई भन्या जस्तो गरी सबैखाले समूहका मानिसहरू हँसीखुशीले बस्न थाले । तँ पहाडवासी, हामी तराईवासी भन्ने भेद कसैमा रहेन । तराईकै बासी अलि ठूला जातका ठूलाठालु जमिन्दारहरूले जसरी उनीहरूकै तल्ला जातीका र स्तरका निमुखा र गरीब जनताहरूलाई हेप्दै, शोषण गर्दै आएका थिए अब उनीहरूको शोषणको मात्रा पनि कम हुँदै गयो र उनीहरू पहाडियादेखि त्यति बेखुशी पनि थिएनन् । आपसमा खेतीपातीको पर्व-मेला हुन्थ्यो । बोनी-बोता हुन्थ्यो । भाइचारा बढ्यो । चाडबाड तथा बिहे व्रतबन्ध तथा अन्य भोज भतेरमा एकले अर्कोलाई सहयोग गर्थे । पहाडियाहरू मधेश झर्न थालेपछि मधेशियाहरूको पनि शहरबस्तीतिर मात्र पनि होइन, अलिअलि गर्दै पहाडका उकाली, ओराली र भञ्ज्याङ्गहरूमा पनि चहलपहल र बेपार बढ्यो । सबैले आ-आफूको मिहेनतको फल खान्थे । शिक्षादीक्षाको पनि विस्तार हुँदै गयो । जागिर र बन्दव्यवशायमा पनि हातेमालो र दुवैको बराबरको महत्व रह्यो । उद्योग धन्दाहरू धमाधम खोलिन थाले । मानिसहरूले खेतीपातीबाहेकका अन्य काम पाए । बेपारको विस्तार भयो । मानिस पहिलेका भन्दा सुखी हुँदै गए ।

तर समयको अन्तरालमा एकलौटी रूपमा त्यहाँका तल्लास्तरका जनतामाथि हैकम जमाइरहेका त्यहीँका स्थानीय जमिन्दार तथा शोषकरूलाई पहाडियाको बोलवाला मन परेन । उनीहरूमाथि आँखा गाडे र पढेगुनेका र शिक्षादीक्षामा पनि पहाडियाहरू नै बढी भएकाले सरकारी जागिरमा पनि उनीहरूकै बाहूलयता रहेको उनीहरूले देखी सहेनन् । तराईमा केवल अन्धविश्वास र रुढीवाद थियो । अभाव, अशिक्षा र चेतनाको कमीले मानिसहरूमा यतिसम्म कि माथिल्ला जातका तथा ठूलाठालू जमिन्दारहरूसँग तलका जातकाले सोझो गरी कुरा गर्नु हुन्न भन्नेसमेतको संस्कार उनीहरूले पालेका थिए । ती गरीब जनता यसरी हेपिएका, यसरी हेपिएका थिए कि उनीहरू आफूले मालिक भनीआएकाका अगाडि चुइँक्क पनि बोल्न सक्दैनथे, पाउँदैनथे । उनीहरूलाई नोकर, बँधुवा, हलिया बनाएर राखेका थिए ती माथिल्ला जातका र जमिन्दार भन्नेहरूले । उनीहरू स्वयं पनि यति तल पर्थे, यति तल पर्थे कि ठूलाठालू र शोषकका लागि उनीहरूको त्यस प्रकारको संस्कारले नै उनीहरूलाई शोषण गर्न बल पुग्थ्यो । उनीहरू मालिक, प्रभु कहलाइन्थे र ती तल्ला जातिका कृषक तथा अन्य पेशा र व्यवशाय गर्नेहरू स्वयं ठान्थे- यो भगवानको पालादेखिको बनेको नियम हो र हामीले भगवानको आज्ञा मान्नु पर्छ । यसको उल्लंघन गर्नै मिल्दैन ।

पछिपछि हुँदै जाँदा तराईका सोझासाझा वासिन्दामा पनि शिक्षा र चेतनाको प्रभाव बढ्दै गयो । जमिन्दार र शोषक तथा सामन्ती परिवारका सन्तानले त भारतबाटै शिक्षा दीक्षा लिई नेपालभित्र बसी राज गरिरहेका हुन्थे । यता काठमाडौँमा बसेका राजा

महाराजाको दृष्टि त्यहाँसम्म पुग्नै सक्दैनथ्यो । सिमानामा भारत जस्तो ठूलो देश र त्यहाँको बन्द बेपारले नेपाल जस्तो सानो मुलुकलाई पनि प्रभाव नपारिरहन सक्दैनथ्यो । त्यसको प्रभाव यहाँ मनग्गे पर्न थाल्यो । यहाँसम्म कि शिक्षदीक्षा, रितिस्थिति, चालचलन र वेशभूषामा पनि भारतीयकै बढी प्रभाव पऱ्यो । उनीहरू नेपाली वा भारतीय नागरिक के हुन् ठम्याउन नै गाऱ्हो हुन्थ्यो । धेरै जनासँग त दोहोरो नागरिकता नै थियो । सिमानामा कहिल्यै कतै जानुपर्दा 'घर कहाँ हो दाइ' भनेर सोध्दा नेहरू टोपी लगाउनेहरू 'जाडोमा पारि, गर्मीमा वारि' भनेर सहजै भन्ने गर्दथे । यहाँसम्म कि 'हमारे देशके प्रधानमन्त्री जवाहरलाल नेहरू है' भनेर हामी नेपालीका बालबच्चाले पढ्ने गर्दथे र राष्ट्रियगान पनि उतै भारततिरकै गाइन्थ्यो विद्यालयहरूमा ।

त्यस्तो अवस्थाबाट गुज्रेको नेपाली समाजमा केही नेताहरूको पनि जन्म हुँदै गयो र मधेशको राजनीति चल्न थाल्यो । तर त्यहाँको राजनीतिमा पनि अन्य विषयमा जस्तै गरी काठमाडौँको भन्दा भारतकै प्रभाव बढी पर्दथ्यो । जुन कुराको पहुँच यता नेपालको राजधानीबाट पुग्न सक्दैनथ्यो त्यस कुराको पहुँच भारतीय शहरहरूबाट समेत राम्रै गरी पुगेको हुन्थ्यो र खास गरी उत्तरप्रदेश तथा बिहारको राजनीतिले नेपाललाई बढी गाँजिरहेको थियो । उनीहरू केन्द्रको आदेश मान्थे र त्यस आदेशलाई नेपालभूमिसम्म विस्तार गर्थे । यहाँसम्मकि पहाडबाट वसाईं सर्नेहरूका सन्तान पनि भारत नै बाट शिक्षा दीक्षा प्राप्त गरी आउँथे र यता आफ्नो देश फर्किएपछि फेरि तिनै गरीब, शोषित्, पीडित र अनपढ तथा अज्ञानी सर्वसाधारण जनतामाथि रोब जमाउन थाल्थे । उनीहरूको राजनीति पनि त्यहीँबाट चल्थ्यो र निर्देशन पनि उतैबाट हुन्थ्यो । सात, सत्र, छत्तीस, छयालिस र त्रिसट्ठीको राजनीति पनि उतैबाट निर्देशित भयो । यही मेसोमा पहाडिया र मधेशियाको विभाजनको रेखा कोरियो र आज यो स्थिति हाम्रो देशले भोग्नु परिरहेको छ....,"

रसगोत्रीले दिक्क हुँदै भने, "यो कुरा तिमीले र मैले कोट्याएर हुने होइन बूढी । जसले खोजीनीत गरी सचेत हुनु पर्ने हो उनीहरूले नै नगरेपछि हामीले गर्ने कुरा केही छैन र बोल्ने कुरा पनि केही छैन । तर म तिमीलाई एउटा कुरा भन्छु मान्छ्यौ ?" निगुरमुन्टि लाउदै उनले सोधे । उनकी श्रीमतीले भनिन्, "के भन्नोस् न ! तपाइँले भनेको कुरा मैले कहिले नमानेकी छुँ र.....।"

"अब हिँड यो ठाउँ छोडेर अन्तै बसाइ सरौँ," अकस्मात् आँखाबाट बलिन्द्रधारा आँशु चुहाउँदै रसगोत्री बोले । उनकी श्रीमती बोलिन्, "मर्नु परे पनि म यो ठाउँ छोड्दिन । म पनि यही तराई भूमिमा जन्मेकी हुँ र यहीँकी भूमिपुत्री हुँ । मेरो बाजे बराजूदेखिको पुस्ता यहीँ बितेको छ मात्र होइन हामी पहाडियाको पनि लगानी छ यस भूमिमा । हाम्रो पनि रगत पसिना बगेको छ यहाँ । हामीले पनि माया गरेका छौँ यस भूमिलाई र यस भूमिको रक्षार्थ पऱ्यो भने हामी पनि भाला, लाठी र बर्छी मात्र के, बन्दुक पनि उठाउन सक्षम छौँ । के ठान्नुहुन्छ तपाई ? के ठान्छन् मधेशका यी नेता भनाउँदाहरू ? के यिनीहरू स्वयंले आज नेपाली नेपालीबीचको यो भेदभाव खोजेका हुन् र ? छातीमा हात राखेर भनून् यिनीहरूले ? यहाँका भूमिपुत्र भन्नेहरूले यहाँको माटोलाई उठाएर भन्न सकून् यो हाम्रो आफ्नै आवाज हो ? यो हाम्रो आफ्नै हृदयको धड्कन हो ? सक्छन् यसो भन्न ?" उनले पो उल्टो वक्तव्य दिन थालिन् रसगोत्रीलाई । उनको यस प्रकारको धाराप्रवाहको वक्तव्यमा सत्यता थियो र थियो एउटा नेपालीको भित्री वेदना, भित्री चाहना ।

त्यसै बीच  नाति केटो पनि हिजोको जस्तै गरी हातमा कपडाको टालोलाई छेस्कामा बेरेर र नारा लगाउँदै घरमा आयो, “पहादिया चोल मदेथ छोल, पहादिया चोल मदेथ छोल ।” केटाकेटी न हो ! अघिल्लो दिनको घटनाबाट रसगोत्रीका  परिवार तर्सिसकेका थिए अब त्यस अवोध बालकमाथि पनि केही होला भनेर र उसलाई बाहिर नजान अनेक तरिकाले फकाइरहेका हुन्थे । तर ऊ मानिरहेको थिएन र त्यस्ता नाराले के अर्थ दिने हुन् उसलाई थाहा पनि थिएन । ऊ त बाहिर खेल्न जान थालेदेखि नै उसका तिनै साथीहरूको सङ्गत गर्दै आएको थियो र बिहान, बेलुका र रातको समयबाहेक उनीहरूकै साथ रहन्थ्यो । पढ्न पनि एकै स्कूलमा र सँगसँगै नै जान्थ्यो । तर कहिल्यै न उनीहरूबाट उसमाथि यस्तो कुरा सिकाइन्थ्यो न त उसले नै जानेको हुन्थ्यो । उसलाई रसगोत्रीले  कतिचोटि भनिपनि सकेका थिए, “बाबु ! हामी पनि नेपाली हौँ र यहाँ बस्ने अरू पनि नेपाली हुन् । यो भूमी हामी सब नेपालीको हो । अब तिमी पहाडिया र मधेशीया भनेर नभन है ?” हजूरबाको आदेशमा नाति तत्काल त ‘हस्’ भनेर टार्थ्यो तर जब ऊ घरबाहिर निस्कन्थ्यो यसको रेखा नराम्ररी कोरिएको हुन्थ्यो र ऊ त्यही मानवसागरका बीचमा आफूलाई एक्लो राख्न पनि सक्दैनथ्यो ।

आज केही दिन भयो देवकोटा चोक, भरत चोक, सिध्देश्वर चोक, भवानीपुर, बन्जारिया, रामपुरी, औधापूरी, बरेवा जताततै यिनै र यस्तै नारा लागिरहेका छन्  र हजारौको संख्यामा जुलुश पनि निस्किरहेको छ । के बूढाबूढी, के आईमाई, के बालक सबै सबै नै सहभागी भएका छन् जुलुशमा र यही नारा लागिरहेको छ । त्यसमाथिका युवा जमातको कुरै नगरौं । अघिअघि कुकुरलाई बाँधेर हिँडाइरहेका छन्, उसको टाउकामा नेपाली टोपी लगाइ दिएका छन् । र, एक जनाले अगाडिबाट घिच्याउने र पछाडिबाट त्यो अबुझ तथा निरीह कुकुरमाथि शयौँ मानिसहरूले लात्तीले हान्दै ‘पहाडिया कुत्ता मारम् जुत्ता’ भन्दै भकुरिरहेका छन्  । त्यो असहाय कुकर क्वाँक्वाँ र कुँकुँ गर्दै कराइरहेको छ । पछाडिका लात्ति मार्नेलाई टोक्न पछाडि फर्किन पनि खोजिरहेको छ तर अघाडिकोले घिच्याइरहेछ उसलाई र पछाडि फर्केर भुक्न पनि दिएको छैन । अनि त्यस कुकुरको पछाडिपछाडि शयौँ लात्तिहरू बज्रिरहेका छन् र हजारौ मानिसले ताली ठटाउनु र स्याँस्याँ र सुँसुँको सुसेली चलाइरहेका छन् ।

नाति केटोको दिनचर्या त हिजो आज भात खायो कि उसको मण्डलीमा पुगिहाल्ने धोको रहन्थ्यो । तराईमा चर्केको आन्दोलनले कुनै स्कूल, कलेज खुलेका थिएनन् । यस्ता आन्दोलन र छुट्टिका दिनमा त केटाकेटीलाई झन रमाइलो हुने नै भयो । अनि अर्को दिन पनि रसगोत्रीको नाति  उसको मण्डलीका बीच पुगिहाल्यो । उसलाई छोडेर उनीहरूले आफूआफूमा सल्लाह गरे, “आज कौन खेल खेलल् जाइ ?” फेरि उनीहरू-उनीहरूका बीचमै सल्लाह भयो, “आजु त पहाडिया मधेशीया खेलल् जाइ ।” रसगोत्रीको  नातिले सोध्यो, “मलाई किन नसोधेको ?” उनीहरूले भने, “तु पहाडिया हइस् । तोहराके ना खेलायम् ।” त्यस केटाले रुन्चे स्वरमा भन्यो, “म पहाडिया होइन नि । म त नेपाली हुँ ।” उनीहरू हललल हाँसे र उसलाई जिस्क्याए, “ए हइ त कादुन नेपाली हौवस् रे  । देख् त हेकर चेहरा कुत्ता के जैसन बा कि ना ? (ए ! यो त क्या नेपाली रे ? हेर त यसको अनुहार कुकुरको जस्तो छ कि छैन ?)” ऊ रोयो । उनीहरू झन् हाँसे । यसै बीच एउटाले भन्यो, “ए पहाडिया ! उसो भए हामीले तँलाई जे सिकाउँछौँ त्यो भन्छस् त ?”

“भन्छु”, उसले कवोल गऱ्यो । फेरि कबुल्याए, “ “ए पहाडिया बोल् रे ‘मा कसम !’

"मा कसम्," केटोले भन्यो, "अब के बोलौं ?"

उसका साथीहरूले सिकाए, "पहाडिया कुत्ता मारम् जुत्ता, बोल !" उसले पनि भट्यायो, "पहालिया कुत्था, मालम् जुत्था ।"

"फिर बोल् रे 'पहाडिया कुत्ता मारम् जुत्ता ।" केटो बोल्यो, "पहालिया कुत्था मालम् जुत्था ।" उसका साथीहरू हाँसे र उसलाई उल्लिबिल्लि पारे । अनि उसलाई घुचेट्दै भने, "अरे ओ पहाडिया कुत्ता यहाँ से भाग् .... ।"

रसगोत्रीको नातिले रोएर नै उनीहरूसँग उसलाई पनि खेलाउन अनुनय विनय गऱ्यो । तर ती केटाहरूले मानेनन् र उसलाई झन् धक्का मार्दै पछाडि हटाएर नराम्रै गरी लडाइदिए । केटालाई आजको साथीहरूको यस व्यवहारले पर्नुसम्मको चोट पऱ्यो । तिनै साथी त हुन् जो एक दिन ऊ उनीहरूसँग खेल्न नआउँदाका दिन पनि उसैको घरमा लिन जान्थे । उसका बाबु आमा वा हजूरबा हजूरआमाले 'होमवर्क गर्नु छ बा तिमी अहिले नजाऊ' भन्दा पनि न साथीहरूले उसलाई छोड्थे, न ऊ आफू नै उनीहरूसँग नगई छोड्थ्यो । केही नलागे उसका साथीहरूले उसका बुबा हजूरबुबासँग कराई कराईकन पनि लिएर जान्थे । तर आज उसलाई उसका साथीहरूले नराम्ररी चोट पुऱ्याए । ऊ रुँदै घर पुग्यो । उसका साथीहरूले त्यसरी कुटेर र लडाएर पठाएनन् मात्र उसको डाँडाल्नुमा 'पहाडिया कुत्ता, मारम् जुत्ता' को ट्याग पनि टाँसिदिए र त्यही लेखेको अर्को कागजलाई छेस्कामा उनेर उसको हातमा थमाइदिँदै बीच बाटोमा च्यात्न र नफाल्न धम्कि दिँदै घोक्रेठ्याक् लगाउँदै पठाइदिए ।

त्यस दिनको जुलूश र नारा झन् चर्को थियो । दिउँसो घन र छिना लिएर एक जत्था मानिस देवकोटा चोकतिर आएका थिए र हेर्दाहेर्दै र सबैले देख्दादेख्दै दिउँसोको मध्यान्हमा महाकवि देवकोटाको सालिक फुटालेका थिए । यो घटना थियो साल ६३ माघ १३ गतेको । साल ६३ माघ १ गतेका दिन देशमा अन्तरिम संविधानको घोषणासँगै मधेशवादी दल मधेशी जनअधिकार फोरमका केही कार्यकर्ताको अगुवाइमा माघ २ गतेका दिन काठमाडौंको थापाथलीस्थित मण्डलामा अन्तरिम संविधान जलाउँदा उनीहरूलाई सार्वजनिक अपराधअन्तर्गत मुद्दा चलाउन खोजियो । यस मुद्दाले आगोमाथि घिउ थप्ने काम गऱ्यो । यसले गर्दा उनीहरूको विद्रोह अरू भड्कियो । अनि माघ ५ गतेका दिन एक जना मधेशवादी केटाको मृत्यु र ६ गतेको बन्द र हड्तालबाट त्यस क्षेत्रमा तनाव झनै बढ्यो र मधेशवादी दलहरूद्वारा तोडफोड र आगजनीका कार्य शुरु हुन थाले । उनीहरूले त्यहाँ रहेको युग कवि सिध्दिचरण श्रेष्ठको सालिक तोडफोड गरे । अनि अर्को दिन जनकपुरको भानुचोकमा रहेको आदिकवि भानुभक्तको सालिक, वीरगञ्जको भानुभक्त, देवकोटा र थिरबम मल्लको सालिक हुँदै माघ १३ आइपुग्दासम्म रसगोत्रीको घरसामुन्नेमा र उनकै आफ्नो पनि अथक प्रयासद्वारा २०४२ सालमा स्थापना गरिएको महाकवि लक्ष्मीप्रसाद देवकोटाको सालिक फुटाइनुले भने रसगोत्रीलाई आफ्नै मुटुमा उनीहरूको घन र छिना बज्रिएको आभास भयो ।

घटनामा एक मुसलमान भाइको मृत्यु भयो । मधेशवादी समूह र पहाडियाबीचको अन्तरसंघर्ष नराम्ररी चल्यो र ठूल्ठूला विरोध प्रदर्शनहरू भए । त्यस प्रदर्शनमा खुद देशका व्यवस्थापिका संसदका मधेशवादी सांसद पनि सहभागी थिए र उनीहरूबाटै उताको जुलुशको नेतृत्व भइरहेको देखिन्थ्यो ।

मृतक प्रदर्शनकारीको लाशलाई खौराहामा लगेर दफनाइयो । जुलुशका सबका हातहातमा बाँसका बडेबडे भाटा थिए । नारा लगाए, "पहाडिया कुत्ता मारम् जुत्ता,

पहाडिया चोर, मधेश छोड् ।" दायाँबायाँका कुनै पहाडियाका घर बाँकी राखेनन् र साराका सारा घर भत्काउँदै, तोडफोड गर्दै हिँडे । त्यहाँ कुनै राज्य र प्रशासनको उपस्थिति थिएन । कानून उनीहरूको हातमा थियो । बल उनीहरूको हातमा थियो र राज्य उनीहरूको हातमा थियो । सारा पहाडियाका घरहरू नास गर्दै उनीहरूले त्यस दिन दर्शाएको त्यस ताण्डव नृत्यलाई देशका अन्य भागका सारा जनताले मूक दर्शक बनेर हेर्नु परिरहेको थियो ।

सिराहाको लाहानबाट शुरुभएको शान्तिपूर्ण विद्रोहले नराम्ररी हिंसात्मक रूप लिएपछि तराईका प्रायः सम्पूर्ण जिल्लालाई नै छोयो । यी सबै घटनामाथि काठमाडौँमा कुनै नेताले सार्वजनिक रेडियोबाट नै 'प्रतिगामीको षडयन्त्र' भन्नुले पनि यस विद्रोहले उग्र रूप लिएको हो भन्ने टिप्पणी केही पत्रकारहरूबाट आयो । आन्दोलनलाई अझ घिउ थप्न नेपालगञ्जमा त्यसै सालको पुस महिनामा भएको साम्प्रदायिक दङ्गाको सीडीलाई मध्य र पूर्वी तराइमा व्यापकरूपमा वितरण गर्ने काम पनि एक जिम्मेवार तराईवादी नेताले गरेका थिए भनी एउटा अपुष्ट स्रोतले भनिरहेको थियो । माघ ७ गते सप्तरीको कञ्चनपुरमा त्यो सीडी सार्वजनिक गरिएपछि 'पहाडे निषेधित् क्षेत्र' लेखिएका तुलहरू यत्रतत्र गरी धमाधम टाँगिन थाले र खास गरी मध्य तराई क्षेत्रबाट पहाडियाहरूलाई लखेट्ने कार्य शुरु भयो । नेपालगन्जमा भने इस्लामिक फ्रन्टको नाउँले हिन्दू र बौध्दमार्गीलाई गाली गरिएको र 'ओसामा बिन लादेन जिन्दावाद !' लेखिएका पोष्टरहरू टाँसिए ।

तराईमा अनेकौं घटना भए । २०६३ चैत ७ गते रौतहटको गौरमा भीषण झडप भयो । सभाको लागि स्थानको नाममा भएको त्यस शक्ति संघर्षमा धेरै माओवादीको ज्यान गयो र मर्नेमा पहाडिया मूलका नै वासिन्दा थिए ।

"उफ् ! के भएन यस बीचमा.....," रसगोत्रीले टाउको थिचे । बितेको दश-एघार वर्षको युध्दमा माओवादीद्वारा घटाइएका घटना जस्तै गरी यहाँ पनि त यी सब घटना भए ! कैयौँ मानिसको ज्यान गयो । कैयौँ मानिस घाइते भए । कैयौँ युवतीहरूको अस्मिता लुटियो । कैयौँको चित्कार यस मधेशभूमिमा सुनियो । यहाँका भूमिपुत्र भन्नेहरूले नै जघन्य अपराधहरू गरे । यहाँसम्मकि आफैँले पढाएकी र आफ्नै चेलीबेटी जसले आफ्नो ज्यानको संरक्षण गर्न जसको घरभित्र गुहार माग्दै पसिन् उनैमाथि बलात्कार गर्ने काम पनि केही मानिसले गरे । केही चेलीबेटीका स्तन काटेर पनि फालिए । पहाडिया मूलका भन्नेहरूलाई उनीहरूले जहाँ पायो त्यहीँ नै बजाए । कोही अब त्यहाँ बस्ने अवस्था आएन । उनीहरू रातारात भागाभाग गरे र कोही चुरे पहाडको काख, कोही चितौन र कोही काठमाडौँतिर बसाइँ सर्न लागे । उनीहरूमाथि सरकारले केही सम्बोधन गर्न सकेन र बरू उनीहरूकै पक्षमा धमाधम सम्झौताहरू गर्दै गयो ।

रसगोत्रीलाई परिवारको चिन्ताले पनि सताइरहेको थियो । कुन बेला के हुने हो थाहा छैन । परिवारका अन्य सदस्य कुन बेलादेखि कहाँ गएका हुन् त्यो पनि थाहा छैन । उनी पनि भर्खर भर्खरै चारतिरको गल्लीको बाटो लुक्दैलुक्दै घर पस्न पाएका हुन् । झन त्यसै बखतको उनको नातिको रुवाइको क्रन्दनले उनलाई एकै छिनमा आक्रान्त पाऱ्यो । उनको नातिले कमिजको फेर समाउँदै रुँदै नै करायो, "बा मलाई थाथीहरूले खेलाएनन् । उनीहलुले मलाई पितेल पनि पथाए । गएल भन्दिनोथ् न !"

"ए ! तै नातिलाई केही त्यस्तो भएको रैनछ...." रसगोत्री अलिकति भए पनि नातिको कुशलतालाई देखेर आश्वस्त बने । उसलाई फकाए, "उनीहरूले खेलाएनन्

भनेर तैँलै रुनु पर्छ त ? यीँ घरमै हामीसँग खेल् न, भैहाल्छ नि ।" उसले मानेन । भन्यो, "मलाई उनीहलुले के के पनि सिकाए ।"

'के सिकाए भन् त ?" उसले उही साथीहरूले सिकाएको नारा लगायो । आफ्नो पछाडि डँडाल्नुमा टाँसिदिएका ट्याग देखायो र प्लेकार्ड त हातमा लिएको लियै थियो उसले डराई डराई । रसगोत्रीलाई कता कता दुखेर आयो । उनले भने, "भो बाबु नलगा त्यो नारा र हातको यो कागज पनि नली । बरु भन्दे उनीहरूलाई कि हामी सब नेपाली हौँ र कोही पहाडिया वा कोही मधेशिया भिन्न छैनौँ भनेर," भन्दै पछाडिको कागज पनि के झिकिदिएका थिए ऊ एकदम अरू डरायो र करायो, " बा ! त्यथो नगल्नोस् । मलाई उनीहलुले कुथ्छन् र फेलि भोलिदेखि अध खेलाउँदैनन् । मैले हामी थब नेपाली हो नि भनेल भन्दा उनीहलुले मलाई झन् दिथ्क्याए र घुचेदेल लदाई पनि दिए । हामी त पहाली कुत्था ले । हो बा ?," भन्दै जानकारी माग्यो उसले र रसगोत्रीसँग अनुनय गऱ्यो, "बाले मेला साथीहलुलाई गएल मलाई खेला भनिदिनोथ् है बा .... नत्ल म सँधैं यथै भनिलन्छुँ र हाथको यो कागथ पनि फ्याल्दिन के ।"

"नफ्याल् नफ्याल् जा । अब देशमा के पो बाँकी छ र ?" उनी केही झर्किए । नाति एक्लै कराउँदै हिँड्यो "पहालिया कुत्था मालम जुत्था, पहालिया चोल देथ छोल.... ।" उसले हातको त्यो कागजको प्लेकार्ड पनि फालेको थिएन ।

घरका परिवार आइपुगेका थिएनन् । रसगोत्री निकै धोत्लिए । उनलाई समय मिल्यो बितेका यी वर्षमा के के भए उनको त्यस शहरमा भनेर सोच्नलाई । त्यो शहर शान्तमय थियो । शहरले 'शहर' को पगरी गुथेको भए पनि सुविधा त्यति केही थिएन । शहरमा मधेशिया भन्दा पाहाडियाकै बढी बर्चस्व थियो । मारवाडी समुदायको पनि बोलवाला थियो । श्रेष्ठ, मारवाडी, गुप्ता आदि ठूलाबडाको बसोवास थियो त्यस शहरमा । उठ्न त यदाकदा पहाडिया र मधेशिया बीच केही वादविवादका कुरा पनि उठ्थे । तर कुनै मारवाडीको कोठीमा बसेर सबै कुरा मिलाउँथे । देवकोटा जयन्ती र अन्य अवसरमा साहित्यिक माहौल जम्दथ्यो । पुरस्कार, सम्मान वितरण हुन्थे । भोजपुरी, मैथिली, नेपाली सबै भाषाभाषीका व्यक्तिहरूको सम्मान गरिन्थ्यो । पहाडिया र मधेशिया अथवा कुनै जातजाति र भाषाभाषीमा भिन्नता थिएन । जसलाई जुन भाषा आउँथ्यो त्यही भाषामा बोल्थे, लेख्थे । यिनै भाषाको माध्यमद्वारा आफू-आफूको बीचको नाता र भाइचारा बढाउँथे । यसको विभाजन त त्यस बखतमा कोरियो, रसगोत्रीलाई राम्रो सम्झना छ- जब २०५७ सालमा भारतीय नायक ऋतिकरोशनद्वारा भारतीय भूमिबाट नै नेपाल र नेपालीका विरुध्दमा अनर्गल प्रलाप गरियो । काठमाडौँ राजधानीमा त्यसको विरुध्दमा ठूलो विरोध भयो । नृशंश तोडफोड र आगजनिका घटनाहरू भए । कर्फ्यू लाग्यो । त्यही क्रममा काठमाडौँवासीमा पनि मधेशीमूलका नागरिकप्रति केही वितृष्णा जागेर आयो वा यो वितृष्णाको जड पनि अन्त कतै थियो थाहा भएन । तर पनि शदियौँदखि हिन्दु धर्मावलम्बीहरूले मानीआएका देवाधिदेव महादेवको विश्व प्रशिध्द मन्दिर पशुपतिनाथ अवस्थित् काठमाडौको यस पुण्यभूमिमा बसोबास गर्दै आएका कुन मुसलमान, कुन मारवाडी, कुन मधेशी, कुन पहाडिया कुन हिन्दु, कुन बौध्द कसैमा भेदभाव थिएन । तर दुर्भाग्यको कुरा, एक जना काठमाडौँवासीले आफ्नो घरमा भाडामा बसिराखेको मारवाडी समुदायको एक व्यक्तिलाई अभद्र व्यवहार गरी निकालिदिए । त्यसको बदलाको भावना अब त्यस शहरमा पनि अलिअलि गरी देखिन थाल्यो र एक दिन त एक हूल पहाडिया

स्थानीयवासीलाई त्यहाँका स्थानीय मानिसले गरेको व्यवहारदेखि रसगोत्रीलाई देशको अवस्थामा कालो बादल मडारिन थालेको आभास मिलिसकेको थियो ।

त्यस दिनको कुरा हो बेलुकीपख दुई चार जना पहाडीमूलका मानिस हिँडिरहेका थिए सदरमुकाम र त्यस शहर जोड्ने सडकमा । पहाडियाहरू कसै कसैले बरखी पनि बारेका थिए । त्यसै बीच एक हूल जत्था केटा उनीहरूका बीच आए र अकस्मात् अभद्र शब्दमा बोले, “रे साला पहाडिया टोपी निकाल् ।” अर्को समूहको एक जनाले जवाफ दिए, “किन निकाल्ने हामीले टोपी ?” त्यस जत्थाको बीचबाट अर्को कालेले भन्यो, “रे साला पहाडिया मुहमुहे लागतार ? टोपी निकाल् कहतानी त निकाल् ।” अनि त ती मानिस पनि डराए र सबैले टाउकाबाट टोपी निकाली हात हातमा लिए । एउटाले भन्यो, “वो मे थुक् ।” उनीहरूलाई आफ्नै टोपीमाथि थुक्न मन लागेन । उनीहरूमाथिको विद्रोह त जाग्यो- साला ! मधेशी हो आज हामीलाई यसरी हेप्ने भइसक्यौ होइन भनेर.... । तर भन्न सक्दैनथे र उनीहरूलाई आज स्थानीय वासिन्दाले नै यसरी आफू र आफ्नो समुदायको अपमान गर्नुको कारण पनि थाहा भएन । यही सोच्दै थिए कि भन्यो फेरि अर्कोले कड्केर, “का हमर मुह ताकके खडा बाड ? फेँक फेँनु उ टोपी जमिन मे ।” उनीहरूले टोपी सडकमा फ्याँके र मुडुल्लै टाउको हिँड्न के खोजेका थिए टप्प उनीहरूको नाडी एक-एकवटाले समाते र भने, “अब अपन टोपी के अपने ही गोड से कुचल् । उनीहरूले त्यसै गरे । अनि त्यो जत्था हाँस्दै आफ्नो बाटो लाग्यो । पहाडिया समुदायका ती मानिस आत्मग्लानि र हीनताबोधमा अगाडि बढे ।

“ए बाबा ! के भएको हो अब यहाँ.... ” यसो सोच्न पाएका थिएनन् रसगोत्रीलाई खबर आयो कुन चोकमा हो आज पनि एक जना मधेशवादी भाइको ज्यान गयो प्रहरीसँगको भिडन्तमा । उनी आत्तिए छोरा बुहारी त्यसै दिन फेरि अहिलेसम्म घर नआइपुग्दा । तर आत्तिएर पनि हुने कुरा केही थिएन । उनीहरू आइपुगे केही अबेर गरी । यही गोलीकाण्डको कारण उनीहरू आउन अबेर गरेका रहेछन् । उनीहरूले आएर पनि दिनभरिको घटना सुनाउँदा रसगोत्रीले सुन्नै सकेनन् । यता उनीहरूको छोरो नातिलाई पनि आजका उसका साथीहरूको त्यस प्रकारको व्यवहारको कारणले हो कि केले गर्दा हो बेलुकादेखि हनहन ज्वरो आइरह्यो । शहरमा अब समाजसेवी तथा त्यहाँका एक प्रतिष्ठित् पहाडिया मूलका व्यक्तिको नामले जुन चोकको नामकरण गरिएको थियो त्यसको सट्टा त्यही मृतक केटोलाई शहीद घोषणा गरी उसैको नाममा त्यस चोकको नामकरण भयो र अब त शहरमा यतिसम्म भयो कि त्यसै चोकमा पाल टाँगियो र त्यस चोकलाई पहाडिया विरुध्दको रङ्गभूमि बनाइयो । हरेक दिन हजारौं मानिस त्यहाँ जान्थे, मञ्चमाथि उभिन्थे, हातले माइक समात्थे र पहाडियाको विरुध्दका नारा, कविता, गीत गजल, पेरोडी, गाली मुखमा जे जे आउँथे तथानाम बक्दै ताली ठटाउँथे । अब त हुँदाहुँदा केटाकेटीको पनि पढ्ने पाठशाला नै त्यही भइगयो- पहाडिया विरुध्दका पठनपाठन गर्ने थलो । यसमा रसगोत्रीको नाति पनि जान त खोज्थ्यो त्यो रमाइलो हेर्न, आफ्ना साथीहरूका माभm पुगेर त्यही नारा लगाउन र पहाडियाहरूलाई गाली गर्न, तर ऊ सक्दैनथ्यो । उसलाई ज्वरोले च्याप्दै ल्यायो । औषधीमूलोका लागि डाक्टर र औषधी पसल पनि पहाडियाकै खोज्नु पर्ने भयो कुनै पहाडिया मूलका परिवारका लागि पनि । उता पहाडियाका औषधी पसल त खोल्न नै दिइँदैन र उनीहरू पसल खोलेर ‘रिस्क’ लिन पनि चाँहदैनन् । भएका दुइ चार जना पहाडिया मूलका डाक्टरहरू पनि फेला पर्दैनन् । उता उनीहरूका हकिम, बैद्यसमेत तत्पर छैनन् रसगोत्रीको नाति बचाउनमा ।

रसगोत्रीका परिवार केवल आँशु खसालिरहेका छन् र छोरा नातिको नजीक बसिरहेका छन् पालैपालो आफ्नो घरको काम पनि गर्दै र बिरामी बच्चालाई पानीपट्टि लगाइदिँदै। शरीरका अरू भागमा पनि चिसो पानीले भिजाएर ज्वरो झार्ने प्रयत्न गर्दैछन् उनीहरू तर आसालाग्दो प्रतिफल देखिएको छैन। उता बच्चाको हालत खराब हुँदै गइरहेको छ र त अब उ, बेहोशी मै बरबराउन पनि लागिसकेको छ। भन्छ- बुन्नु ! ए मुन्ना ! थोहन भैया ! खलिल भैया ! मलाई पनि खेलाऊ न भाइ ! म पनि तिमीहलुथँग खेल्थुँ। म पहालिया होइन भन्या.... म त नेपाली हुँ नेपाली। तिमी पनि मधेथिया होइनौं, तिमी पनि नेपाली हौ नेपाली, ल मलाई खेलाऊ है ?" रसगोत्री र उनकी श्रीमती नातिको नजीक बस्थे र आँशु पुछ्दै भनिरहन्थे, "बाबु ! तिमी बिसेक होऊ। तिम्रा साथीहरू तिमीलाई खेल्न लिन आउँछन् बाबु, लिन आउँछन् अनि तिमी खेल्न जाऊ।" तर ऊ ती आश्वासनहरू सुनेर आज्ञाकारी छोरो वा नाति बन्नै सक्दैनथ्यो। उसको अवस्था अहिले त्यस्तो छँदै थिएन। र, हालत चिन्ताजनक हुँदै जाँदै थियो। मसिनो र अस्पष्ट स्वरले भनिरहन्थ्यो- हामी थब नेपाली हो, म पहालिया होइन, बुन्नु, मुन्ना, थोहन र खलिल पनि मधेथी होइनन्। हामी थब नेपाली हौं।"

"हो बाबु ! हो ! हामी सब एकै आँगनमा खेल्ने नेपाली हौं। एकै भूमिका भूमिपुत्र हौं। एकै फूलबारीका फूलहरू हौं। विभिन्न फूलहरूले उनिएको एकै माला हौं। हाम्रो जन्मभूमि यही हो। हाम्रो मातृभूमि यही हो।"

रसगोत्रीको हृदय वेदनाले द्रवीभूत हुन्थ्यो। भन्थे, "तिमी बिसेक मात्र हौ तिम्रा साथी तिमीलाई लिन आउँछन् बाबु, यहीँ लिन आउँछन्। अनि तिमी जाउला र उनीहरूसँग सँधैं खेलिरहौला।" नाति अस्पष्ट र झिनो स्वरले उसका साथीहरूको एक एक नाम लिएर बडबडाइ नै रहेको हुन्थ्यो। उसका बा-आमा, हजूरबा- हजूरआमा गहभरि आँसुका ढिका लिएर भगवानको प्रार्थना गरिहेका हुन्थे तर गर्न केही सक्दैनथे।

रसगोत्री सम्झिन्थे उनका ती दिन जसलाई केही पर्न हुँदैनथ्यो सब जना उनलाई मदत गर्न आइपुग्थे र एउटा शिक्षकको नाताले स्थानीयवासीले उनको मानसम्मान पनि त्यतिकै गर्थे । उनी स्वयं पनि गुणवान थिए र त कसैको आँखामा पनि नबिझाउने गरेर जीवनका यत्रा वर्षहरू त्यहाँ सुखसाथ बिताएका थिए। तर आज तिनै रसगोत्रीले यो दिन पनि देख्नु परिरहेको छ कि आफ्नो एक्लो त्यस नातिलाई बचाउनका लागि त्यत्रो शहरमा कोही एक जना पनि तत्पर छैनन्। उनी विवश बनेर मानौँ त्यस अवोध बालकको मृत्युको दिन पर्खिरहनु परिरहेको छ जानी जानी र आफ्नै आँखाअगाडि- उनलाई त्यस्तै आभास भइरहेको थियो।

"बा म थाथीहलुसँग खेल्न जान्थु मलाई दान दिनोस् न बा !" एक दिन अकस्मात् रातको अन्धकारमा नातिले रसगोत्रीको कठालो समाउँदै चिच्यायो। उनले आत्तिएर हतपत बत्ती बाले र रातको चकमन्नतामा आफूसँगै सुताएका आफ्नो नातिको अनुहारमा हेरे। कति अवोध ! कति निश्चल ! अनि कति पवित्रता उसको त्यस बाणीमा त्यसको अन्दाजै गर्न उनी सक्दैनथे र ऊ मस्त निद्रामा नै यसो भनिरहेको थियो। तथापि यस्तो लाग्दथ्यो उसका बर्बराइका ती साथीहरू अब ऊभन्दा धेरै टाढा गइसकेका थिए र बरबराईहरू सत्यतामा रूपान्तरित भइरहेका थिए। उसको यो बरबराई र त्यो रात त्यस बेलामा थियो जुन बेलामा रसगोत्रीको परिवार काठमाडौं बसाइँ सरेको पनि निकै भइसकेको थियो।

**रचनाकालः २०६९ माघ २१**

**फोन : ९८४१७१२९०४**

**bighchan@gmail.com**

≋

# आफन्त

**लीलाराज दाहाल**

गीतादेवी यस गाउँमा आउँदा उनको उमेर लगभग आधा भागमा आइपुगेको थियो। उनले जवानीको उकालो पार गरेर भर्खर प्रौढताको समय र भूभाग टेक्न थालेकी थिइन्। भर्खरै निभेको आगोको खरानी भित्र आगोको अवशेष रहेभैंं उनी भित्र पनि अलिअलि जवानीको अवशेष बाँकी नै थियो। पुरुष आँखा उनीबाट विकर्षित हुन थालिहालेकी थिइनन्। रूपकी खानी भन्न नमिलेपनि सौन्दर्य प्रशाधनहरूले उनको अनुहारको कान्ति जोगाइरहेकै थिए। तापनि अनुहारमा कहिले कहिले उदासीको लहर देखा परिहाल्थ्यो।

चालीस वर्षको उमेरमा गीता देवी यस गाउँमा आएर पुनः गृहस्थीको जाँतो घुमाउन थालिन्। नितान्त एक्ली भएर पनि उनी सक्रियताको पिङ मच्चाउन पटक्कै डराउँदिन थिइन्। आउँदा ताक निष्फिक्री जस्ती देखिएपनि उनलाई भित्रैदेखि गम्भीरताको डोरीले बाँधेको थियो।

पहिलेपहिले गाउँलेहरू उनलाई देखेर हुनसम्म आश्चर्य चकित हुन्थे। उनी कसरी एक्ली भइन्? उनका आफन्त भन्ने पनि कोही देखिएका थिएनन्। जिन्दगीको यात्रामा एक्ली यात्री बनेर कहाँसम्म पुग्नु छ यिनलाई! गाउँलेहरू यस्तै यस्तै तर्क वितर्क गरेर समय बिताउन अभिशप्त थिए। उनी सामु गाउँलेहरूले जिज्ञासाका पोका नखोलेका भने होइनन्। कुतूहलताका हातहरूले खुब सुमुम्याउँथे उनलाई। तर उनले आफ्नो विषयमा कसैलाई पनि खुलस्त बताएकी थिइनन्।

एकदिन चन्द्रकला मित्रताको रुमाल हल्लाउँदै उनीसँग गफ गर्न अघि बढिन्। गीतादेवी बारे उनमा अलिक बढी चासो थियो। गीतादेवीसँग भेट हुने बित्तिकै ओठबाट प्रश्नका एक झोक्का लहर उठेका थिए। उनका सवालका लहरमा तरंगिएका भावहरू यस्ता थिए :-

तपाईं कति वर्षकी हुनुभयो? कहाँबाट यहाँ आउनुभयो? तपाईंका छोराछोरी कति छन्? तपाईं एक्ली देखिनु हुन्छ नि? अरु आफन्त छन् कि छैनन्? एक्लो ज्यान पाल्न यत्रो दुःख साध्य गरिरहनु किन पर्थ्यो .... आदि आदि।

त्यतिखेर गीतादेवी फिस्स हाँसिन् मात्रै। केही बोली हालिनन्। फेरि चन्द्रकलाका सवालका नङ्ग्राहरूले कोतर्न थालेपछि भने उनको ओठमा झुण्डिएको मौनताको ताल्चा तोडियो। उनी भित्र गढेर बसेको पीडा उकुसमुकुस हुँदै बाहिर निस्कन थाल्यो जसरी पानीको मात्रा बढेर बाँध फुटाउँदै उत्तालिएर ओरालोतिर भेल बग्न थाल्छ।

"चालीस वर्षकी भएँ। आफन्त थिए तर अब मरे भैंं भए। गृहस्थीको यातना शिविरबाट बाहिर आएँ। घर व्यवहारको पर्खाल भत्काइदिएँ।" गीतादेवीको ओठबाट यतिसम्मको वाक्य निस्केर बाहिर आयो।

"अनि गृहस्थीको शिविरबाट मुक्त भएर आएको मान्छेले किन अर्को शिविर बनाएको त?" चन्द्रकला प्रश्नको झटारो बोकेर उनको पछि लाग्न छोडिनन्।

"गृहस्थीको शिविर भत्काएर सन्यासी बन्ने रहर थियो। तर कसैगरी पनि सकिनँ। गृहस्थीको शिविर जतिसुकै आततायी भएपनि मुक्त हुन गाह्रै रहेछ!"

गीतादेवीको मनबाट वैराग्यको हुरी चल्न थालेको थियो । उनको अनुहारमा पीडाको छायाँ पर्न थालेको थियो ।

आजको अन्तरङ्ग छलफललाई समापन गर्दै चन्द्रकला र गीतादेवी आफ्ना घरतिर लागेका थिए । यस्तै यस्तै दिनचर्या यस्तै यस्तै अन्तरसम्वादका साथ समयको खोलाको पानी बग्दै गयो । समयले गीतादेवीको अनुहारमा प्रौढताको चाया थप्दै गयो । उनले भद्रताको कम्बल ओढ्न कहिल्यै छोडिनन् । जतिसुकै दुःख पाएपनि उनको ओठबाट मुस्कानको फूल कहिल्यै ओइलाएर झरेन ।

गाउँलेहरू "गीतादेवी अब बुढी भइन्" भन्न थालिसकेका थिए ।अब उनको अनुहार अलकत्रा उप्किएको सडकजस्तो देखिन थालेको थियो । उनको कपालको कालो पन कहिल्यै नफर्कने गरी उडेर निख्खर सेतोपनमा बद्लिन थालेको थियो । उनी बूढी भएपनि उनको नम्रता, निष्ठा र इमानदारी बूढो भएको थिएन ।

प्रौढताको उकालोबाटो झन् ठाडो उकालो हुँदै गयो उनका लागि । शरीरमा विभिन्न रोगहरूले विस्तारै विस्तारै घरजम गर्न थालेपछि त उनको उभिनसक्नेसम्म ताकत बाँकी रहेन । ओछ्यानमै लडिरहन थालिन् गीतादेवी ।

उनी बिरामी भएको खबर गाउँभरि फैलिसकेको थियो । साता दिन नाघिसक्दा समेत उनका कोही आफन्त पनि आएका थिएनन् । उनको अवस्था दिनदिनै कमजोर भएको र कोही आफन्त नआएकाले गाउँलेहरू पनि चिन्तित देखिन थालेका थिए । उनको एक्लोपन र भद्रताले सबैलाई पगालेको थियो । गाउँलेहरूले डाक्टर बोलाए । हेरेर मात्रै बसिरहन सकेनन् उनलाई ।

उनको उपचार शुरु भैसकेको थियो । गाउँलेहरूले उनको शीघ्र स्वास्थ्यलाभको कामना पनि गरेका थिए ।

उनको रोग त कम हुँदै गयो तर शरीर भने उस्तै शिथिल नै थियो बुढ्यौलीको घनले प्रहार गरेर थिलथिलो पारेको शरीरलाई रोगको मुक्काले हानेपछि त उनमा चाँडै स्फूर्ति र ताजापन आउन सम्भव पनि थिएन । विस्तारै विस्तारै उनी हिंडडुल गर्न सक्ने हुन थालिन् । फेरि उमंग आउन थाल्यो उनमा हिंडडुल गर्ने चाहना जागृत भएको थियो उनमा ।

एकदिन उनी पूर्वपश्चिम मूल सडकमा आइन् चञ्चल हुँदै । गीतादेवी सडकमा त निस्किन्; तर उनले सडक पार गर्नै पाइनन् । उनलाइ बसले ठक्कर दिएर बीच सडकमा नै पछार्‍यो । मानौं बसमा उनको मृत्यु सवार भएर आएको थियो । उनलाई मृत्युले बीच सडकमै रोकी राख्यो ।

गीतादेवी सडक दुर्घटनामा परिन् भन्ने कुरा हावामा फैलिसकेको थियो । विस्तारै विस्तारै गाउँलेहरू जम्मा हुँदै थिए । घटनास्थलमा भीड बाक्लिँदै थियो । उनको शव उठाउने नउठाउने भन्ने छलफल हुँदैथियो । शव परीक्षणका लागि अस्पताल पठाउने सल्लाह हुँदैथियो । उनका कोही आफन्त आइपुगेका थिएनन् । आलस्यपूर्ण छलफलले दुईतीन घण्टा समय खाइसकेको थियो । गाउँलेहरू अलमलको पंखा हम्कीरहेका थिए । प्रहरी शव अस्पताल लैजान हतारको छडी नचाइरहेको थियो ।

यत्तिकैमा पूर्वतिरबाट मानिसहरूको हूल आउन थाल्यो । हूल झनै नजिक आइपुग्यो । हातहातमा लौरा बोकेका युवाहरूले नेतृत्व गरेका थिए । बीस पच्चीस जनाको भीड आक्रोशित हुँदै आएको थियो । यतिखेर स्वार्थको झण्डा उचालेका भीडका ती मानिसहरूको मुहार विकृत देखिएको थियो । भीडको नेतृत्व गर्ने युवाले

अति जोशका साथ नारा लगाउन थाल्यो; "ज्यानमारा चालक मुर्दावाद ! .....मुर्दावाद..... मुर्दावाद ! मृतकका आफन्तलाई बीस लाख दे ! ... बीस लाख दे... बीस लाख दे !"

भीडले उत्तेजित नारा लगाउँदै एकपटक गीतादेवीको शवको परिक्रमा गऱ्यो । गाउँलेहरूलाई सपना देखेको झैं अचम्म लागिरहेको थियो । घटनास्थलमा छिटोछिटो बदलिइरहेका परिदृश्यहरूलाई उनीहरूले छक्क पर्दै नियालीरहेका थिए । भीड सुस्तरी उत्तेजनाको पहाड चढिरहेको थियो । भीडबाट एउटी अधवैंसे महिला निस्की र मृत शवलाई अंकमाल गर्दै रुन थाली । उसले चारैतिर हेरेर आँसु पुछ्दै भनी; "मेरी आमालाई किचेर मारीहालेछ नि अपराधीले ! के गरुँ अब म ? कहाँ जानु भो नि मेरी आमा ?"

भीडबाट अर्को पुरुष निस्क्यो र शवलाई नियाल्दै भन्यो; "मलाई जन्म दिने आमाले भन्दा नि बढी माया गर्नुहुन्थ्यो नि सासु आमा तपाईंले ! तपाईंलाई कति दुख्यो होला आमा बसले किच्दा ? मेरी सासु आमा .....! ! !" उसले आँसु पनि पुछ्यो अनि छेउमा बसेर टोलाउन थाल्यो ।

अर्को एउटाले "मेरी ममतामयी आमा !" भन्यो र आँसु पुछेजस्तो गऱ्यो ।

अर्कोले "प्यारी भाउजु !" भन्यो ।

फेरि अर्कोले "आँखामा राखेपनि नबिझाउने मेरी काकी !" भन्यो र रोएजस्तो गरेर उतातिर फर्केर उभियो ।

अर्कोले "माइजु !" भन्यो ।

अर्की महिलाले "माया लाग्दी देउरानी !" भनी र एकछिन तारिफ गरी ।

भीडमा भएका सवैले भएभरका एक एकवटा साइनो लगाएर समवेत स्वरमा चिर शान्तिको कामना गरे ।

घटनाक्रम नाटकीय ढंगले अगाडि बढ्दै थियो । गाउँले मध्येका अलिक पाका शिवकुमारले सोधे; "तपाईंहरू मध्ये नजिकको आफन्त को हो ?"

"म छोरी !" अधवैंसे महिलाले हात उठाई ।

"म छोरो !" पुरुषले हात उठायो ।

"म ज्वाईं !" अर्को पुरुषले हात उठायो ।

यसैगरी सवैले एक एक वटा नाता लगाएर हात उठाए ।

"तपाईंहरू यतिञ्जेल कहाँ हुनुहुन्थ्यो ?" गाउँलेले पुनः सोधे ।

"मेरो त्यही पल्लो गाउँमा घर छ ।" छोरी ज्वाईं भन्नेले पूर्वतिर औंल्याउँदै भनेका थिए ।

"त्यो भन्दा पल्लो गाउँमा मेरो घर छ ।" छोरो भन्नेले कुनै अलमल नगरीकन बताएको थियो ।

आफन्त भन्नेहरू सवैले आफ्नो घर ओल्लो पल्लो गाउँमा भएको बताए । गाउँलेहरू सबै मुखामुख भए । एकजनाले पुनः सोधे; "यी महिला यत्रो वर्ष देखि यो गाउँमा दुःख गरी बस्दा, बिरामी हुँदा उनको मुख हेर्न सम्म पनि तपाईंहरू किन आउनु भएन ?

"म त विवाहित छोरी !" छोरीले अकमकाउँदै भनी ।

"म त ज्वाईं परें ! मैले केही पाउने होइन अनि खर्च मात्रै गर्न किन आउनु म ?" ज्वाईंले धक नमानी भन्यो ।

"म त झन् सौतेनी छोरो परें । म किन आउनु ?" छोराले भन्यो ।

"म त भतिजो परें !" भतिजो भन्नेले भन्यो ।

"म त आखिर देवर मात्रै न हुँ !" देवर भन्नेले पनि आफ्नो कुरा राख्यो ।

बाँकी अरुले केही पनि बताएनन् । मानौं उनीहरूको ओठ मौनताको सियोले भित्रैसम्म सिएको थियो । कोही बोल्न सक्ने अवस्थामा थिएनन् अरु ।

“अनि अहिले जुलुस लिएर किन आउनु भो त ?” गाउँले हरिप्रसादले पुनः सवालका मुक्का हानेका थिए ।

“गाडीले किचेपछि क्षतिपूर्ति पाइन्छ । त्यही रकम बुझ्न आएको । म हकवाला छोरो हुँ ।” छोरोले आफू आउनुको मुख्य उद्देश्य बताएको थियो ।

“म त साख्खै छोरी हुँ । तपाईं सौतेनी छोरो; मेरो हक हुन्छ रकममा !” छोरी पाखुरा सुर्केर अघि बढी । अनुहार रातोरातो बनाई ।

“हो ! हक त साख्खै छोरीको हुन्छ !” ज्वाईं भन्नेले सही थाप्यो ।

“तिमीहरूको कसरी हक हुन्छ ? एउटी विवाहित छोरी, अर्को सौताको छोरो । हक त मेरो पो हुन्छ ! म त साख्खै भतिजो हुँ ।” भतिजोले ठूलो स्वरमा भन्यो ।

“मृतकको आफ्नै देवर हुँदाहुँदै भतिजो कसरी हकवाला हुन्छ ? नचाहिंदो कुरा चाहिं नगर है कसैले ?” देवरले जुँगामा ताउ लगाउँदै भन्यो ।

मृतकका बनावटी आफन्तहरूमा सहमति हुन सकिरहेको थिएन । उनीहरूको विवाद विस्तारै विस्तारै झगडाको उकालो चढ्न थालिसकेको थियो ।

गाउँले शिव कुमारले पुनः सोधे; “यी मृतकले घरव्यवहार चलाउन हामी गाउँलेहरूसँग कर्जा लिएकी थिइन् । कसले तिर्नुहुन्छ तपाईंहरूमध्ये ?”

शिव कुमारको सवाल सुनेर छोरीज्वाईं अलि पछाडि सरे । छोरोले केरकार गर्न थाल्यो; “तपाईंहरू गाउँले भएर झुठा बोल्ने हो ? किन लिइन् मेरी आमाले कर्जा ? कोसँग कहिले कति लिएकी थिइन् ? मान्छे मरेपछि यस्तो गर्ने ?”

“उपचार खर्च, भैंसी किन्न लिएको साठी हजार समेत गर्दा ६ लाख जति हामी गाउँलेहरूले दिएका छौं । लौ कसले तिर्ने हो ?” गाउँलेले भने ।

“अपुताली खानेले पो ऋण व्यहोर्नुपर्छ । क्षतिपूर्ति रकम लिनेले ऋण तिर्नुपर्ने भन्ने कुन कानूनमा छ ?” भतिजोले कानूनी लौरो उज्यायो ।

“गाउँलेहरूको तिर्नुपर्ने रकम तिरेर नाता खुल्ने कागजात लिएर नजिकको हकदार किरिया खर्च र क्षतिपूर्ति रकम लिन सि.डि.ओ.कार्यालयमा आउनु । अहिले लाश लिएर अस्पताल जानुपर्‍यो !” बसको कागजपत्र बोकेको प्रहरीले झर्कंदै भन्यो ।

“ल भन्नोस् त; को जानुहुन्छ अस्पताल ?” प्रहरी इन्चार्ज भन्दैथियो ।

“मेरो त घरमा बित्तो काम छ !” छोरी ज्वाईं पछि हटे ।

“सौतेनी छोरो त के जानु खै !” छोरोले घरतिरको बाटो ततायो ।

“छुट्टिएर बसेको देवर म त !” देवर लत्रेको जुँगा अझै लतार्दै लुसुक्क हिंड्यो ।

“म त भतिजो हुँ, नजिकको हकवाला होइन पछि आउँला बरु !” भतिजो पनि प्रहरीको भ्यानमा चढ्न मानेन ।

आखिर प्रहरीसँग गाउँलेहरू नै गए शव लिएर । गाउँलेहरू गीतादेवीका आफन्त नभएपनि व्यवहारले उनीहरू आफन्त नै बनेका थिए । स्वार्थको झोला बोकेर आएका उनका किर्ते आफन्त भन्दा गाउँलेहरू नै सच्चा आफन्त थिए । आफन्तको कर्तव्य पूरा गरेका थिए ।

**९८१७६६२२३७**
**कर्मैया, सर्लाही**

≋

**एकाङ्की**

# बजार

## मुन पौडेल

(ठूलो र उज्यालो रंगमञ्च । पछाडिको पर्दामा एउटा विशाल घरको मुख्य द्वारको चित्र बनेको छ र दर्शकहरूले देख्दा कुनै ठूलो घरको प्रवेशद्वारजस्तो प्रष्ट देखिन्छ । घरको द्वारमाथि ठूलो र रङ्गीन अक्षरमा "राष्ट्रिय लोकतान्त्रिक पार्टी" अनि त्यसको मुनि "अध्यक्षज्यूको निवास" लेखिएको साइन बोर्ड झुण्ड्याइएको छ । मुख्य द्वारमा एकजना चनाखो र चलाख गार्ड सतर्कताकासाथ पहरा दिइरहेको छ ।)

(मञ्चको देब्रेतिरको कुनामा "कन्सल्टेन्सी सर्भिस"को बोर्ड लगाएर एकजना सुट टाई लाएको भलाद्मी कुर्सी टेबुल, फोन, कम्प्यूटरसहित ग्राहकको प्रतीक्षामा बसेको छ भने अर्को कुनामा "कार्यकर्ता सम्पर्क केन्द्र" लेखिएको बोर्ड झुण्डिएको ठाउँमा कुर्ता सुरुवाल, धोती, सर्ट-पाइन्ट इत्यादि लगाएका मान्छेहरू कुर्सी र बेन्चमा बसेका छन् । उनीहरूको अगाडि पनि कम्प्यूटर, फोन इत्यादि राखिएको छ ।)

(रंगमञ्चको बीचको दाहिनेतिर एउटा पानपसले छ; "बनारसी पानपसले" भन्ने आकर्षक बोर्ड लगाइएको छ र पानपसलेमा एउटा टोपी लगाएको हँसिलो र छट्टु व्यक्ति पान बेच्न बसेको छ । पानपसले अगाडि पानको मूल्य सूची पनि झुण्ड्याइएको छ जसमा "सादा पान–१०० रु, मीठा पान–१५० रु, जर्दा-सुर्ती हालेको पान–२०० रु" लेखिएको छ ।)

(मञ्चको बीच भागको देब्रेतिर भने "चिया–चिसो" लेखिएको बोर्ड झुण्डिएको पसल छ जहाँ  फ्रिज छ, चिसोका क्रेटहरू छन् र एउटा हाफ पाइन्ट र भेस्ट लगाएको व्यक्ति चिया पकाइरहेको छ । त्यहाँ पनि एउटा मूल्य सूची झुण्डिएको छ जसमा चियाको मूल्य पचास रुपियाँ र चिसोको मूल्य सय रुपियाँ लेखिएको छ ।)

(रंगमञ्चको एउटा छेउमा मम जत्रै अक्षरमा बोर्ड झुण्डिएको "मम कर्नर"को पसल पनि छ जहाँ एक प्लेटको पाँचसय रुपियाँ भन्ने मूल्य सूची पनि चम्किरहेको छ र बडेबडे भड्डूमा मम पनि पाकिरहेको छ ।)

(त्यसै हल्लीखल्लीको बीच एउटा कारको आकृति मञ्चको छेउमा बिस्तारै प्रकट हुन्छ र त्यहाँबाट एउटा सुटबुट लाएको मान्छे र एक जना ड्राइभरजस्तो व्यक्ति ओर्लेर मञ्चको बीचमा आइपुग्छन् र सुटेडबुटेड व्यक्ति सरासर गार्डनेर पुग्छ ।)

सुटेडबुटेड व्यक्ति–मलाई अध्यक्षज्यूसँग भेट्नु थियो ! (शानकासाथ)

(गार्ड त्यो व्यक्तिको कुरा सुन्दै नसुन्या जस्तो गरी चुरोट झिकेर सल्काएर मज्जाले तान्न थाल्छ ।)

सुटेडबुटेड व्यक्ति–(रिसाएको आवाजमा) तपाईंले मलाई चिन्नुभएन कि क्या हो ? म सह-सचिव हुँ; मलाई अध्यक्षज्यूसँग तुरुन्त भेट्नु छ !

गार्ड–तपाईंले पनि मलाई चिन्नुभएन जस्तो छ; म पनि पार्टीको केन्द्रीय सदस्य हुँ ! एक पटक सहायक मन्त्री पनि भइसकेको छु ।

सुटेडबुटेड व्यक्ति–(चुइंक्क परेर विनीत भावमा) माफ गर्नु होला; मैले चिन्न सकिंन । मलाई अध्यक्षज्यूसँग नभेटी भएको छैन; केही उपाय गरौं न !

(गार्ड केही सोचेको जस्तो गर्छ र खल्तीबाट एउटा रसिद बुक झिकेर केही लेखेर एउटा पाना च्यातेर सह-सचिवतिर बढाउँछ र आफू अर्कैतिर हेर्न थाल्छ ।)

सुटडबुटेड व्यक्ति–(रसिद हेरेर आश्चर्य मान्दै) पचास हजार सहयोग ! बढी भएन ?

गार्ड–यहाँ यस्तै छ; तपाईंको इच्छा ।

(सह-सचिव अमिलो अनुहार लाउँदै ड्राइभरसँग भएको ब्रिफकेश लिएर खोल्छ र पचास हजारको एउटा बिटो गार्डतिर बढाउँछ ।)

(२)

(गार्ड नोटको बिटो छेउमै राखेको झोलामा हुल्छ ।)

गार्ड–यो रसिद लिएर त्यो कन्सल्टेन्सी सर्भिसमा जानुस् । रसिद देखाउनु होला ।

(त्यति भनेर गार्ड त्यहाँबाट हिंड्दिन्छ र यताउति डुल्न थाल्छ ।)

(सह-सचिव जिल्ल पर्छ । उसले त्यति गरेपछि अध्यक्षज्यूको निवासमा छिर्न पाइएला भन्ठानेको हुन्छ तर त्यसो नभएको देखेर ऊ निरास हुँदै कन्सल्टेन्सी सर्भिस लेखेको ठाउँतिर बढ्छ । ड्राइभर पनि ब्रिफकेश बोकेर पछिपछि लाग्छ । दुबै कन्सल्टेन्सी लेखेको ठाउँमा पुग्छन् । सह-सचिव गार्डले दिएको रसिद त्यहाँ उभिएको भलाद्मीलाई दिन्छ । भलाद्मी रसिद पढ्छ अनि उनीहरूलाई वास्तै नगरी कम्प्यूटमा बसेर ट्याकट्याक टुकटुक गर्न थाल्छ । )

(एक छिनपछि कम्प्यूटरमा हेरीवरी आश्वस्त भएपछि कन्सलटेन्ट आफू बसेको कुर्सीमा मडारिंदै बोल्ने कष्ट गर्छ ।)

कन्सल्टेन्ट–भन्नुस्, केकाम छ ?

सह-सचिव–अध्यक्षज्यूसँग भेट्नु छ ।

कन्सलटेन्ट–गजब छ बा ! अध्यक्षज्यूसँग भेट्नु छ; अध्यक्षज्यूसँग त्यति समय कहाँ छ जो पायो ऊसँग भेट्दै हिड्न ? काम भन्नुस् काम ! (झर्केको स्वरमा) हामीलाई भन्न नहुने काम छ भने यहाँबाट हिंडिहाल्नुस्, भीड नगर्नुस् ! आई थिंङ्क यू गट द प्वाइन्ट !

(त्यतिकैमा ड्राइभर सह-सचिवलाई तानेर एकतिर लग्छ ।)

ड्राइभर–सर ! यहाँ यसै गरी काम हुन्छ । अध्यक्षज्यूसँग कसैको पनि भेट हुँदैन । उनी त अशक्त बिरामी छन् । सारा गोरखधन्दा उनको त्यो बिहारको कुनचाहिं इन्स्टिच्यूटबाट एमबिए हो कि के हो पास गरेर आएकी लोग्ने छोडेर बसेकी नखरमाउली छोरीको हो । प्रधानमन्त्रीले त भेट्न पाउँदैनन् अध्यक्षलाई ! मुखियाजस्ता यहाँबाट अध्यक्षज्यूको नाममा जे निर्देशन जान्छ त्यही गर्छन् नाकाचालाले; हजूरलाई थाहा छैन ? टेरेन कि प्रधानमन्त्री चट् ! त्यसैले त अहिलेसम्म चारवटा प्रधानमन्त्री बद्लिसके । यो पसलहरू देख्नुहुन्छ नि; यिनीहरू पसले होइनन्; दलाल हुन् दलाल ! आधिकारिक दलाल ! सरुवा, बढुवा, ठेक्कापट्टा, नियुक्ति साराका सारा सरकारले गर्ने काम यहीं हुन्छ अध्यक्षज्यूको नाममा ।

(सह-सचिव लुरुक्क फर्केर आउँछ ।)

सह-सचिव–सचिव नियुक्तिको कुरा गर्नु थियो ।

कन्सल्टेन्ट–त्यसो भन्नुस् न त ! सचिवको चार वटा सिट छ; उम्मेदवार बाह्र जना छन् । तपाईं नौ नम्बरमा हुनुहुन्छ । तर सम्पत्ति, कमाई र कारस्तानीमा भने एक नम्बरमा हुनुहुन्छ । एक पैसाको पुस्तैनी सम्पत्ति नभएको तपाईंको अहिलेको मूल्यमा पचास करोडको सम्पत्ति छ । अख्तियारमा कति पटक पुगिसक्नुभयो तपाईं । तर पैसाको बलमा पानीमाथिको ओभानो भएर निस्किनु भएको छ । अब सचिव भएर सबै पाप पखाल्नु परेको छ होइन ?

(सह–सचिव नीलोकालो भएर किंकर्तव्यविमूढ हुन्छ ।)

कन्सलटेन्ट–(एउटा रसिद काटेर दिँदै) कन्सलटेन्सी फि हो, एक लाख ।

(सह-सचिव एक शब्द नबोलेर ब्रिफकेशबाट पैसा झिक्छ र दिन्छ अनि त्यहीं मेचमा थुचुक्क बस्छ ।)

(यो दृश्य त्यहीं स्थिर हुन्छ )

(३)

(त्यही बेला एउटा फट्टिक सेतो खद्दरको धोतीकुर्ता लाएको हातमा कण्डक्टरको जस्तो ब्याग भिरेको व्यक्ति, एउटा चप्पलमाथि सफारी सुट लाएको थोत्रो ब्रिफकेश बोकेको व्यक्तिको अन्य तीनचार जना झ्याउराम्याउराका साथ प्रवेश । यो लावालश्कर एकै पटक बनारसी पान भण्डारनेर गएर रोकिन्छ । )

धोतीकुर्ता लाउने व्यक्ति–के छ बाबू गिरिधारीलालजी ? सब ठीकठाक छ ? धन्धा राम्रो चलिरा'छ हैन त ?

पानपसले–काम चलाउ छ ! दालरोटी चलिरा'छ । उता जिल्लातिरको के छ नि हालखबर ? जिल्ला अध्यक्षले त लुटिरा'छ रे !

धोतीकुर्ता–जस्ले जहाँ पायो लुटिनै रा'छ भने ऊ पनि किन पछि परोस् ? कमाई रहेको छ दलाली गरेर ।

पानपसले–ठूलै लावालश्कर लिएर आउनु भएको छ; विशेष काम छ कि ?

धोतीकुर्ता–उहाँ बाबूसाहेबलाई चिन्नु हुन्न ? आफ्नै जिल्लाको त हो नि ! भरखरै डिएफओबाट रिटायर्ड हुनुभएको । अब सम्पूर्ण देशको काठपात बेच्ने जिम्मा दिने भनिएको अब बन्ने समिति कि के छ नि ! हो, त्यसैको अध्यक्ष हुनु पर्‍यो रे ! मैले भनें, हिंडनुस् काठमान्डू, कुन ठूलो कुरा हो ? श्री सम्पत्तिको त कमी छैन उहाँलाई तथापि शान चाहियो, मान चाहियो र पाएसम्म दाम पनि चाहियो । काठमान्डूमा मात्रै तीन ठाउँमा घर छ, सात ठाउँमा घडेरी छ । पैसाको कमी छैन, कामचाहिं हुनु पर्‍यो । त्यसैले दश ठाउँ नगएर एकै पटक तपाईंकहाँ नै लिएर आएको, आखिर काम यहींबाट हुने हो क्यार !

पानपसले–काम त भैहाल्छ नेताजी ! तपाईं आएपछि काम नहुने कुरै भएन । तर प्रक्रिया त पुर्‍याउनै पर्छ । एक पटक सबैतिर पुगेर आऊँ ।

धोतीकुर्ता–तर के रेट छ आजकाल ? बाबूसाहेबलाई पनि ढुक्क हुन्छ । पुग्छ कि मगाउनु पर्छ ।

पानपसले–तपाईंले भनेको पदको लागि थुप्रै जना झुत्तेका छन् । पाँच जना त डिएफओ नै आइसके सम्पर्क गर्न । फाइनल डिल भएको छैन । तर कुनै पनि बेला जान सक्छ । त्यसैले चाँडै निर्णय गर्नु पर्छ । रेट त अहिले चर्केको छ । तर तपाईंले लिएर आउनु भएको हुनाले पचास लाखसम्ममा मिलाइदिन्छु ।

(नेताजी र बाबूसाहेब खासखास् खुसखुस् गर्छन् र दुवै प्रसन्न मुद्रामा छिटोछिटो गार्ड उभिएको ठाउँतिर बढ्छन् अनि गार्डनेर पुगेर गफ गर्न थाल्छन् ।)

(यो दृश्य यहीं स्थिर हुन्छ ।)

(त्यसै बेला मञ्चको एउटा कुनाबाट एक जना झोला भिरेको, लामोलामो कपाल भएको, प्यान्टमाथि कुर्ता र कुर्तामाथि पुरानो इस्टकोट लगाएको कतै हराएको जस्तो व्यक्तिको प्रवेश । उनी मञ्चमा प्रवेश गरेपछि पल्याकपुलुक यताउति हेर्न थाल्छन् र "अध्यक्षज्यूको निवास" लेखेको बोर्डतिर उत्सुकताकासाथ बढ्छन् ।)

लामो कपाल–(गार्डतिर उन्मुख हुँदै) गार्ड भाइ, मलाई दुई मिनेट अध्यक्ष्यज्यूसँग भेट्नु थियो !

(गार्ड त्यो व्यक्तिलाई तलदेखि माथिसम्म चिरफार नै गरुँलाजस्तो गरेर नियाल्छ तर केही बोल्दैन ।)

लामो कपाल–होइन, तपाईंलाई बोल्न पनि पैसा तिर्नु पर्छ कि क्या हो ? बोल्नुहुन्न त !

गार्ड–(रिसाएर) अध्यक्षज्यूलाई फुर्सद छैन ।

लामो कपाल–मेरो नाम भन्नुस्, अध्यक्षज्यूले बोलाइहाल्नुहुन्छ । (गजक्क पर्दै)

गार्ड–(रिसाएर) न म पण्डित हुँ न त अन्तर्यामी । तपाईंको नाम मलाई थाहा पाउनु पनि छैन !

लामो कपाल–(अलि नरम भएर) हेर्नुस्, तपाईंले चिन्नुभएको रहेनछ, म साहित्यकार, लेखक, कवि, आख्यानकार, नियात्राकार, गजलकार, हास्य व्यंग्यकार अनि नाटककार थुप्रै कुरा हुँ । म नेपाली, मैथिली, अङ्ग्रेजी,भोजपुरी, अवधी, नेवारी, हिन्दी, शेर्पा, तामाङ इत्यादि थुप्रै भाषामा लेख्छु । अविरल प्रसाद

त्रिपाठी हो मेरो नाम । जुनसुकै कवि सम्मेलन होस्; गोष्ठी होस्, सेमिनार होस्, विमोचन होस् म हुन्छु हुन्छु !

गार्ड–तर यहाँ त कुनै कवि गोष्ठी छैन ।

लामो कपाल–हेर्नुस् गार्ड दाइ, अलिकता सहयोग गर्नुस् । मलाई एकै छिन अध्यक्षज्यूसँग नभेटी भएको छैन । प्राज्ञ मनोनयन हुँदै छ रे, यहाँबाट सूची नजाउन्जेल प्रधानमन्त्रीले नगर्ने रे !

गार्ड–त्यसो भन्नुस् न त । एउटा कुरा भन्नुस् त, यो मुलुकमा तपाईंहरू दुईचारजना मात्र लेखक हुनुहुन्छ कि क्या हो ? राजाको पालामा पनि तपाईं राजकवि बनेर प्राज्ञ बन्नुभयो, त्यसपछि बहुदलमा पनि तपाईं नै प्राज्ञ बन्नुभयो, त्यस पछि मधेशी दलहरूको उदय भएपछि पनि तपाईं नै प्राज्ञ बन्नुभयो । अब कुन कोटामा फेरि प्राज्ञ बन्न तम्सिनुभएको ? लाजसरम छैन केही ? छैन अध्यक्षज्यूलाई फुर्सद !

(लामो कपाल चुइँक्क परेर त्यहाँबाट हिंडछ र यताउति घुम्न थाल्छ ।)

(कन्सल्टेन्सी सर्भिसको दृश्य फेरि चलायमान हुन्छ ।)

कन्सल्टेन्ट–सह-सचिवज्यू, अब तपाईं के गर्नुस् भने ऊ त्यो "मम कर्नर" लेखिएको पसलमा जानुस् र त्यहाँ त्यो स्लिभलेस भेस्ट लाएर बस्नुभएको म्याडम् हुनुहुन्छ नि; उहाँसँग भेट्नुस् र काम गराउनु छ भने उहाँले कति भन्नुहुन्छ तिरेर काम गराउनुस् । अनावश्यक बहस, तर्क केही नगर्नुहोला । लरतरो महिला होइन उहाँ, युवा महिलाको अध्यक्ष हो र त्योभन्दा ठूलो कुरा अध्यक्षज्यूको सालीको छोरी हो । पचास सम्ममा मिल्नसक्छ ।

(सह-सचिव र ड्राइभर मम कर्नरतिर बढ्छन् ।)

(त्यसै बेला रंगमञ्चमा केही प्रदर्शनकारीहरूको प्रवेश । उनीहरूको हातमा प्लेकार्ड हुन्छ जसमा "भ्रष्टाचारीहरूलाई कीरा परोस्" लेखिएको हुन्छ । उनीहरूले लगाएको टिसर्टमा पनि त्यस्तै स्लोगन लेखिएको हुन्छ । उनीहरू मंचको एक फेरो लगाएर निस्कन्छन् ।)

(सह-सचिव र ड्राइभर मम कर्नरकी म्याडमसँग वार्तालाप गरेको देखिन्छ र ब्रिफकेशको आदानप्रदान हुन्छ । त्यस्तै धोतीकुर्ता र बाबूसाहेबको जमात् पनि सबैतिर घुमेर फाइनल डिलको लागि बनारसी पानपसलेमा पुगेर पान खाँदै ब्रिफकेश दिएको देखिन्छ । कवि त्यसै त्यसै सबैतिर नियाल्दै भौंतारिरहेको हुन्छ । एक पटक प्रतीकात्मक रूपमा उ पनि आफ्नो पर्स खोलेर हेर्छ र ओठ लेपार्छ । )

(सह-सचिव र धोतीकुर्ताको जमात प्रसन्न मुद्रामा मंच वरिपरि घुम्छन् र निस्किने तरखर गर्न थाल्छन् । त्यही बेला अखवारको बिटो काखीमुनि च्याप्दै एउटा हकरको मंचमा चिच्याउँदै प्रवेश ।)

हकर–(जोडजोडले चिच्याउँदै) साँझको ताजा खबर ! इभनिङ ब्लास्टको ताजा खबर ! प्रधानमन्त्री बर्खास्त । मुख्य सचिव आफूले तोकेको मान्छे नबनाएको झोंकमा अध्यक्षज्यूबाट प्रधानमन्त्री बद्लिने निर्णय । राष्ट्रपतिबाट प्रधानमन्त्री बरखास्त ! (हकर बारम्बार यही चिच्याइरहन्छ)

(रंगमञ्च यो समाचार सुनेर स्तब्ध हुन्छ, उज्यालो प्रकाश धमिलो भएर जान्छ र जो जहाँ छ त्यहीं फ्रिज हुन्छ ।)

पर्दा खस्छ ।

**चावहिल, शान्तिगोरेटो, काठमाण्डौं**
**९८४९३७४८०४ ।**
**moonpoudel@gmail.com**

≋

# मुकुण्डोभित्रको मन

**केशव सिग्देल**

*सबथोक नाटक हो । वस्तीका धेरैजसो मान्छेहरू मुकुण्डो लगाउँछन् । सायद आज कुनै उत्सव हुँदैछ गाउँमा । मान्छेहरू मुकुण्डो किन्न लाम लागिरहेका छन् नजिकैको हाट बजारमा । घरेलु मुकुन्डाहरू छन्, बजारिया मुकुण्डाहरू छन्। मुकुण्डैपिच्छेका फरक भाउहरू छन् । क्रेताको मनमा उब्जाउन सक्ने भय र त्रासको घनत्वको आधारमा मुकुण्डोको भाउ अक्कासिँदै जाँदो रहेछ । स्वयम् मुकुण्डो लगाएर मुकुण्डोकै व्यापार गर्नेहरूको मनभित्र के छ, वस्तीमा कसैले जानेको छैन ।*

मुकुण्डोधारी १ : (वरिपरि सबैजनाको ध्यान आकृष्ट गर्ने शैलीमा) म मुकुण्डोको अविच्छिन्न इतिहासको प्रतिनिधित्व गर्छु । मेरो आफ्नै इतिहास थियो, तर त्यो विगत आज पुनरावृत्त हुने अवस्था छैन । आज मुकुण्डोको मनले गालिएर इतिहासको शालिक बनेर बाँचिरहेछु । (अलिकपर नकाब नलगाएका मान्छेहरू छन् । बहुसंख्यक मान्छेहरू ती अल्पसंख्यकप्रति चनाखो हुँदै अचम्मको भावमा हेरिरहेछन्, र आश्चर्य प्रकट गरिरहेछन् । मुकुन्डो नलगाइकनै उनीहरू कस्तो नाटक गर्लान् भनेर अप्रकट चिन्ता त्यसमा मिसिएको प्रतीत हुन्छ । तर यो मुकुण्डो बाहिरको मन हो । मुकुण्डोभित्रको मन वस्तीमा अझ कसैले जानेको छैन ।)

गैरमुकुण्डोधारी १: (चिन्ता हो या व्यग्रताको भावमा) मुकुण्डोको इतिहास? मुकुण्डो हुनु जीवन हुनुको भाव होइन । मुकुण्डो बाहिरको याचना वास्तवमा भित्रको मनसँग कुनै तादात्म्यता नराख्न सक्छ । मुकुण्डोको कुनै इतिहास छैन । मुकुण्डो स्वयम् निर्माण प्रक्रियाको बिम्ब हो । जहिलेसम्म मुकुण्डोले दर्शकहरूलाई भयभीत र त्रसित तुल्याइरहन सक्छ, त्यो निर्माणको प्रक्रियामा सक्षम सावित भएको मानिन्छ र दर्शकहरू त्यो मुकुण्डोसँग अभ्यस्त हुँदै जाँदा क्रमशः मुकुण्डोको भय उत्पन्न गर्ने क्षमतामा ह्रास हुँदै जान्छ । र विनिर्माणको प्रक्रियामा त्यही मुकुण्डो अक्षम हुन्छ । खोइ कहाँ नेर छ मुकुण्डोको इतिहास?
(सबैतिर खासखुस भएको सुनिन्छ ।)

गैरमुकुण्डोधारी २ : मुकुण्डो लगाएर बाँचेकाहरूको संसार भत्काउन नखोज । म बाजी ठोकेर भन्न सक्छु, तिमी स्वयम् पनि त्यही मुकुण्डोको खोजीमा थियौ । पुराना मुकुण्डाहरू, त्यसको कुनै अर्थ भएन । घरेलु मुकुण्डाहरू शहरिया मुकुण्डाका तुलनामा आकर्षक एवं त्रासपूर्ण हुन सकेनन् । र शहरिया मुकुण्डो किन्न सक्ने तिम्रो औकात भएन । त्यसैले तिमी मुकुण्डो बिनानै वस्तीभरि डुलिरहेका

छौ । तिमीलाई थाहा छ, आजकाल मुकुण्डो लगाउनेहरू मुकुण्डो नलगाउनेहरूसँग सशंकित हुन्छन्, डराउँछन् । तिमी अब मुकुण्डो बिनाको नव मुकुण्डोधारी बनेका छौ । वस्तीलाई तिमीले तिम्रो ठूल्ठुलो आवाज सुनाएर के भयो, मनभरि त तिमी मुकुण्डो नै बनाइरहेका छौ ।

गैरमुकुण्डोधारी १ : (आक्रोशित देखिन्छ तर पनि शालीनतापूर्वक जवाफ दिन्छ ।) एउटा गैरमुकुण्डोधारीले अर्को गैरमुकुण्डोधारीको खोइरो खन्नु वर्गीयहितका दृष्टिले उपयुक्त कुरा होइन । हाम्रो लडाई मुकुण्डोधारीसँगको हो भन्ने देखाउन जरुरी छ । तपाईंका अभिव्यक्तिहरूले इतिहासको संक्रमणलाई रोक्ने पनि होइन । मुकुण्डोधारीहरूसँगको युद्धले हामीलाई नयाँ मुकुण्डाहरू प्राप्त हुन पनि सक्छन् । त्यसैले हामी अब उप्रान्त यो घोषणा गर्छौं– मुकुण्डोधारीहरूप्रति हाम्रो विरोध रहेपनि मुकुण्डोप्रतिको हाम्रो आस्था घटेको छैन । किनकि  मुकुण्डोबिना नाटक न कहिले सम्भव भएको थियो, न कहिले हुनेछ । नाटकका पात्रहरूले यसलाई हार्दिकतापूर्वक ग्रहण गर्नु बाहेकको कुनै विकल्प छैन ।

मुकुण्डोधारी १ : इतिहास जित्नेहरूले स्वच्छन्दतापूर्वक हाँक्न सक्ने घोडा हो । र प्रत्येक चोटि यहाँ मुकुण्डाहरू नै विजयी भएका छन् । तिमी राष्ट्रियताको मुकुण्डो लगाऊ, लोकतन्त्रको मुकुण्डो लगाऊ, जनवादको मुकुण्डो लगाऊ, र विजयको लाममा लाग । इतिहास तिमीलाई सवार गराउन तयार छ । तर फरक पार्ने कुरा तिम्रो छनौट हो । तिम्रो छनौटका मुकुण्डाहरू आकर्षक र त्रासदपूर्ण हुन सके सकेनन्, त्यसले नै तिम्रो पालो निर्धारण गर्दछ । म मुकुण्डोको अजेय तागत पढ्न खोजिरहेछु ।

मुकुण्डोधारी २ : (अकस्मात् गर्जिएको आकाश जस्तो) महाशय, अतिशयोक्तिपूर्ण सरसताले मानिसहरूलाई दिग्भ्रमित तुल्याएको छ । मुकुण्डाहरूमा यसरी तागत कहाँबाट सञ्चार हुन्छ भनि तपाईंले कहिल्यै सोच्न भ्याउनुभयो ? जीवनभरि मुकुण्डो लगाएर पनि मुकुण्डो लगाउनुको गहनता कहिल्यै अनुभव हुन पाएन मलाई । कमजोरहरूमाथि सामर्थ्यवानहरूले शासन गरेको विगत, वर्तमान र आगतमा तात्विक भेद कहिल्यै हुने छैन । मुकुण्डाहरू त्रासदीको प्रतीक बनेर किन उभिरहेछन् जबकि एउटा मुकुण्डोसँग अर्को मुकुण्डो डराएको घटना कतै सुनिएको छैन । डराउँछन् त केवल मुकुण्डोभित्रका मनहरू । त्यसैले त्रासदीको स्रोत मुकुण्डो होइन, मन नै हो । के तिमी मुकुण्डोसँग आजित भएका छौ ?

मुकुण्डोधारी १ : यो त कुनै प्रश्नै भएन । मुकुण्डो लगाउँदा लगाउँदै म आफैं मुकुण्डो भएको छु । म नै मुकुण्डो हो, मुकुण्डो नै म हो । म कहिल्यै पनि मुकुण्डो खोलेर हिंडने कल्पना गर्न सक्दिन । किनकि मेरो परिचय, मेरो सम्पूर्ण अस्तित्व यसैमा निर्भर गर्छ ।

(झट्ट केही सम्झना भए जसरी) तर तपाईंलाई कुनै भ्रम नरहोस्, मुकुण्डोको मुकुण्डोसँग कहिल्यै लडाईं भएको छैन । हो प्रत्येक युद्धको नायकत्व मुकुण्डोले नै ग्रहण गरिरहेका छन् । तर मुकुण्डोले तपसीलका बाँकी मुकुण्डोमाथि कुनै राग वा द्वेष राखेका छैनन् । उनीहरू उद्यत छन् त केवल मुकुण्डाभित्रका मनहरूमाथि एकछत्र शासन गर्न खोजिरहेछन् । त्यसैले जुनसुकै रङ र आकारका मुकुण्डाहरूको ध्येय एउटै हो, उद्देश्य एउटै हो– कमला मनहरूलाई तर्साउने ।

गैरमुकुण्डोधारी १ : (असामन्जस्यताको स्थिति देखिन्छ) अब थाहा भो, इतिहासको संक्रमणको बेला कथित इतिहासहरू कसरी पाप्रै पाप्रा भएर उप्किँदै जाँदा रहेछन् । इतिहास भनेको पराधीन जगतलाई सेतो कागजमा ल्याप्चे ठोकाएर मुकुण्डाहरूले कोरेको भ्रमको खेती रहेछ ।

(एक्लै) स्वयम् मुकुण्डोधारीहरू मुकुण्डोको भूमिकाप्रति सन्तुष्ट छैनन् । यसको अर्थ यही हुन्छ कि मुकुण्डो लगाउनेहरू आफ्नो इच्छा भन्दा पनि बाध्यतामा मुकुण्डो लगाउँछन् र बुख्याँचा बनेर अरुलाई तर्साइरहन्छन् ।

गैरमुकुण्डोधारी २: गैरमुकुण्डोधारी महोदय, होसियार ! तपाईं कति छिट्टै मुकुण्डोधारीका प्रति सहानुभूति राख्ने हुनुभयो? मुकुण्डो लगाउनु आफैंमा नाटक हो । र तपाईंलाई आफूहरूप्रति आकर्षित एवं विश्वस्त बनाउनु नाटककर्मीको धर्म र सफलता दुवै हो । मलाई शंका छ, तपाईं मुकुण्डो नलगाइकनै मतियार बनिरहनुभएको छ ।

वातावरणमा अलिक तनाव थपिन्छ । पार्श्व स्वरमा केही नाराहाहरू लागेको सुनिन्छ । मुकुण्डाहरू– मुर्दावाद ! मुकुण्डाका मतियारहरू– मुर्दावाद ! मुर्दावाद ! विस्तारै एउटा भीड सामुन्नेमा देखिन्छ । गैरमुकुण्डाधारी र मुकुण्डाधारी दुवै छन् । गैरमुकुण्डाधारी झन् सशंकित छन् र मलिनो स्वरमा मुर्दावाद भनिरहेका छन् । मुकुण्डोधारीहरूले सेतो कपडाले मुकुण्डो छोपेका छन् र ठूल्ठुला स्वरमा नारा लगाइरहेका छन् ।

मुकुण्डाहरू– मुर्दावाद! मुकुण्डाका मतियारहरू– मुर्दावाद! मुर्दावाद! फेरि एकाएक हूल आफ्नो बाटो लाग्छ र खाली स्थानमा सूत्रधारको प्रवेश हुन्छ ।

सूत्राधार : आदरणीय दर्शक महानुभावहरू ! म सूत्रधार हुँ । हामी 'मुकुण्डोभित्रको मन' भन्ने नाटकको अन्तिम रिहर्सल गरिरहेका छौं । तर हामीलाई खेद छ कि हामीले नाटकको तयारी पूरा गर्न सकेनौं । किनकि हामीले गर्न खोजेको नाटक अब नाटक जस्तो रहेन । मान्छेहरू यो वास्तविक जीवनसँग पूरै मेल खान गयो भनेर गुनासो गरिरहेका छन् । हामीलाई यसर्थ निकै समस्या परिरहेको छ । नाटकमा प्रयोग गरिने मुकुण्डाहरू वास्तविक

जीवनमा पनि प्रयोग भइरहेकाले निर्देशक, कलाकारहरू झुक्किएका छन् । नाटक र जीवनबीच भेद खुट्याउन सकिएको छैन । हामी यो नाटक सम्पन्न गर्न निरन्तर जुटिरहेका छौं । तपाईंहरूको धैर्यताको लागि धन्यवाद ।

(होहल्ला बढ्छ । मानिसहरू क्रुद्ध भएजस्ता देखिन्छन् र के गर्ने नगर्नेको किंकर्तव्यविमूढताको स्थितिमा वातावरण शान्त हुन्छ । केही क्षणमै भीडबाट वातावरणको स्तब्धतालाई चिर्दै विरोधको स्वरमा एक जना मानिस बोल्न थाल्छ ।)

दर्शक १ : सूत्रधार महोदय, तपाईंको कुरा हामीलाई मान्य छैन । तपाईं कसरी हाम्रो भूमिकालाई एकाएक गौण बनाउन सक्नुहुन्छ? हामीले कहिल्यै पनि रमिते दर्शकको रूपमा आफूहरूलाई स्वीकार गर्न सक्दैनौं । चलचित्रका पर्दामा देखिने दर्शकहरू पनि स्वयम्मा कलाकार हुन्छन् भने हामी त झन् जीवन्त अभिनय गरिरहेका छौं । हामीले धारण गरेको दर्शक–मुकुण्डो को के साँच्चै अर्थ नभएको हो? नाटक मञ्चनका क्रममा हामीले बजाएका तालीहरूको हिसाब खोइ ? पुराना मुकुण्डाहरूप्रति गरेको उपहासको उत्तर खोइ? अभिनेता/अभिनेतृहरू खलपात्रहरूद्वारा प्रताडित हुँदा हामीले बगाएको आँसुको मूल्य खोई? सुन्दर सपनाहरू बाँड्दै गर्दा हामीले पुलकित भइदिएको क्षणका लागि कृतज्ञता खोइ?

(सूत्रधार त्यहाँ देखिँदैनन् । दर्शक दीर्घाका सबैजना अवाक् छन् र स्थितिको गाम्भीर्यलाई बुझ्न खोजिरहेछन् । अहिले सबैजनाले मुकुण्डो खोलेर हातहातमा लिएका छन् ।)

मुकुण्डोधारी १ : साथीहरू, पर्खनुहोस्! सर्वप्रथम म तपाईंहरूसँग मुकुण्डो लगाएरै बोल्ने अनुमति लिन्छु किनकि मुकुण्डो नलगाइकन बोल्नुको कुनै अर्थ छैन । मुकुण्डोको शासनभित्र मुकुण्डो लगाएर बाँच्नुको राहत बेग्लै हुन्छ । यी सूत्रधार स्वयम् पनि मुकुण्डोधारी नै हुन् । पर्दाबाहिर यिनीहरू अरु मुकुण्डाहरूलाई सूत्रमा बाँध्न खोज्छन् । तर पर्दाभित्र यिनीहरू स्वयम्लाई अरुले निर्देशित गरिरहेको हुन्छ । तपाईंहरूले मुकुण्डो उतार्नुको प्रयोजन विरोध गर्नुको हदसम्म ठीक हुन सक्ला । तर त्यो मुकुण्डो तपाईंको हातबाट उम्क्यो भने तपाईं इतिहासको निर्घात सजाय भोगिरहनुहुने छ । किनकि मुकुण्डो नलगाइकन बाँच्नुको पीडा तपाईं छिचोलेरै सक्नुहुन्न । मुकुण्डोमा अन्तर्निहित शक्तिका कारण मात्र उनीहरू तपाईंप्रति श्रद्धाभाव देखाएको भान गरिरहेकाछन् ।

दर्शक २ : (अरु पनि सँगै मिसिएर बोल्छन्) त्यसो हो भने हामी अब न मुकुण्डो लगाउँछौं, न हाम्रो हातबाट उम्कन दिन्छौं । मुकुण्डो हातमा लिएर शक्ति देखाइरहनु र विरोध जनाइरहनुको दोहोरो भूमिकालाई हामीले इतिहासको यो कालखण्डमा महत्वपूर्ण र लाभकारी देखिरहेका छौं ।

मुकुण्डोधारी २ : (मुकुण्डोधारी १ नजिक गएर) सम्भवतः यस विषयमा मैले पनि केही बोल्नु उपयुक्त हुन्छ । मुकुण्डोधारीहरूको वर्गचरित्र एउटै हुन्छ भन्ने आरोप नलागोस् । हामी मुकुण्डोबाट पीडित तर मुकुण्डोविना बाँच्न नसक्ने इतिहासका अभिशप्त पात्र हौं । त्यसैले मैले बोलेका कुराहरूले सधैँ मुकुण्डोको प्रतिनिधित्व गर्छ भन्ने सोच्नु एउटा गम्भीर भूल हो । मैले बुझेको के हो भने समयको कुनै चेष्टा हुँदैन । समयको व्यूहमा सुपात्रहरू अभिमन्यूको नियति भोगिरहेका उदाहरणहरू पनि छन्, र खलपात्रहरू स्वस्थानी कथाका नवराज भएका दृष्टान्तहरू पनि छन् । तर समय जस्तो हात्ती भने चेष्टारहित हुँदैन । यो समयमा नवराज छान्ने हात्तीको आफ्नै अभीष्ट छ ।

दर्शक २ : हात्तीहरूलाई नवराज छान्ने भूमिका कसले दियो?

मुकुण्डोधारी २ : यो त सबै परम्पराबाट ग्रहण गरिएका विधिहरू हुन् । यहाँ अझै हात्तीको सरल परिभाषा भेटिएको छैन । के गुणले हात्तीहरूलाई नवराज छान्ने अवसर प्राप्त हुन्छ भन्ने पनि कसैलाई थाहा छैन । स्वस्थानीको युगमा हात्तीभित्र ईश्वरको चैतन्य हुन्थ्यो । नित्सेले ईश्वरको अन्त्यको घोषणा गरे । त्यसपछिको पशुवत युगमा माहुतेको खटनपटनमा हात्ती चल्थ्यो । अहिले त्यसको रोबोटीकरण गरिएको छ । कम्प्युटर चिप्स जोडिएका रोबोट हात्तीहरू अहिले अदृश्य अपरेटरबाट सञ्चालित भएर नयाँ नवराजहरू छानिरहेका हुन्छन् । हात्तीको पहिचान र परिभाषा अझ पनि अस्पष्ट छ ।

दर्शक १ : त्यसो भए समय र हात्तीको मुकुण्डोसँग के सम्बन्ध छ त?

मुकुण्डोधारी २ : (आफ्नो कुराले अरुमा प्रभाव छोड्न सकेको अनुभव गर्दै प्रसन्न हुन्छ ।) म यही कुरा भन्न खोजिरहेथें । समयको चेष्टा हुँदैन तर पनि सकारण/अकारण पात्रहरू पुरस्कृत र दण्डित हुने चक्र निरन्तर चलिरहेको हुन्छ । मुकुण्डोको आफैंमा कुनै चेष्टा हुँदैन । मुकुण्डो लगाएर समय त्रासद बनेकाहरू अहिले धर्तीमा शासन गरिरहेकाछन्, हामी भने मुकुण्डो लगाएर पनि केवल समयको प्रताडना खेपिरहेछौं, अकारण । तर मुकुण्डोभित्रको मन चेष्टारहित हुँदैन । हात्तीको जस्तो ती मनहरूको अभीष्ट हुन्छ, र त्यही अभीष्ट पूरा गर्न मुकुण्डोहरूलाई थप त्रासदपूर्ण बनाउने उद्योगमा जुटेका हुन्छन् उनीहरू ।

दर्शक २ : त्यसो भए?

मुकुण्डोधारी २ : मुकुण्डोको चेष्टा हुँदैन र पनि यो शक्तिको द्योतक हो । प्रयोजनहीनता शक्ति हुनुको भाव होइन । मुकुण्डाहरूलाई प्रयोजनहीन तुल्याइरहनु बुद्धिमानी होइन । तपाईंहरू या त्यसलाई अनुकूलता मिलाएर धारण गर्नुहोस्, होइन भने मुकुण्डाहरूको विसर्जन गरेर गैरमुकुण्डोधारी भएर बाँच्नुको भवितव्यका लागि तयार हुनुहोस् ।

(अहिलेसम्म कसैले मुकुण्डो फ्याँक्ने हिम्मत गरेका छैनन् । मुकुण्डो लगाउँ वा के गरुँको भावमा सबैजना अलमलिँदै एक अर्कातिर हेरिरहेका छन् ।)

गैरमुकुण्डोधारी २: मुकुण्डोहरूको खेल निमित्त नाटक अथवा नाटकको रिहर्सल होइन । यो आफैंमा 'ग्रयाण्ड फाइनल' हो । तर यही हाम्रो दुर्भाग्य रह्यो कि खेलाडीहरू प्रारम्भिक चरणका खेलहरू नखेलिकनै फाइनलमा उत्रिन्छन् । कुन टिम र कुन खेलाडीले कहिले 'बाइ' पाउँछ र निर्णायक खेलिरहेकाहरूलाई चुनौती दिन्छ भनेर ठम्याउन अथवा अनुमान गर्न गाह्रो छ । केही मुकुण्डोधारीहरू खेल समयमा गरेको 'फाउल'का लागि पेनाल्टी भोगिरहेका छन् । गोलपोष्टमा गोलकिपरलाई बस्न अनुमति छैन । र रेफ्री स्वयम् त्यो गोल हान्न आतुर भएर पेनाल्टी एरियातिर हुर्रिएको छ । अङ्क थपिने पक्षका खेलाडीहरू मौन वा अव्यक्त सहमति जनाइरहेका छन् र हार्ने पक्षले त्यसको प्रतिवाद गरिरहेको छ । तर यो खेल फेरि रद्द हुन्छ वा ड्रमा टुङ्गिन्छ भन्न सकिन्न किनकि निर्णायक खेलहरूको नतिजा त्यति सजिलै आएको इतिहास छैन । रोमाञ्चकताका दृष्टिले पनि त्यो निर्णायक समय लम्बिनु पर्छ नै ।

गैरमुकुण्डोधारी १: मुकुण्डो लगाएर खेल्ने खेल अर्कै हो । तपाईं सम्भवतः फुटबल खेलको कुरा गरिरहनुभएको छ जसमा खेलाडीहरू जर्सी लगाएर खेल्छन् । जर्सी लगाउनेहरूको अनुहार उदाङ्गो हुन्छ । जर्सी लाउनु मुकुण्डो लगाउनु होइन । जर्सी लगाउनेहरूको एउटै खेल निर्णायक हुन्छ र पदक वा तक्माको छिनोफानो हुन्छ । तर मुकुण्डो लगाउनेहरूको सबै खेल निर्णायक जस्ता देखिएपनि तक्माको छिनोफानो हुँदैन । त्यहाँ विजयी हुनेहरू एकाथरी र तक्मा भिर्नेहरू अर्कैथरी हुन पनि सक्छन् ।

(यत्तिकैमा एक अपरिचित मान्छे प्रश्न तेर्स्याउन खोज्छ । वास्तवमा दुईजना अपरिचित मानिसहरू केही अगाडिदेखि नै गैरमुकुण्डोधारीहरूको सम्वाद सुनिरहेका हुन्छन् ।)

अपरिचित १ : तर मानिसको अनुहार आफैंमा एउटा मुकुण्डो होइन र? के हामीले मानिसका मनमा भएका भावहरू कहिल्यै उसको अनुहारमा पढ्न सक्यौं ? मुखमा रामराम जपेर हिँड्नेहरूको मनभरि कति पाप भरिएको हुन्छ भन्ने कुरा अब कसैलाई बताइरहनु पर्ला र? मलाई लाग्छ बाहिरी मुकुण्डो नलगाउनेहरूसँगबाट हामीलाई बढी डर छ ।

गैरमुकुण्डोधारी २: तिमीहरू को हौ ? र किन यसरी मुकुण्डोको पक्षमा वकालत गरिरहेछौ?

अपरिचित २ : हामीहरूको कुनै परिचय छैन । हामी अपरिचितहरू हौं र हाम्रो परिचय यही हो ।

तिमीहरू व्यर्थको युद्ध लडिरहेछौ । मुकुण्डो र गैरमुकुण्डोमा अब कुनै भेद छैन । जसका निम्ति मुकुण्डो अब परिचय बनेको छ,

उसका निम्ति त्यो मुकुण्डो मुकुण्डो होइन, अनुहार हो । र जसको अनुहारमा तिमी उसको मन पढ्न सक्दैनौ, त्यो अनुहार अनुहार होइन, त्यो मुकुण्डो हो । अब कहाँ रहे मुकुण्डाहरू ? कहाँ रहे गैर मुकुण्डा अनुहारहरू?

अपरिचित १ : हामीसँग कुनै मुकुण्डाहरू छैनन् र अनुहारबाट हाम्रो मन पढ्न पनि सकिरहेका छैनौ तिमीहरू । यो बाहिरी मुकुण्डो नहुनुले हाम्रो परिचय हराएको छ अथवा अनुहार आफैं मुकुण्डो बन्नुले हामी परिचयहीन भएका छौं । त्यसैले हामी कुनै परिचयदायक मुकुण्डाहरू खोजिरहेछौं । भेटिन्छ भने त हामी त्यो निर्मलता खोजिरहेछौं, त्यो निष्कपटता खोजिरहेछौं जहाँ अनुहारमा परिचय स्पष्ट झल्कन सकोस् । परिचयविहीन भएर कतिन्जेल रहने? हामी यो सङ्कटबाट मुक्ति चाहन्छौं ।

(मुकुण्डोधारी १ को प्रवेश)

मुकुण्डोधारी १ : म त केवल मुकुण्डोको कुनै खास इतिहास हुँदैन भनिरहेथेँ । जसले जे स्वार्थको निम्ति त्यसको प्रयोग गर्छ त्यसको इतिहास त्यसरी नै बनिन्छ र समयचक्रमा त्यो भत्किँदै पुरानै स्वरूपमा आउँछ । इतिहासको पनि आफ्नो इतिहास हुन्छ तर मुकुण्डाहरूको इतिहास भन्नु त भविष्य मात्र हो । मलाई शंका लागिरहेछ कि यहाँ कुनै पक्ष मुकुण्डा र गैरमुकुण्डाहरूकोबीचमा खेलिरहेको छ । यहाँ कतै हामीलाई लडाउने षडयन्त्र भएको छ । यी अपरिचितहरू शंकास्पद व्यवहार गरिरहेछन् ।

मुकुण्डोधारी २ : शंकास्पद..........?

मुकुण्डोधारी १ : हो, शंकास्पद । मान्छेहरू यति झट्ट स्पष्ट कुरा गर्दैनन् । मुकुण्डो बाहिर सुनिएका कुराहरू मुकुण्डोभित्रको मनसँग मिल्दै मिल्दैन । भित्र जलन हुन्छ र पनि हाँसेको अभिनय गर्छ । मान्छे हाडैदेखि हाँस्छ र पनि विलौना गरेको नाटक गर्छ । सबै अरुका निम्ति, देखाउनका निम्ति । हो तिनै हुन् मान्छेहरू । गाउँ भरिएको छ मान्छेहरूले, शहर पनि भरिएको छ । यी अस्वाभाविक र शंकास्पद चरित्रहरू कसरी मान्छेको नियन्त्रण क्षेत्रभित्र आइपुगे ?

अपरिचित १ : (त्रास छ, चिन्ता छ र अनुनयको भावमा बोल्छ) हामीलाई अमान्छे रहिरहने कुनै रहर बाँकी छैन । हामी मुकुण्डो लगाउन चाहन्छौं । हो, हाम्रो युगीन लामो इतिहास छ, संघर्षमय जीवनका स्वर्णिम गाथाहरू छन् । तर यो हाम्रो अनुनय हो–ती सबै इतिहास बन्धक राख्नुपर्छ भने पनि हाम्रो मञ्जुरी छ । हामीलाई मान्छे बन्नबाट नरोकियोस्, मुकुण्डो लगाउनबाट वञ्चित नगराइयोस् ।

अपरिचित २ : (लगातार याचना गर्दै) र मुकुण्डो सम्भव छैन भने के हामीलाई शान्तिका पक्षमा केही सम्वादहरू बोल्न सहयोग गर्न सक्छौ?

गैरमुकुण्डोधारी १: अचानक तिमीहरू बेप्रसङ्गको कुरा गरिरहेछौ । सक्न त हामी शान्तिका लागि सयौं प्रार्थनासभाहरू चलाउन सक्छौं । शान्तिका

प्रतीक मुकुण्डाहरू बनाउन सक्छौं । शान्तिका पक्षमा फेरि अर्को युद्धको उद्घोष गर्न सक्छौं । हामी जे पनि गर्न सक्छौं । तर तिमीहरू हामीसँग लगातार यस्तो माग किन गरिरहेछौ ?

(एकाएक सूत्रधारको प्रवेश हुन्छ । र आक्रोशित मुद्रामा कुनै निर्णय सुनाएजसरी बोल्न थाल्छ ।)

सूत्रधार : तपाईंहरूको सम्वाद बन्द गर्नुहोस् । म आजित भइसकेँ । यी अपरिचितहरू अरु कोही होइनन् । भोकाएका मान्छेहरू हुन्, खान चाहन्छन् । नाङ्गा मान्छेहरू हुन्, लगाउन चाहन्छन् । अनिदा मान्छेहरू हुन्, सुत्न चाहन्छन् । शान्तिका लागि कुनै प्रार्थना सभा गर्ने कुरा नाटकका सम्बादहरू हुन् । तर यी अपरिचित मान्छे भने कलाकार होइनन् । त्यसैले यिनीहरूले भनेका कुरा नाटकका सम्बाद होइनन् । यिनीहरूले खोजेको शान्ति एक टुक्रा रोटीमा पनि भेटिन्छ, एकसरो लुगामा पनि भेटिन्छ, एक घडी निद्रामा पनि भेटिन्छ । हामी प्रार्थना सभा गर्न सक्छौं । तर दुर्भाग्य उनीहरूका लागि खानेकुरा खरीद गर्न सक्दैनौं । नाटक मञ्चन गर्ने क्षेत्राधिकारभित्र त्यसो गर्ने अनुमति छैन । अहिलेलाई अब नाटक अगाडि बढाउने अवस्था रहेन । यहाँ नाटक जीवनमा मिसियो अथवा नाटक हुबहु जीवन जस्तो भयो । नाटक र जीवनबीच अन्तर हराएकाले निर्देशक र कलाकारहरूलाई पनि अलमल हुन गएको छ । त्यसैले 'मुकुण्डोभित्रको मन' नाटकको मञ्चन स्थगित गरिएको छ । यसबाट दर्शकमहानुभावहरूमा पर्न गएको असुविधा प्रति क्षमा प्रार्थी छौं ।

*पर्दा खस्छ ।*

*बबरमहल, काठमाण्डु*
***keshab.sigdel@gmail.com***

≋

कविता उल्लासमा शुरु हुन्छ र बुद्धिमा अन्त हुन्छ भन्ने भनाइ कविको निम्ति पनि त्यत्तिकै लागू हुन्छ । भाषाको माध्यमबाट केही कुरा सकेसम्म राम्ररी अभिव्यक्त गर्नकै निम्ति मानिसले कविता लेख्न प्रारम्भ गर्दछ ।

**– युगकवि सिद्धिचरण श्रेष्ठ**

**लेख-निबन्ध-समीक्षा**

# विद्वान स्रष्टा पण्डित टेकनाथ अधिकारी

**बालकृष्ण पोखरेल**

२०३९ सालतिरको कुरा हो । एकदिन ग्रोग्राहा मा.वि.का शिक्षक पण्डित तुलसीराम ढकाल र जनता मा.वि.का शिक्षक पं. टेकनाथ अधिकारी म कहाँ आउनु भयो । केही बेरको भलाकुसारी पछि उहाँहरूले आफूहरू आउनुको कारण दर्शाउँदै भन्नुभयो । "हामी दुवै शिक्षण पेशामा आबद्ध छौं । आसाम संस्कृत बोर्डबाट शास्त्री परीक्षा उत्तीर्ण गरी विराटनगरको विद्यालयमा शिक्षण पेशामा छौं । नेपालकै विश्वविद्यालयबाट कुनै एक विषयमा परीक्षा उत्तीर्ण गर्नुपर्ने सरकारी नियमका कारण हामी दुवैको जागिर धरापमा पर्ने भयो । त्यसैले नेपालीमा प्राइवेट परीक्षा दिएर भएपनि स्नातक गर्नुपर्नेभो । के थाहा नीति नियमहरू फेरबदल भइरहन्छन् । भोलि के हुने हो ? हामीले त संस्कृतका विद्यार्थी भएर पढेका हौं र शास्त्री परीक्षा उत्तीर्ण गरेका हौं । यस कार्यमा यहाँले सहयोग गर्नुपऱ्यो" अर्थात् ट्यूसन पढ्ने कुरा भयो । मैले भने "ठीक छ यसका लागि म सहयोग पुऱ्याउँला । उहाँहरू दुवै संस्कृतका विद्वान् भएकाले नेपाली विषयको अध्ययनमा केही गाह्रो पनि भएन । नभन्दै दुवै जनाले नेपाली विषयमा स्नातक परीक्षा उत्तीर्ण गर्नुभयो र जागिरको कुर्सी नहल्लिने गरी दह्रो बनाएर आफ्नो सेवामा निरन्तर लागिनै रहनुभयो । अहिले पनि पं. टेकनाथ अधिकारीलाई सम्झँदा विगतका यस्ता कैयौं प्रसङ्गहरू मेरो मानसपटलमा घुमिरहन्छन् ।

आजभन्दा ३५/३६ वर्ष पहिलेको एउटा प्रसङ्ग मेरो सम्झनामा ताजै छ । म अहिले बसोबास गरिरहेको विराटनगर १३ स्थित हालको यो मेरो घरको निर्माण कार्य पूर्ण भै सकेपछि गृह प्रवेशको मुहूर्त निकालियो । त्यस शुभ महूर्तमा वैदिक मन्त्रोच्चारणका साथ वास्तु पूजा सम्पन्न गरी मलाई गृह प्रवेश गराउने विद्वान् पं. टेकनाथ अधिकारी नै हुनुहुन्थ्यो । तर त्यसबेलासम्म हाम्रो साहित्यिक सङ्गत भने हुन पाएको थिएन त्यसपछि भने टेकनाथ गुरुसँग मेरो सम्पर्क निरन्तर रूपमा भैरह्यो ।

टेकनाथ अधिकारी अत्यन्त जिज्ञासु, सकारात्मक सोच विचार भएका र सामाजिक जीवनमा असाध्यै घुलमिल भएर बस्न सक्ने एक राष्ट्रप्रेमी, सचेत र आदर्श नागरिक हुनुहुन्थ्यो । विगत ३०/३५ वर्ष अगाडि देखि नै मैले चिन्दै र बुझ्दै आएका टेकनाथ अधिकारी वैष्णव सम्प्रदायका अनुयायी भए पनि साम्प्रदायिकताको लक्ष्मण रेखाभित्र उभिएर अन्य सम्प्रदाय र अन्य धर्मलाई हेय दृष्टिले हेर्ने काम उहाँले कहिल्यै गर्नुभएन । सबै व्यक्ति, जात, धर्म, संस्कृति र सम्प्रदायप्रति उहाँको समान दृष्टिकोण र समभाव थियो । उहाँको जीवनको यो एक प्रशंसनीय पक्ष हो ।

आफ्नै घरमा श्रीमती निम्वार्क सम्प्रदायकी र आफू रामानुज सम्प्रदायको भएपनि कुनै मतभेद रहित रूपमा दम्पती सँगै बसेर प्रातः सन्ध्या, भगवानको सेवा पूजा आरती गर्दै गृहस्थी जीवन यापन गरिरहनुभएको थियो । आजीवन कसैको निन्दा र आलोचनामा एकरति समय एवं शब्द समेत नखर्चेका टेकनाथ अधिकारी अग्रजहरूको आदर्श सम्हाल्ने, समकक्षीमा आत्मीयता र आफूपछिका पुस्तालाई नित्य माया प्रेम र हौसला

प्रदान गर्न कहिल्यै चुक्नु भएन । आफू निरामिष भए पनि सामिष भोजन गर्नेहरूलाई मान्छे नै हैनन् भैं गरी घरमै छिर्न नदिने, बोल्नै हुँदैन भैं गर्ने जस्ता तुच्छ विचार उहाँमा कहिल्यै देखिएन । म उहाँको घरमा गएको छु, बसेको छु, खाएको छु । उहाँको यो महान् व्यवहारलाई म अहिलेसम्म पनि हार्दिकताका साथ कदर गर्दछु ।

साहित्य साधनामै उहाँ जीवनका सुखानुभूति प्राप्त गर्ने गर्नुहुन्थ्यो । १९ वर्षकै उमेरदेखि साहित्य साधनामा समाहित स्रष्टा टेकनाथ अधिकारीले जीवनको उत्तरांश नेपाली साहित्य सेवामा निरन्तर रूपमा समर्पित गर्नुभयो । स्वस्फूर्त रूपमा प्रवाहित भएको उहाँको सिर्जनाभित्र जीवन दर्शन, वियोग र अध्यात्मचिन्तन भेटिन्छ । उहाँको प्रतिभालाई धेरै विद्वानहरूले विभिन्न समयमा उजागर गरेकै छन् । शिक्षाको महत्वलाई राम्रैसँग बुझ्नुभएका टेकनाथ अधिकारी वैवाहिक जीवनमा बाँधिएर पनि आफूमा जागृत शिक्षाको भोक मेटाउन कैले स्वदेश, कैले विभिन्न शिक्षालय त कैले बनारस र कैले आसाम पुगिरहनुभयो । आसाम प्रवेश पछि भने दस बाह्र वर्षसम्म त्यतै विभिन्न धार्मिक अनुष्ठान र शिक्षासेवा गरेर रहनु भयो ।

हुन त आसामले उहाँलाई शास्त्री उपाधि प्रदान गर्दा गोल्ड मेडल समेत प्रदान गरेको छ । तर त्यो विद्वत्ता र सृजनशीलता युवा अवस्थाको जाँगर छँदैं नेपाली माटोसँगै साक्षत्कार हुनपाएको भए नेपाली साहित्यले उहाँबाट अझै उत्कृष्ट साहित्यिक कृतिहरू प्राप्त गर्ने थियो र निस्सन्देह उहाँको साहित्यिक व्यक्तित्वले अझै थप उचाई प्राप्त गर्ने थियो ।

"विद्वान् सर्वत्र पूज्यते" उहाँ आसाममा रहँदा अत्यन्त आदर सम्मानका साथ रहे पनि स्थानीय व्यक्तिले अन्य नेपालीलाई हेर्ने दृष्टिकोण र गर्ने व्यवहारले उहाँलाई सधैं चोट पुऱ्याइरह्यो । त्यसैले उहाँ भित्रको राष्ट्रप्रेमको भावनाले संधै दुखेको अनुभव गरिरह्यो र अन्ततः "जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसि" भन्ने वाक्यलाई आदर्श मानेर त्यहाँको सारा मान मर्यादा र वैभवलाई चटक्क छोडेर मातृभूमि फर्कनु भयो । जुन कुरा उहाँले आफ्नै जीवनवृत्त नामक कृतिमा विभिन्न श्लोक मार्फत् पनि व्यक्त गर्नुभएको छ । मसँगको भेटघाट र कुराकानीमा समेत उहाँले यो कुरा बताउनुभएको थियो ।

आसामबाट टेकनाथ गुरु नेपाल फर्केपछि भने उहाँको सान्निध्य यस विराटनगरको माटोले प्राप्त गऱ्यो । शिक्षा सेवामा जीवनको ३५ वर्ष खर्चेर जनता नमूना माध्यमिक विद्यालय विराटनगरबाट उहाँ सेवा निवृत्त भएपछि आफ्नै जीवनयात्राको चित्र कोर्दै "जीवनवृत्त" नामक कृति मार्फत् सिर्जनाको मार्गमा फर्कनुभयो र लामा लामा फड्का हाल्न थाल्नुभयो । त्यसपछि अन्तर्नाद (शोक काव्य), विराट महिमा, रामनाम महिमा र राष्ट्रवन्दना जस्ता महत्वपूर्ण कृतिहरू टेकनाथ अधिकारी मार्फत् विराटनगरको मोटोले जन्मायो र नेपाली साहित्यले काखमा खेलाउन पायो । राष्ट्रवन्दना भित्र समावेश भएका केही कूटपद्यहरूले टेकनाथ अधिकारीको बौद्धिकता र काव्यशिल्पलाई राम्रैसँग छर्लङ्ग पारेका छन् । माथिल्लो श्लोकमा प्रश्न तेर्स्याएर अन्तिम श्लोकमा त्यसको उत्तर राखेर रचना गरिने कूटपद्य अत्यन्तै कठिन रचना मानिन्छ । तर सहजरूपमा यस्ता श्लोकहरू रचना गर्न सक्ने विलक्षण काव्य प्रतिभा टेकनाथ अधिकारीमा मैले पाएको छु । उहाँ संस्कृतका पनि विद्वान हुनुहुन्थ्यो । जुन कुराको पुष्टि विराटवर्णनम् नामक उहाँद्वारा लेखिएको संस्कृत भाषाको कृतिले गरेको छ ।

हुन त मैले मात्र हैन सिङ्गो राष्ट्रले नै टेकनाथ अधिकारीबाट नेपाली भाषा साहित्यको श्रीबृद्धिमा अझै केही अपेक्षा राखेको थियो । आध्यात्मिक क्षेत्रले उहाँबाट अझै धर्म संस्कृतिको बौद्धिक खुराक मागिरहेकै थियो । अचानक सृष्टिचक्रमा फन्को मार्ने क्रममा टेकनाथ अधिकारीलाई कसैले हामीबाट चुँडेर लग्यो वा आफैंले २०६९ सालको मंसीर शुक्ल द्वितीया तिथिको शुभ साइत पारेर ब्रह्म मुहूर्तमा अनन्त यात्रा तय गर्नुभयो अर्थात् ब्रह्मलीन हुनुभयो । अब उहाँ हामी माझ रहनुभएन तथापि उहाँको कीर्ति हामीसँग रहने छन् । विद्वान् स्रष्टा टेकनाथ अधिकारीको आत्माले शान्ति प्राप्त गरोस्-भावपूर्ण श्रद्धाञ्जली !

**बिराटनगर, मोरङ**
**फोन : ०२१-५३०२७०**

≋

# अश्वमेध यज्ञको घोडा भएको छ मेरो मन

**संगीता गुरुङ**

एउटा कालजयी सपना बोकेर
मेरा यी जोर आँखाहरू
युगौंदेखि एक सुन्दर भविष्य
खोजिरेहछन् ।

बुद्धको आर्य सत्य
श्वास-प्रश्वासमा अँगाल्दै
सपना साकार पार्न
यो जीवन
संघर्षरत छ ।

घडी, पला, घण्टा र दिन हुँदै
समय बित्दै गइरहँदा
यस संघर्षरत जीवनमा
मेरो मन
अश्वमेध यज्ञको घोडा भएर
कुदिरहेछ ।

हरेक सिमानामा
आक्रमणकारीहरूसँग जुध्दै
गन्तव्यको दिशामा
एक तमासले
लम्किरहेछ मेरो मन

**काठमाडौं**
**फोन : ९८४९५५०४९९, ९८०३१७१६१८**

# परिवर्तन : शाश्वत प्रक्रिया

**महेश्वर शर्मा**

समय काल परिस्थिति अनुसार फेरबदल भैरहने अवस्थालाई परिवर्तन भन्ने चलन छ । समयको गतिशीलता पनि परिवर्तन नै हो । घडी, पला, दिन, महिना, वर्ष, ऋतु इत्यादि सवै परिवर्तनकै परिणाम हुन् । हामी अरु कुरालाई बदल्न सकौंला; तर पविर्तनलाई बदल्न सक्तैनौं । न त परिवर्तनलाई रोक्न नै सक्छौं । हामीले चाहेपनि र नचाहेपनि परिवर्तनले आफ्नो काम गरिरहेकै हुन्छ । अवस्था अनुसार भौतिक-अभौतिक, स्थावर-जङ्गम यावत् वस्तुमा गुणात्मक र परिमाणात्मक फेरबदल ल्याउने तत्व परिवर्तन नै हो । तर त्यो परिवर्तन आफैमा भने अपरिवर्तनीय छ भन्दा अपत्यारिलो जस्तो लाग्न सक्छ । तर यो यथार्थ हो ।

आजसम्म परिवर्तनलाई कसैले र कुनैपनि शक्तिले हल्लाउन सकेको छैन । परिवर्तन यस्तो चीज हो जो कसैले चाहेर तुरुन्त ल्याउन सक्ने अथवा नचाहेर रोक्न सक्ने हुँदैन । हो; अनुकूल र प्रतिकूल अवस्था र परिस्थितिका कारण केही अलमल हुन सक्ला; तैपनि (हामीले थाहा नपाईकन पनि) परिवर्तनको आन्तरिक प्रक्रिया चलिरहेकै हुन्छ । एउटा बालख अथवा बिरुवा बढ्दै बढ्दै ठूलो हुँदै गएको देखिन्छ । तर तिनमा परिवर्तन हुँदै आएको आन्तरिक प्रक्रिया हाम्रा चर्म चक्षुले देख्दैनन् । हामीले नदेखेपनि त्यो प्रक्रिया स्वाभाविक र स्वचालित हुन्छ । यसरी हरेक क्षण परिवर्तन भैरहेको हुन्छ । चिन्तनमा समेत परिवर्तन आइरहन्छ । आइरहेकै छ । यहाँ कुनै चीज पनि स्थिर छैन ।

अर्को काणबाट हेर्दा परिवर्तनका पनि बाह्य र आन्तरिक गरेर दुई रूप हुन्छन् । बाह्य (भौतिक) रूप देखिने हुन्छ । हामी जङ्गल फाँडेर खेतबारी बनाउँछौं । अथवा नाङ्गो टारीमा वृक्ष रोपण गरेर हराभरा बनाउँछौं । फलाम पगालेर औजार बनाउँछौं अथवा सुनको टुक्राबाट औंठी-सिक्री बनाउँछौं । यी सवै बाहिरी परिवर्तनका रूप हुन्छन् । आन्तरिक परिवर्तन चाहिं पहिले मान्छेका मस्तिष्कमा उब्जेर कार्यरूपमा परिणत भएपछि मात्र थाहा हुन्छ । त्यसलाई मानसिक चिन्तनको उपज भन्न सकिन्छ । वैज्ञानिक आविष्कारहरू मानसिक चिन्तनकै परिणाम हुन् । मान्छेको मस्तिष्क एकप्रकारको ब्रम्हाण्ड जस्तै हो; जहाँ अनन्त सम्भावनाका केन्द्र विद्यमान छन् र तिनलाई परिचालन गर्ने क्षमता पनि मान्छेको त्यही मस्तिष्कमा छ । त्यसैलाई पूर्वीय जगत्का ऋषिमहर्षिहरूले ब्रम्हको संज्ञा दिए । चिन्तनको त्यो मानसिक प्रक्रियाबाटै अनेक रहस्यमय प्रश्नका उत्तर निकालिएका छन् भने खोज-अनुसन्धानका क्रममा नयाँनयाँ गम्भीर प्रकृतिका काम पनि भएका छन् । यस्ता सवै प्रक्रिया नित्य निरन्तर चलिरहने पविर्तनकै रूप हुन् । यी सवैमा ज्ञानका साथै मान्छेको चिन्तन प्रक्रियाको ठूलो भूमिका रहेको हुन्छ ।

संसारमा नभएको चीज केही छैन । मान्छेको चिन्तन प्रक्रियाले भएकैलाई खोजेर निकालेको छ । अस्तित्वमै नभएको वस्तुलाई कसैले पनि देखाउन सक्तैन । आज विज्ञानले आविष्कार गरेका भनिने वस्तु पनि भएकैबाट उधिनेर निकालिएका छन् । विज्ञानलाई पनि ज्ञानको सहारा चाहिन्छ । विना ज्ञान विज्ञानको अर्थ रहँदैन । भएकै

वस्तुलाई ज्ञान र विज्ञानका माध्यमबाट परिवर्तित रूपमा ल्याइएका छन् । मान्छेको चिन्तन शक्तिले कहिलेकाहीं परिवर्तनलाई आफूले सोचेको दिशामा मोडेको पनि पाइन्छ भने शक्ति नभएकाहरू परिवर्तनको स्वाभाविक प्रवाहबाट बग्न विवश हुन्छन्; तैपनि आफैंले ल्याएको परिवर्तन भन्न छोड्दैनन् । मान्छे परिवर्तन सहायक बन्न अर्थात् परिवर्तनका निम्ति सहज स्थिति निर्माण गर्न सक्छ । तर परिवर्तनमा परिवर्तन ल्याउन सक्तैन । परिवर्तन त सहज ढंगबाट स्वतः भैरहेको हुन्छ । एकपल पनि रोकिंदैन । यसरी अरुमा परिवर्तन ल्याइदिने 'परिवर्तन' नामको त्यो तत्व भने स्वयंमा अवरिवर्तनीय छ ।

यता राजनीतिवाजहरूचाहिं समयले स्वाभाविक परिवर्तनलाई पनि आफूले ल्याएको भन्छन् । तर त्यो राजनीतिक 'स्टन्ट' मात्रै हो । नेपाली कांग्रेसले २०१७ सालदेखि नै पञ्चायत फाल्ने कोशिस गरेको हो; तर सकेन । माओवादीले कांग्रेसको सरकार ढाल्न झण्डै एघार वर्ष उधम मच्चायो । धेरै जनधनको क्षति गरायो; तर सकेन । समय र बाहय एवं आन्तरिक परिस्थितिले छयालिस साल ल्याइदिएपछि कांग्रेसले मैले परिवर्तन ल्याएँ भनेजस्तै माओवादी पनि थाकेर हार खाएको बेला परिस्थितिवश प्रभुको सहारा एवं आवश्यकताले गर्दा समयले सुरक्षित अवतरण गर्ने वातावरण बनाइदिएपछि मैले ल्याएको परिवर्तन भन्न चुकेन । वास्तवमा ती दुवै परिवर्तन जनचेतनाका आह्वान र आवश्यकताले गर्दा समयले ल्याएका परिवर्तन थिए । उनीहरूले ल्याएर आउने भए उत्तिबेला नै ल्याउँथे । बीस-तीस वर्ष पर्खनै पर्ने थिएन । समयले आफ्नो प्रक्रिया पुऱ्याएर आएका स्वाभाविक परिवर्तनलाई 'मैले' भन्नु मानव कमजोरी मात्र हो ।

परिवर्तन कमजोर हुँदैन । आफ्नै गतिमा निरन्तर चलिरहने गतिशील प्राकृतिक प्रक्रिया हो परिवर्तन । त्यो राज्य संचालनका हरेक पक्षमा, सामाजिक-आर्थिक प्रक्रिया र हाम्रा व्यवहार एवं चालचलनमा समेत समय सापेक्ष परिवर्तन भैरहेकै हुन्छ । हामीले थाहा पाएपनि र नपाएपनि अनि चाहेपनि र नचाहेपनि । परिवर्तनको धार आफ्नै हिसाबमा चलेको हुन्छ र यो शाश्वत प्रक्रिया हो नित्य निरन्तर चलिरहने ।

भौतिक परिवर्तन त भै नै रहन्छ । तर यहाँ खाँचो छ मानसिक परिवर्तनको । मानसिक परिवर्तन बिनाको भौतिक परिवर्तन सुख्खा हुन्छ र स्थिर पनि हुदैन । आजको अराजक र अव्यवस्था नेताहरूमा मानसिक परिवर्तन नभएको परिणाम हो भन्न सकिन्छ । त्यसैले मानसिक परिवर्तनका लागि आफूलाई आफैले चिन्ने विवेक चाहिन्छ । त्यसनिम्ति चिन्तन मननद्वारा मानसिक स्थिरताका लागि अभ्यास गर्नुपर्ने हुन्छ । यो कुरा आजको स्थितिमा विशेषतः राजनीति गर्छौं भन्नेहरूले सोच्नुपर्ने हो । आफूलाई परिवर्तनको संवाहक संझनेहरूले परिवर्तनलाई गलत दिशामा लान खोज्दा जनइच्छा अनुरूप काम हुन नसकेको यथार्थलाई हृदयङ्गम गरेर त्यस्ताले अरु बिठ्याईं नगरुन् भन्ने हो भने संस्कार र प्रवृत्तिमै सुधार ल्याउने दिशामा सम्बन्धित सबैको ध्यान जानु आवश्यक छ ।

**चिलाउनेवास-७**
**स्याङजा**
**फोन : ०१-४७२०१६५**

≈

# बिर्सिएका स्रष्टा ध्रुवकृष्ण 'दीप'

**शंकर शाह**

अचानक जस्तो आफूलाई मन पर्ने कविताहरूका स्रष्टा ध्रुवकृष्ण 'दीप'को देहवसान २०६३ वैशाख २२ गते भएको खबर २०६३ वैशाख २३ गते शनिवार गोरखापत्रमा पढ्दाखेरि एक झड्का दर्द महशुस गरेँ । के गरुँ, कसो गरुँ, छटपटिएर साहित्यकार एवम् अन्वेषक शिव रेग्मीज्यूलाई फोन गर्न पुगें । उहाँको निधनप्रति विस्मात्को कुरा गऱ्यौं । भेट हुन नपाएकोमा चुकचुकाइ दुःख व्यक्त गऱ्यौं । भेट गर्ने समय निर्दिष्ट गराइदिने जोहो शिव रेग्मीजीले तरखर गर्नु हुँदाहुँदै मौका गुमी हाल्यो । आफूलाई खुब मनपर्ने अग्रज कविहरू कसैसित पनि भेटघाट तथा बातचित गर्ने अवसर पाउन सकिएन । भनूँ आफ्नै कमजोरी, आफ्नै दोष । सम्झेर हेरी ल्याउँदा आफ्ना खास मन परेका कविहरूमा गणना गर्दै जाँदा आफूले केटाकेटी देखि कवि भनेर चिनेका कविशिरोमणि लेखनाथ पौड्याल अनि नाट्य सम्राट बालकृष्ण सम, महाकवि लक्ष्मी प्रसाद देवकोटा, युगकवि सिद्धिचरण श्रेष्ठ, युद्धप्रसाद मिश्र (प्रगतिशील हुनुभन्दा पहिलेका), बदरीनाथ भट्टराई, नयराज पन्त, गोपालप्रसाद रिमाल, ध्रुव, श्यामदास 'वैष्णव', विजय बहादुर मल्ल, जनार्दन सम, ओकिउयामा ग्वाइन, भीम दर्शन रोका, पोषण पाण्डे, भूपी शेरचन, वासु शशी, अगमसिंह गिरी, ध्रुवकृष्ण 'दीप', हरिभक्त कटुवाल, गोविन्द भट्ट ( 'गुण्डा दर्प मर्दन' काव्य पढेपछि) । दुःखको बिझ्ने कुरा के छ भने यतिका कवितामय व्यक्तित्वहरू मध्ये गोविन्द भट्टसँग बाहेक अरुसित भेट पाउने सन्जोग चाहिँ जुर्न सकेन । श्यामदास 'वैष्णव'जीसँग भेट हुने अनुकूलता मिल्ने हो कि होइन एउटा प्रश्न नै खडा छ स्वयम्मा !

साहित्यिक पत्रिकाहरूको कोश निकाल्ने कार्यको सन्दर्भमा शिव रेग्मीज्यू मेरो घरमा आउनु भएको थियो २०६२ सालको शायद फागुनतिर । आतङ्कले अपठयारो त्यस्तै बेला बखत थियो । उहाका निम्ति भनि साहित्यिक पत्रिका छुट्टयाउने क्रममा 'संगम' साहित्यिक पत्रिका दुई स्थानबाट प्रकाशित भएको फेला पारेः एउटा ललितपुरबाट र अर्को दार्जलिङबाट । आफूलाई ललितपुरबाट निस्केको 'संगम' प्रति बढी जिज्ञासा लागेको थियो । सम्पादक मण्डलमा हरिहर शम्शेर राणाको नाम देखेर । शम्शेर पनि मोटो 'श' मा नलेखियेर पातलो 'स' मा लेखियेको थियो । शिव रेग्मीज्यूसँग कुरैकुराको सिलसिलामा दुबै स्थानबाट प्रकाशित भयेका 'संगम' पत्रिका बारे कुरा उठाइयो । सम्पादक मण्डलमा सत्यमोहन जोशी, भूपी शेरचन, हरिहर शम्शेर राणा, ध्रुवकृष्ण 'दीप' तथा स्वयम्भूलाल श्रेष्ठ । हरिहर शम्शेर राणाको बारेमा कुरा चल्यो । उहा कवयत्री मनोहरा (सुशीला रानी राणा) का श्रीमान २०६० वैशाख २६ गते स्वर्गीय भइसकेका । उहाले ससाना खालका चिटिक्क परेका, सटीक तथा सुन्दर निबन्धहरू लेख्नु भएको पाइयो । अब ती निबन्धहरूका सँगालो प्रकाशित भएको छ । ध्रुवकृष्ण 'दीप' ले हरिहर शम्शेर राणाका सुपुत्र मणि राणा (बृटिश ब्रोर्डकास्टिङ्ग कर्पोरेसनमा कार्यरत) लाई केटाकेटीमा पढायेका थिए ।

अनि कुरैकुरामा शिव रेग्मी ज्यूसित ध्रुवकृष्ण 'दीप'सँग भेट गर्ने चाहना व्यक्त गरें। केही दिनपछि शिव रेग्मीज्यूले फोन गर्नु भयो। उहाँलाई घरमै अक्सिजन दियेर राखिएको हुँदा स्वास्थ्यको ख्याल गरेर भेट गर्न नमिल्ने हालत सुन्दा कस्तो कस्तो लाग्यो मनै खिन्न भयो।

अर्को पटक २०६३ साल सायद जेठतिर शिव रेग्मीज्यू आउनु भएको थियो म कहाँ। उहाँलाई आफूसित भएका अन्य साहित्यिक पत्रिकाहरू तथा गोजिका पत्रिकाहरू र हवाई पत्र पत्रिका आदि उपलब्ध गराइयो। उहाँले खोज्नु भएको 'संगम' अङ्क-५, सुशीला रानी राणाकहाँ प्राप्त गराउन सकिएन। हरिहर शम्शेर राणाले 'संगम' पत्रिकाका निमित्त के भूमिका खेलेका थिए सो पनि थाहा पाउन सकिएन। ध्रुवकृष्ण 'दीप' को पनि निधन भइसकेको हुँदा यी कुरा त्यसै रहे।

पाएसम्मका उहाँका कविता तथा सांस्कृतिक विषयका लेख पढेको छु। उहाँको संस्कृति सम्बन्धका रचनाहरू ज्यादै राम्रा तथा गहकिला लाग्दथे। तर्कसङ्गत एवम् चित्तबुझ्दा पाउँदथें। दिग्गज विद्वानहरूका कितावहरू तथा लेखहरूबाट अनुसन्धान गरी उतारिएका नभई आफैले शोधखोज गरी अन्वेषण गरी प्रस्तुत गरिएका हुन्थे। 'गोरखापत्र' तथा 'मधुपर्क' मा उहाँका छापियेका संस्कृति सम्बन्धी लेखहरू २०४८ साल देखि नियमित रूपमा पढ्ने गरेको थिएँ। यी लेख तथा उहाँको पुस्तक 'हाम्रो संस्कृति हाम्रो ढुकुटी' को अध्ययन गरेर 'पोष्ट ग्राजुयट डिप्लोमा इन बुद्धिस्ट स्टडिज्' मा सफल हुन मद्दत मिलेको थियो। 'गोरखापत्र'मा प्रकाशित भएका लेखहरू शिव रेग्मीज्यूका साथ सुरक्षित होलान् भन्ने ठानेको छु। ती सबै संस्कृति विषयका लेखहरू भविष्यमा पुस्तकको आकारमा छिटै प्रकाशनमा आउलान् भनेर आशावान छु।

विशेष गरी आफू बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, पोषण पाण्डे, वाशु शशि र ध्रुवकृष्ण 'दीप'का कविताहरूबाट प्रभावित भएको स्वीकार्दछु। त्यस्तै किसिमका भावहरू अभिव्यक्त हुने कविता लेख्ने कोशिश गरेको थिएँ। हुन त उहाँको एउटा मात्र कविता संग्रह 'पानीको सङ्कल्प' पढेको रहेछु। त्यही एक पुस्तक नै मेरो लागि काफी छ, भारी छ, ताराहरूका माझ चन्द्रमा जस्तो।

कविता भनेको मनसित सम्बन्ध राखी व्यक्त गर्ने विधा हो भन्ने धारणा लागेकोले मुटु नछुने, दिल नसमाउने कवितालाई कविता मान्न रुचाउँदिन। सत्यको चेतना उत्पन्न गरी अरुका चित्तलाई एक रूपमा सत्य झल्काउने कला हो कविता भन्ने मान्यता छ मेरो। उहाँका कविताहरू पढ्दा आफ्नो धारणा तथा मान्यतासँग मेल खाएको महसूस हुन्छ। 'घण्टाघर' तथा 'रानीपोखरी' को प्रतीकमा लेखियेका कविताहरू यस्तो अनुभूति सञ्चार गर्दछन् के भनँ मनको नयनभित्र चित्रपट उत्रेसरि प्रतीत हुन्छन्। मानिसको स्वरूप लिई जिउँदा हुन्छन्, प्रीति गर्दछन्, ठाकठुक परेपछि झोक्राएर तथा आँखाभरि टोलाएर बस्दछन्, चुपचाप दुःख सहन्छन्, बाध्यता भोग्न विवश हुन्छन्।

केटाकेटीहरूका बारेमा लेखिएका कविताहरूमा बेग्लै छाँटको चित्रमय विशेषता पाइन्छ। बाल-लीलामा रमाउने कवि उनीहरूले शब्द भन्दा बढी सत्य बोलेको, उनीहरू लड्दा देवता पृथ्वीमा खसेको, देवताहरू वरिपरि घुमेको, उनीहरू जगदम्बा पार्वतीका प्रीति र उनीहरू साथ खेलेका भुस्याहा कुकुरहरू पनि दिव्य देखिन्छन्।

कल्पनाको उडान जस्तो भान परे पनि कवितात्मक भाव संवेदनाले हृदयलाई छोइहाल्दछ सत्यताको आभास झल्काएर । त्यसैले केटाकेटी मानिसको सबभन्दा महत्वपूर्ण शुरुवात हो भनी कवि भन्दछन् ।

घटराज भट्टराईको 'नेपाली लेखक कोश'का मुताविक उहाँका प्रकाशित पुस्तकहरू यस प्रकार छन् :-

(१) घाम छायाँ (गीत संग्रह), (२) आरम्भ आवाज अन्त अन्त आवाज (कविता संग्रह), (३) पानीको सङ्कल्प (कविता संग्रह), (४) भुक्तमान चालिसा (व्यङ्ग्य कविता), (५) बासी भात (हास्य कविता), (६) बालभोग (बालकविता), (७) मनभोग(बालकविता), (८) भजन भङ्गरी (भजन संग्रह), (९) बत्तीस कुलच्छिन (हास्य व्यङ्ग्य), (१०) हाम्रो संस्कृति हाम्रो ढुकुटी

उहाँले आफ्नो कवित्व प्रतिभा, दक्षता र साहित्यिक सीप तथा विद्वत्ता दशवटा कितावहरूमा विभिन्न विधाहरूमा प्रवाहित गर्नुभएको पाइयो । खेदको कुरा के छ भने आफूले केवल दुइटा पुस्तक पढ्न भ्याएको रहेछु । आठवटा अझै पढ्न बाँकी नै रहेछन् । फगत दुइटा किताव अध्ययन गरेको भरमा उहाँको बारेमा लेख्न उचित होला र ! के कति नै लेख्न सकिएला र ! हीनताबोधको आभासले ग्रसित भएको पाउँदछु आफूलाई । हास्य तथा व्यङ्ग्यका कविता त मैले पढेकोनै रहेनछु । पाँच सातवटा जति बाल कविता गीत पढेजस्तो लाग्दछ । सम्भवत : 'बालक' 'मुना' पत्रिकामा हुनसक्दछ 'गोरखापत्र' मा पनि । बालकविता एवम् गीतहरू विछट्टै सुन्दर तथा मनोरम लागेका थिए । अन्तस्करणमा के उठेको थियो भने आफूले यस्ता बाल गीत कहिले लेख्न सकिएला !

प्रजातन्त्रवादी जमातले उचालि नदिएर या प्रगतिशील समूहले उठाई नदिएर होला, यी दुबैबाट फरक पहिचान भएर होला उहाँ धेरैजसो चर्चामा आउन पाउनु भएन । एकान्तमै साधनामा लीन हुँदै साहित्यको आराधनामा समर्पित हुनुभयो । त्यही नै हामीहरूका निम्ति विशाल छ, जो मार्गनिर्देशन दिने दीप जस्तै उज्यालिएको छ । 'दीप' उपनाम सार्थक लागेर विचलित भएको बेलामा वा सुत्नु भन्दा अगाडि पढ्न भनेर राम्रा तथा गहकिला कितावहरूका सङ्कलन आफ्नो सिराननेरैको सानो दराजमा सजाइएका मध्ये 'पानीको सङ्कल्प' र 'हाम्रो संस्कृति हाम्रो ढुकुटी' समेत राखिएका छन् । अन्त्यमा 'तोपको नालमाथि बसेको परेवा' यो कविता पढेपिच्छे वरिष्ठ कलाकार तथा साहित्यकार मनुजबाबु मिश्रका दुइटा चित्रको सम्झना हुन्छ अर्न्तमनभित्र साकार झुल्केर : एउटा 'दी नेष्ट-२' 'रचना'को यसै अङ्कमा प्रकाशित र अर्को 'दी नेष्ट-१' जुन 'समकालीन साहित्य' वर्ष - १०, पूर्णाङ्क -३७ को मुखपृष्ठमा छापिएको छ । के बयान गरुँ कविता तथा चित्र दुबै पर्याप्त छन्, मनग्य छन् । कविकै शब्दमा 'प्रत्येक नेपालीलाई सबभन्दा पहिले नेपाल दुख्नुपर्छ' आजको आतङ्कित एवम् विषम समयमा ।

**रङ्ग चोक**
**२२२/४७ गल्कोपाखा मार्ग, ठमेल, काठमाडौं**
**फोन : ४-४११९०३**

≋

# न्यूयोर्कको मध्यरातमा मेरो हलोइन

**रामप्रसाद पन्त**

म वासिङ्टन डिसीबाट न्यूयोर्क जानका लागि डिसीस्थित चाइनाटाउनको एउटा बसटिकट काउन्टरमा बसिरहेको छु । र, बेलुका सात बजे चल्ने बसको प्रतीक्षामा छु ।

ठीक सात बजे बस बाहिर आएर उभिएको सूचना मिल्छ मलाई । सामानको नाममा मसँग एउटा झुन्डाउने झोला बाहेक अरु केही छैन । भएको एउटा सुटकेश रामप्रसाद खनालजीकै जिम्मामा छाडेको छु । नेपाल फर्कनका लागि म पुनः वासिङ्टन फर्कनुपर्छ भने किन ओहोर दोहोर गराउने ?

त्यसै भएर मलाई सामान राख्ने जरुरत पनि हुँदैन र विमानमा जस्तो सिट खोज्दै हिँड्ने आवश्यकता पनि पर्दैन । म अगाडिबाट तीन लाइन पछिको सिटमा गएर झ्यालतिरको सिटमा बस्छु । तर सिट नम्बरको व्यवस्था नभए पनि अरु व्यवस्था भने विमानभन्दा कम छैन । नखुल्ने झ्याल, एयर कन्डिसन, निजी बत्ती, टेलिभिजन र ट्वाइलेटको व्यवस्था । यतिमात्र हो कि विमान परिचारिका छैनन्, भोक लागेको बेला खाना लिएर आउँदैनन् ।

चाइनाटाउन भनेपछि चाइनिजहरूकै प्रभुत्व । चाइनिज इन्जिनियरिङ अनुसार नै प्लानिङ भएर बसालिएको सहर । भनिन्छ, यस्ता चाइना टाउनहरू अमेरिकाका सबैजसो राज्यहरूमा छन् । व्यापारिक प्रयोजनकै लागि सयौँ वर्ष अगाडि छिरे चाइनिजहरू अमेरिकामा र फैलाए व्यापक रूपमा बजार । लामो रुटका बस सञ्चालकहरू सबै चाइनिज । म चढेको बस पनि यमपिभी चाइनिज बस । सञ्चालक, चालक, कन्डक्टर सबै चाइनिज ।

म झ्यालबाट बाहिर हेर्दैछु । अँध्यारो भइसकेको छ समय । बत्तीले झलझलाकार भइसकेको छ सहर । म यस सहरमा यसपटक सहित तीन पटक आइसकेँछु । इण्डियन भाइहरूले ट्रेनबाट ल्याए एक दिन बेलुका र कुकुर दौडाए झैँ दौडाए यो सडकदेखि ऊ सडकसम्म र यो पसलदेखि ऊ पसलसम्म । अर्को पटक ह्वाइटहाउसको चक्कर लगाएर होटल फर्किने क्रममा कार्यक्रमका आयोजकले नै घुमाए उनीहरूकै बसमा । अहिले तेस्रो पटक आएको छु न्यूयोर्क जाने क्रममा गोविन्द गिरी प्रेरणाको कारमा । र, फर्कँदा पनि बसको अन्तिम स्टप यही नै हुने छ मेरो ।

म सम्झेर छक्क पर्दैछु कि चाइनिजहरूले पचास वर्ष, पचहत्तर वर्ष वा सय वर्षअघि परिकल्पना गरेर कसरी निर्माण गरेहोलान् यो सहर ? जुन सहर अहिले पनि त्यत्तिकै सुन्दर छ, सफा छ र सुव्यवस्थित छ । फराकिलो छ, खुल्ला चौर छ, पार्क छ, जहाँ जे जे हुनुपर्ने, त्यो सबै छ ।

हामीले योजनाबद्ध रूपमा एउटा बस्ती वा बजार निर्माण गर्न खोज्यौँ भने दस वर्षपछि आउन सक्ने आवश्यकतालाई सोच्न सक्दैनौँ दूरदर्शिता पटक्कै राख्दैनौँ । तर उनीहरू सय वर्षपछि आउन सक्ने समस्या र आवश्यकताको मोटामोटी अध्ययन गरेर मात्र काम थालनी गर्दछन् । यो प्रमाण म देखिरहेको छु ।

म यसअघि भारतीय मित्रहरूसँग घुम्न आउँदा खण्डखण्ड गरी बनाइएको युनियन स्टेशनभित्र छिरेर तलदेखि माथिसम्म फैलिएको खुल्ला मार्केट हेरेको थिएँ । तीन/चारवटा विद्युत भऱ्याङ चढेर भवनको पूरै परिधि अवलोकन गरेको थिएँ । अत्यन्त महत्व राख्ने नेशनल पोएट्रेज मेमोरियल, नेशनल पोष्टल म्युजियम, द नेशनल गार्ड कर्पोरेशन, नेशनल पोष्ट अफिस, डग्लस डेभलेपमेन्ट कर्पोरेशन आदिको पनि निरीक्षण गरेको थिएँ, तर खुल्ला सडकमा हिँडिरहँदा मान्छे नै उडाउला जस्तो चिसो हावाले मलाई थरथरी कमाएको थियो । रुघाले मलाई रुवाएको थियो । गलबन्दीले टाउको कसेर बिहारी भाइजस्तै म इन्डियन भाइहरूको पछिपछि लामालामा पाइला चालिरहेको थिएँ ।

यी पूर्वस्मृतिहरू सहित म बस हिँड्ने प्रतीक्षामा थिएँ । बसका सबै सिट भरिएका थिएनन् । दुई/दुई जनाका लागि बनाइएका बसका सिटमध्ये मसँगैको सिट पनि खाली थियो । सोच्दै थिएँ– 'कस्तो मानिस आउला मसँग बस्न ? पुरुष कि महिला ?'

आउनेमा नेपाली अनुहार वा दक्षिण एसियाली अनुहार पनि देखिएको थिएन । जति थिए यूरोपियन वा अमेरिकन, काला वा गोरा ! आउनेहरू बरु एक्लाएक्लै भए पनि आफ्नो अनुहार मिल्नेसँग बस्थे । पछाडिपट्टिका दुई/चार सिट बाहेक खाली थियो मसँगको सिट । दस मिनेट ढिलो गरेर बस हिँड्ने तयारी गऱ्यो । त्यसैबेला हतार हतारमा । एउटी काली केटी बसभित्र पसी र अघिल्तिरको लाइमा खाली रहेको मसँगैको एकमात्र सिटमा बसी । ऊ मुस्कुराई, मैले पनि जवाफी मुस्कान छाडेँ । तर बोलचाल भएन ।

बस सहरका घुम्तीहरू पार गर्दै राजमार्गतिर हानियो । बाहिर अँध्यारो भइसकेको थियो, तापनि बिजुलीको उज्यालोमा देखिने दृश्यपान गर्न भने मैले छाडेको थिइनँ । बाटोका केही चिह्नहरू देख्दा त्यो बाटो म पहिले हिँडिसकेजस्तो लाग्यो । त्यो बाटोको रूप, त्यो घुम्ती, ती रुख बिरुवाहरू र घरका नमूनाहरू उस्तै उस्तै लागे । ठोकुवा गर्न नपाउँदै देखिइहाल्यो– अन्नापोलिस जाने सूचनाबोर्ड ।

सेमिनारको कार्यक्रमभित्रै अन्नापोलिस भ्रमण पनि राखिएको थियो र हामी २५ अक्टोबरको दिन एक घन्टा लगाएर बसबाट अन्नापोलिस गएका थियौं । त्यो अमेरिकाको पहिलो राजधानी बसेको ठाउँ । जर्ज वासिङ्टनले प्रंथम राष्ट्रपतिको रूपमा राज्य सञ्चालन गरेको ठाउँ । मेरिल्याण्ड राज्यको त्यो ऐतिहासिक राजधानी । जताततै कारैकारको थुप्रो देखिने कारैकारको राजधानी, अर्थात् विश्वप्रसिद्ध कार कारखाना भएको च्यासफिक नदी किनारमा बसेको अन्नापोलिस ।

अहिले भने त्यस ठाउँमा हवाई फोर्सको सेन्टर, अफिस र तालिम केन्द्र रहेछ– त्यसको नाम राखिएको रहेछ युएस नोवेल एकादमी (US Naval Acadaemy 1845) अर्थात् सन् १८४५ मा अकादमी स्थापना भएपछि यस ठाउँलाई ऐतिहासिक सङ्ग्रहालय बनाइयो र हवाई तालिम सञ्चालन गर्ने मुख्य केन्द्रको रूपमा विकसित गरियो ।

हामीले त्यहाँ गएको बेला हवाइसेनाले राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा गरेका उपलब्धि सम्बन्धी डकुमेन्ट्रि देखाएको थियो भने सैनिक कवाज पनि प्रदर्शन गरेको थियो ।

यी सबै कुरा सम्झँदै थिएँ म बसैमा बसेर । तर दुर्भाग्य के थियो भने रातीको समय भएकोले टाढाटाढाको परिदृश्यहरू हेर्न पाएको थिइनँ ।

कुनै यात्री आँखा चिम्लेर बसिरहेका थिए, कोही आ-आफ्नो सिटमा बत्ती बालेर पत्रपत्रिका र किताब हेरिरहेका थिए, कोही ल्यापटप चलाइरहेका थिए, कोही एयरफोन राखेर गीत सङ्गीत सुनिरहेका थिए । कोही सानो स्वरमा फोनमा कुराकानी गरिरहेका थिए । मसँगै बसेकी काली पनि मिनिल्यापटप निकालेर चलाउँदै थिई । केही नभएको म धुमधुमती बसेको थिएँ आँखा चिम्लिन पनि मन थिएन मलाई । यसर्थ कि कुनै यस्ता दृश्यहरू आँखै अगाडि आउलान्, जसलाई हेर्नबाट म वञ्चित हुँला ।

एउटा कफी स्टलमा पुगेर बस अडियो र भनियो– आधाघण्टा चिया कफी खानुस्, आराम गर्नुस् ।

एक/दुई जना बाहेक सबै ओर्लिए, सँगै बसेकी काली पनि उठी र भनी – 'आउनुस्, केही खानुस् ।'

मैले भनैं – 'धन्यवाद ! म केही खान्नँ । कृपया तपाइँ खानुस् ।'

फेरि उसले भनी– 'मौसम चिसो छ कफी त खानुस् ।'

मैले पूरै असहमति जनाइनँ । भनैं– 'ठीकै छ । तपाईं हिँड्दै गर्नुस्, म आउँछु ।' तातो कफी खान त मन थियो तर तल ओर्लिन मन थिएन । चिसो थियो असाध्यै । दुई घण्टाजतिको यात्रामा पहिलोपटक बोली त्यो केटी ।

ऊ तल ओर्ली तर म भने चुपचाप बसिरहेँ ।

एकछिनमा उसले एउटा प्लाष्टिक गिलासभरि कफी बोकेर आई र मलाई खान अनुरोध गरी ।

मैले 'तिमी खाऊ म खान्नँ' भनैं । तर उसले कर गरी– 'मैले खाइसकैं, तिम्रो लागि ल्याएको, तिमी खाऊ, जाडो छ ।'

मैले उसलाई धन्यवाद दिएँ र लाज मानीमानी कफी खाएँ ।

नेपालमा वा एसियाली राष्ट्रहरूमा अपरिचित मासिले दिएको खानेकुरा खाँदा हुने दुर्घटनाहरूलाई पनि सम्झिनँ मैले । मेरो अनुहार हेरेर, मेरो बसाइ हेरेर, मेरो चालढाल हेरेर सायद उसले बुझीहोली– 'यो अमेरिकाको लागि नयाँ मानिस हो ।'

त्यसैले आत्मीयता दर्साइहोली ।

त्यसपछि भने ऊ र म बीच फाट्टफुट्ट कुराकानी हुन थाले । मैले नेपालको परिचय दिएपछि उसले भनिहाली – 'तिमी त भाग्यमानी रहेछौ, तिमीले एभरेष्ट चढ्यौ ?'

कति सजिलो छ भन्ने ठान्छन् यिनीहरू एभरेष्ट चढ्न । र, कति भाग्यमानी ठान्छन् हामीलाई हिउँ खाएरै बाँच्न सकिनेजस्तो । हुन त हामी त्यति अभागी पनि त होइनौं नि, अल्छी र मूर्ख भएर पो ! मैले आफ्नो नाम बताएँ, अमेरिका आउनुको कारण बताएँ, न्यूयोर्क जानुको उद्देश्य बताएँ र आफू एउटा राइटर भएको कुरा पनि सुनाएँ । तेह्रवटा किताव प्रकाशित भइसकेको र साहित्यिक पत्रिका सम्पादन गरिरहेको कुरा सुनेर ऊ तीनछक्क परी र अत्यन्त आदरभावले सम्मान सूचक शब्द प्रयोग गरी ।

उसले पनि आफ्नो परिचय दिई– नान्सी ।

ऊ एउटा फाइनान्स कम्पनीमा काम गर्दिरहिछ र एउटा सेमिनारमा भाग लिन न्यूयोर्कको मेनहाटन जान लागेकी रहिछ ।

भन्दै थिई– 'मैले प्रस्तुत गर्नुपर्ने कुराहरू ल्यापटपमा छ, यसलाई म अरु परिमार्जित गर्दैछु र प्रस्तुतिका लागि अभ्यास गर्दैछु ।'

त्यसपछि ऊ फेरि मसँग 'सरी' भन्दै ल्यापटप चलाउन थाली । म आफ्नै कल्पनामा हराएँ । यो जीवन, अमेरिका आगमन, बसको यो एकल यात्रा, यस केटीसँगको क्षणिक बसाइ ! बारम्बार आइरहने र भोग्न पाइरहने चिज हुन् र ! जुन दिन आयो आयो, जुन समय आयो आयो, त्यो दिन फेरि आउँदैन । एकछिन पछि यस केटीले दिएको कफी अब फेरि चाहेर पनि मैले खान पाउँदिन ।

न्यूयोर्क पुग्दा बसले बाह्र बजाउने भयो । खबर भएको छ भतिजलाई । त्यो मोटर लिएर मलाई लिन पक्कै आउँछ । कति टाढाबाट आउनुपर्ने हो ! आएर कुरिरहेको पो छ कि ! आउँदै पो छ कि ! जेसुकै भए पनि रातको समयमा, यस्तो जाडोको मौसममा दुःखत हुने नै भो ! सोच्दै छु मनमनै ।

न्यूयोर्क पुग्नै लाग्दा म कुनै नदीको पुल पनि तरेको थिएँ र सुरुङमार्गमा पनि गुडेको थिएँ । जलैजलका बीचमा एउटा मूर्तिजस्तो पनि देखेको थिएँ र अनुमान लगाएको थिएँ– त्यही स्वतन्त्रताको मूर्ति हो कि भनेर ।

मलाई भनिएको थियो– पेन स्टेशन । छोटकरीमा पेन स्टेशन । तर विचारमा पेन्सिल भेनिया स्टेशन कति जाडो ! सिरिरिरि हावा चलेको छ घडी हेर्छु– बाह्र बजिसकेछ ।

सिरेटो खाँदै टहलिन्छु वरपर । यसर्थ कि पर्खने मानिसले एकै ठाउँमा बसिरहँदा नदेख्ला कि भनेर । गाउँकै मानिस आफ्नै भतिज भएर पनि म चिन्न सक्तिनँ उसलाई । सानैमा देखेको मानिस, म पढाइ सकेर जागिरतिर, ऊ पढाइ सकेर व्यापार व्यावसायतिर । अनि डिभी परेर अमेरिकातिर ।

तर मैले आफ्नो हुलिया बताइदिएको छु– 'कपाल सेतै फूलेको, काँधमा एउटा झोला झुन्डाएको, खैरो ज्याकेट लगाएको मानिस ।

हावाले ह्वाँकेको छ, तै पनि छेउकुना लाग्न सकेको छैन, टहलिन छाडेको छैन । जाडो खप्न नसक्ने भइसकें तर मछेउ आउँदैन कोही पनि मानिस ।

म सोध्छु – बाटोमा हिँडिरहेको एक जना मानिसलाई– 'वासिङ्टनबाट आउने बसको अन्तिम बसस्टेशन पेन स्टेशन यही हो ?'

'हो' भन्छ उ पनि ।

तर खोई त मानिस ! कि ढिलो भयो भनेर हिँड्यो ? त्यसो त नगर्नुपर्ने ! उसलाई थाहा छ म एक्लो छु, अन्जान छु, यो मध्यरातमा !

बीस मिनेट खुल्ला सडकपेटीमा उभिइरहँदा बेस्सरी चिसिएँ म । कतिबेर कुर्ने ? फोन गरुँ साथमा फोन छैन । यता उता गर्छु हलोइन (नेपालमा मनाउने गाईजात्राजस्तो) ले मात्तिएका केटाहरू एउटाले अर्कोलाई लात हान्दै हिँडेका देखिँदैछन्, कसैले कागजको गाईजात्रे टोपी लगाएका, कसैले रङले मुख पोतेका, काला काला आकारका केटाहरू देखिन्छन् । म आँत्तिन थालेँ अब । चिसोले मुटु त्यसै काँपेको थियो, अब पूरै शरीर हल्लन थाल्यो । म के गरुँ, कसो गरुँ भएँ ।

अलि पर बाटो छेउमा एउटा फास्टफुड स्टल थियो । मैले त्यस व्यापारीसँग गएर आफ्नो दुःख सुनाएँ – 'कृपया मेरो कुरा सुनिदेऊ, मलाई लिन एक जना मानिस आउँछु भनेको थियो तर आएन । फोन गर्नका लागि मसँग मोवाइल छैन । कृपया सम्पर्क गरिदेऊ ।'

उसले मेरो मर्का बुझ्यो र फोन नम्बर माग्यो । मैले कागजमा लेखिराखेको फोन नम्बर देखाएँ । उसले नम्बर थिचेर कुरा गर्नका लागि मोवाइल मलाई दियो । मैले कुरा गरेँ ।

– 'कृष्ण ! म यहाँ आइसकेँ, धेरै बेर भइसक्यो, तिमी कहाँ छौ ?'

– 'म त घरैमा छु, यो रातीमा म कसरी आउन सक्छु र ! तपाईं टेक्सीमा आउनुस् ।'

– 'तिमीले यो कुरा पहिले नै गरेको भए मैले आफ्नै विचार गर्थें ! यो रातीमा नचिनेको, नजानेको ठाउँमा  म आउने नै थिइनँ ।'

– 'टेक्सी ड्राइभरलाई ठेगाना दिनुस्, उसले आफैँ ल्याइदिन्छ । भन्नुस्– 'क्वीन्स रिजउड सिटी ।'

डटपेन र कागज निकालेर कागजमा नोट गर्न खोज्दै थिएँ, एउटा हातमा मोवाइल अर्को हातमा कलम र कागज, उठी उठी लेख्न मिलेन, डटपेन खस्यो भुइँमा । जाडो र आत्तिएको मनस्थितिले मेरो सम्पूर्ण शरीर कम्पायमान भइरहेको थियो । मस्तिष्कले काम गर्न छाडिसकेको थियो, ओँठ थरथराइरहेका थिए, बोली पनि राम्रोसँग निस्किरहेको थिएन ।

त्यो सङ्कटको बेलामा त्यति सहयोग गरिदिएकोमा म पसलेलाई धेरै धेरै धन्यवाद दिएर टेक्सीको खोजीमा लागेँ । मैले उसको नाम सोध्नुपर्थ्यो, त्यो पनि भुलेँ । कतिसम्म भने ऊ कुन रङको थियो त्यो पनि सम्झन  सकिनँ । तर म भन्न सक्छु त्यो निख्खर कालो पनि थिएन र पूरा गोरो पनि थिएन ।

जाडो र आत्तिएको मनस्थितिले मेरो सम्पूर्ण शरीर थरथराइरहेको थियो । ओँठ काँपिरहेका थिए । सम्झेको थिएँ – सञ्जय झाले भनेका कुरा – 'मान्छे कस्तो हो ! के हो ! बुझेर मात्र जानुस् है ! गर्छु त भन्छन् तर गर्नै परेपछि बहाना गर्छन् ! दुःख पाइएला नि !'

मैले फूर्तिसाथ जवाफ दिएको थिएँ – 'आफ्नै गाउँले भतिजो, म जान लागेकोमा कति खुसी छ ऊ ! बसस्टपमा मोटर लिएर आउँछु भनेको छ । यसमा चिन्तै गर्नुपर्दैन ।'

म आफैँलाई आफैँले लोप्पा ख्वाउँदैछु यसबेला र फुटपाथमा लुरुलुरु हिँड्दैछु । मानौँ म गाईजात्रे ! असली गाइजात्रे ! नेपालको गाईजात्रे संस्कृति जस्तै मरेका मानिसको सम्झनामा मृतात्माको कल्याणका लागि मनाइने हलोइन Halloween संस्कृतिमा आफैँ प्रस्तुत हुँदैछु ।

३१ अक्टोबरका दिन मनाइने यस हलोइनमा केटाकेटीको स्कूल बिदा हुँदोरहेछ । यसपटक भने आइतबार परेकोले स्वतः बिदा थियो । गुदी निकालेको खोक्रो फर्सीमा मान्छेको आकृति बनाएर गठेमङ्गलमा नर्कटमाथि फर्सी ठड्याएजस्तै ठड्याएको धेरै दिन अघिदेखि देखिरहेको थिएँ । आज बिहानैदेखि राता काला गाउन भिरेर कागजको टोपी लगाएर बाटोमा चक्लेट माग्दै हिँडिरहेको पनि देखेको थिएँ र ती माग्नेहरूलाई चकलेट दिएमा मृतात्माहरू तृप्त हुन्छन् भनेर चक्लेट बाँडिरहेको पनि देखेको थिएँ । त्यो हाम्रो गाइजात्रासँग ठ्याक्कै मिल्ने संस्कृति रहेछ ।

मेरो कस्तो संयोग परेछ कुन्नि त्यसरी हलोइन मनाइरहेको न्यूयोर्कको मध्यरातमा मेरो गाइजात्रा । यतिमात्र होइन, बाह्र बजाउने उखान पनि त्यहाँ चरितार्थ भइरहेको थियो । आफ्नै भतिजले काकालाई जीवनमा पहिलो पटक बाह्र बजाइरहेको थियो ।

एउटा टेक्सी भेटें । जानका लागि अनुरोध गरें । उसले मेरो लवज हेर्‍यो, मेरो अनुहार हेर्‍यो, मेरो बोली सुन्यो, पत्तो लगायो– नयाँ मान्छे । मैले भनें– म नयाँ मान्छे ! उसले जाने ठाउँको पूरा ठेगाना माग्यो, तर मसँग त्योभन्दा बढी जानकारी थिएन । त्यसपछि भन्यो – 'म यति ठेगानाले मात्र तिमीलाई पुर्‍याउन सक्तिनँ, अरु टेक्सी खोज ।'

अरुले दिउँसै तोरीका फूल देख्छन् तर मैले मध्यरातमा तोरीका फूल देखें र मनमनै भनें – 'न्यूयोर्क हेर्ने फूर्ति लिएर हिँडेको नाथे बल्ल स्वाद पाइस् !

यतै कतै कुनाकाप्चा कक्रिएर रात बिताउँ, तर सम्भव थिएन । त्यस्तो दुस्साहस गरें भने भोलि बिहानसम्म म निर्जीव हुन्छु । न्यूयोर्क टाइम्सले लेख्छ – एउटा बेबारिसे लास प्राप्त । अथवा मैले भिरेको पिआइए (PIA) अङ्कित झोला हेरेर कसैले अनुमान लगाउने छ – यो कुनै पाकिस्तानी आतङ्ककारी होला ! भेद खुल्ने डरले उसैको ग्याङबाट हत्या भएको वा आत्महत्या गरेको हुन सक्छ । तर शरीर खोतलेपछि अन्तिम यथार्थ थाहा लाग्नेछ – एउटा नेपाली मरेछ, जाडोले वा अन्य कारणले ! खोजिनीति त हुने नै थियो । तर अमेरिकीहरूलाई त्यो मौका दिनबाट म मोडिएँ ।

अर्को मनले सोचें – अरु उपाय नदेखिए कुनै न कुनै टेक्सीलाई होटल पुर्‍याइदेऊ भने त पुर्‍याइदेला नि ! भएको पैसा सुटकेशमै छाडेर ढुक्कसाथ पकेटखर्च मात्र लिएर हिँडेको मेरो गोजीको पैसाले एक रात बस्न त पुग्ला नि ! तर कुन्नि कस्तो होटलमा लैजाने हो ! नजिक जहाँ जस्तो होटल पाइन्छ, त्यहीँ त जानुपर्‍यो यो आपतकालीन अवस्थामा !

मेरो मन प्रश्नोत्तर गर्दै थियो– आपतै परे भोलि भतिजलाई बोलाएर तिरौँला नि !

होइन, उसले डिउटीमा जानुपर्छ, भ्याउँदिन भन्यो भने नि ! त्यस अवस्थामा म के पुलिसको हवला हुने ?

पूरा जिउ लगलग कामिरहेको छ । गलबन्दी बाँधेको छु टाउकोमा कसेर । झोला भिरेको छु काँधमा र दुई हात छातीमा बाँधेर लडखडाउँदै हिँडिरहेको छु फुटपाथमा । तीनवटा डब्लु (W) अर्थात् वेदर, वाइफ र वर्कको ठेगाना नहुने देशमा भुसुने पानी पर्न सुरु भएको छ । लाग्दैछ – मेरो अन्त गर्नै लाग्यो क्यार प्रकृतिले । सोच्छु – यो पानी बढ्दै गयो भने मेरो के दुर्गति होला ! मेरो ठाउँमा अरु कुनै मुटुरोगी हुन्थ्यो भने ढल्थ्यो त्यहीँ । जाडोले मेरो मुटुको धड्कन भने कम भएको छैन । म टेक्सी खोज्दै छु । फुटपाथमा कुनै राम्रो भलाद्मी लाग्ने मानिस भेटिँदैन । त्यसैबेला मेरो नजर पर्छ एउटा टेक्सीमा । गएर पहिले जस्तै मलाई परेको आपत सुनाउँछु । उसले सायद दुःखाइ बुझ्छ र कुरा सहजतासाथ ग्रहण गर्छ । ठेगाना हेरेर भन्छ– 'यति ठेगानाले मात्र पुगिँदैन ।'

उसले फोन नम्बर माग्छ र आफ्नै मोबाइलबाट सम्पर्क गर्छ– 'म तिम्रो साथीलाई लिएर आउँदैछु, तिमी सम्पर्कमा बसिराख । म त्यसै आसपासमा आएर तिमीलाई फेरि फोन गर्छु ।'

उसले मलाई टेक्सीमा बस्नका लागि ढोका खोलिदिन्छ ।

बाहिर लुगलुग कामिरहेको म टेक्सीमा बस्न पाउँदा उडिसकेको प्रण पुनः आएजस्तो अनुभव गर्छु । ठूलो कृपा गरेको ठान्छु म उसलाई र धेरैधेरै धन्यवाद दिन्छु । भन्छु – 'मलाई त्यहाँ पुर्‍याइदेऊ, म जीवनभर तिम्रो ऋणी हुनेछु ।'

उसले टेक्सी हिँडाउँछ । म उसको नाम सोध्छु । भन्छ – ज्याक ।

टेक्सी गुडिरहेको छ, प्रायः सुनसान छ सडक । फाट्टफुट्ट टेक्सी/कार गुडेका देखिन्छन् । बाँकी शून्य । अब मलाई अर्को डरले पनि आक्रान्त पार्दैछ । यस अघि कसैले भनेको सम्झन्छु – 'कालेहरू अलि खतरनाक हुन्छन्, पैसा छ भन्ने थाहा पाए भने लुटलाट गर्छन् ।'

ड्राइभर काले छ, म एक्लै छु र नयाँ छु । यो सबै थाहा छ उसलाई । मध्यरातको यस सुनसान सडकमा यसले मलाई कहाँ लैजाँदै छ थाहा छैन । लैजाँदा लैजाँदै कुनै यस्तो ठाउँमा लैजाओस् र भएभरको लुटोस् ! यति मात्र होइन, पोल खुल्ने डर भए ज्यानै लेओस् ! के असम्भव छ ?

असम्भव सम्झेको कुरा त सम्भव भयो भने यो त धेरै हदसम्म सम्भव छ । दिनदशा बिग्रेको बेला कुनै कुरा असम्भव रहन्न । विपत्ति पटकपटक गरेर होइन, एकैचोटि आउँछ । यो सबै विपत्तिमाथि विपत्ति थपिने सङ्केत त होइन ?

म मित्र अर्जुन विरक्तिलाई सम्झदैछु । घरबाट प्रस्थान गर्नेबेला उहाँले दिएको फूलमाला, प्रसाद र टीका ग्रहण गर्न पाइनँ स्वस्ति शान्ति र मङ्गलकामनाका शब्दहरू सुन्न पाइनँ । म चाँडै हिँडें कि उहाँ ढिलो आउनुभयो ! के संयोग जुटेन जुटेन । त्यही कल्याणकारी कामनाबाट वञ्चित हुनुको प्रतिफल भोग्दैछु कि म ?

ज्याकले टेक्सी रोक्यो । म झस्कैँ । तर उसले भने रिजउड एरियामा आएर स्ट्रिट र घर नम्बर पत्ता लगाउनका लागि फोन सम्पर्क गर्न खोजेको रहेछ । मैले बेकार पाप चिताएँ ।

उसले मोबाइल निकालेर नम्बर थिच्यो भतिजको । पहिले गरिसकेको नम्बर देखियो मोबाइलमा । रिङ गइरहेको छ तर उठ्दैन कृष्णको मोबाइल । ज्याकले दुई मिनेटपछि फेरि फोन गऱ्यो । फेरि पनि फोन उठेन । एवम् रितले तीन/चार पटक फोन गर्दा पनि उठेन कृष्णको फोन । म भित्र ठूलो आशङ्का उब्ज्यो र रिस उठ्यो झनन । यसले तेह्रदिने दाजुभाइको नाता तोड्यो । मलाई बितरा पारेर तमासा हेऱ्यो । यो डलरको मोहमा बाँधियो । यसले आफ्नो धरातल भुल्यो । उसका बाबुबाजेले मेरा बाबुसँग सरसापट लिएर काम चलाएको, मर्दा पर्दा हेरेको र होस्टेमा हैँसे गरेर कृषक जीवन बिताएको सबै इतिहास बिर्सियो ।

त्यो मध्यरातमा बीच सडकमा बसेर कहाँ न कहाँको एउटा अपरिचित मानिसले फोन गरिरहेको छ, तर यसअघि सम्पर्क भइसकेको र प्रतीक्षा गर्न भनिएको आफ्नै गाउँले भतिजले फोन समेत उठाउँदैन ।

उसको बेवस्ताले मभित्र तीव्र आक्रोस बढेको थियो । सोचेको थिएँ अर्को भतिज हरि पन्तकहाँ जाउँ । ज्याकलाई सोधेको पनि थिएँ – त्यो कति टाढा पर्छ । भनेको थियो दुई घण्टा ।

त्यो त राज्य नै फरक – कनेक्टिकट । कम्तिमा दुई घन्टा ।

मिनेटको झन्डै एक डलरको हिसाबले मिटर चढिरहेको देख्दादेख्दै टेक्सीमा दुई घण्टा कुद्न आँट आएन । त्यसैमा पनि त्यो मध्यरातमा ।

अर्को कुरा, फोन सम्पर्क नहुन सक्छ, ठाउँ ठेगाना पत्तो लगाएर पुग्न सम्भव नहुन सक्छ ।

पाँचौपटक पनि फोन नउठेपछि ज्याक पनि दिक्दार र निराश भयो । सशङ्कित भएर भन्यो– 'के त्यो तिम्रो आफ्नै भतिजो हो ?'

'हो, मैले भनेँ ।'

'कस्तो खालको मानिस हो त्यो !' – उसले आश्चर्य व्यक्त गऱ्यो ?

तथापि उसले भनेन – 'म सकिनँ । तिमी जेसुकै गर, मेरो पैसा देऊ, म जान्छु ।'

उसले  यो सबै भन्नसक्थ्यो । मेरो केही बोल्ने बाटो थिएन । तर हरेस नखाएर फोन गऱ्यो छैटौँपटक । कति दयालु रहेछ त्यो काले ज्याक ।

यसपटक भने फोन उठ्यो । मनमा आशा पलायो ।

ज्याकले एरिया र घर नम्बर टिप्यो र टेक्सी त्यतै गुडायो ।

मैले प्रश्न गरेँ ज्याकसँग – 'किन उठाएनछ पहिले उसले फोन ?'

भन्यो– 'निदाएछ ।'

कति लापर्वाही ! कति बेवास्ता !

तर हामी धेरै टाढा रहेनछौँ । एउटा मोड लिनेबित्तिकै घर नम्बर देखियो ।

ज्याकले फेरि फोन गऱ्यो एकपटक– 'हामी तिम्रो घर अगाडि छौँ बाहिर निस्क ।'

गेट खोलेर बाहिर निस्केको मानिसलाई देखाउँदै भन्यो– 'त्यही हो तिम्रो मानिस ?'

फोन गरेको लगत्तैपछि बताएकै घरबाट निस्केको नेपाली अनुहार देखेपछि मैले नचिने पनि भनेँ– 'त्यही हो मेरो मानिस ।'

त्यो मानिस टेक्सी नजिक आएपछि मेरो शरीरमा पुनः प्राण सञ्चार भएजस्तै भयो । लामो स्वास तानेर छाडेँ एकपटक । जसको कारणले प्राणवायु निस्कन थालेको थियो, उसैको कारण पुनः सञ्चार हुन थालेकोमा उसलाई मनमनै धन्यवाद दिएँ ।

मिटरमा उठेअनुसार पैसा निकालेर दिएँ ज्याकलाई ।

तीन/चार पटक फोन सम्पर्क गरेको, दश/पन्ध्र मिनेट बीच बाटोमा अड्याएको कुनै मूल्य नखोजेर मात्र होइन, टेक्सी चढेबापत ड्राइभरलाई दिनुपर्ने अनिवार्यजस्तै प्रचलन भएको टिप्स पनि उसले लिएन । उसप्रति कृतज्ञता ज्ञापन गर्ने शब्द मसँग बाँकी केही रहेन । 'तिम्रो जीवन फलोस् फूलोस्' भन्ने शुभकामना दिएर बिदा गरेँ ।

एउटा फोटो खिच्न मन थियो । तर त्यस अवस्थामा व्यावहारिक लागेन । सोचेँ उसले पनि के ठान्ला ?

म १८२२ नम्बरको घरभित्र पस्दापस्दै कल्पना गरेँ – 'कृष्ण ! तिमीले मलाई वचनको पालना नगरेर धोका दियौ र तड्पायौ डेढघन्टा । तर तिमीले यस्तो संस्मरण जन्मायौ, जुन मैले कल्पना पनि गरेको थिइनँ । त्यो संस्मरण मेरो जीवनमा मात्र होइन संस्मरण पढ्नेका जीवनमा पनि उल्लेखनीय संस्मरण भएर रहनेछ । त्यसैले धन्यवाद !'

**dayitwa@hotmail.com**

≋

onlinesahitya.com

# कविताको भाव-भूमि

**वंशी श्रेष्ठ**

काठमाडौंदेखि हेलम्बुसम्मको यात्रा धेरै टाढाको भ्रमण होइन । त्यसमा पनि हेलम्बुको प्राकृतिक सौन्दर्य तथा जनजीवनको वर्णन र प्रशंसा बेलाबखत आफ्नै साथीभाइ र बन्धुबान्धवबाट सुनेको थिएँ । यसैले त्यस भूभागको भ्रमण तथा प्रकृतिको सौन्दर्य आफै साक्षी भएर भोग्ने रहर मनमा पलाइरहेको थियो । म समयसमयमा कल्पना गर्थें; दोर्जेलाक्पा हिमशिखर काखकतिको आकर्षक छ । त्यहाँको भ्रमणले कविता लेखन र चित्र सिर्जनामा कति स्रोत सामग्री प्राप्त गर्न सकिन्छ । त्यस भूमागको प्रकृति, पर्वत, जंगल अनि खेतबारी, नदीनालाको बिहान वेलुकाको दृश्य र रंगले एकजना स्रष्टा के सिर्जना गर्न सक्छन् ? त्यसमा पनि भूचित्र सिर्जनाको लागि त्यस स्थलको प्राकृतिक वातावरणको वस्तुता र प्रकृति निर्मित चित्रमा ल्याउन तत् स्थलमा नै जानु न्यायसंगत र वैज्ञानिक आधार पनि हो; किनभने फोटो खिचेर निर्माण गर्दा बढी यान्त्रिक प्रभाव चित्रमा पर्छ र सत्य साक्षीको आँखा र अनुभूतिको अनुपस्थितिमा भूदृश्य चित्रले रंगबाट सिर्जना गर्न सकिने दूरान्तरता र प्रत्यक्षदर्शीको अनुभूति चित्रमा अभिव्यक्त गर्न सकिएन भने सिर्जित चित्र खल्लो र प्रभावहीन हुन्छ । यस्तै भावना, तर्कना, सोच अनि सिर्जनाको मोह वा आकर्षणले हेलम्बुको उकालो चढ्न मेलम्ची बजार पुगियो ।

मेलम्ची बजारमा मेरा पुराना बन्धुहरूसँग भेटघाट भयो र आफ्नो यात्राको लक्ष अनि आफ्नै विचार व्यक्त गरेपछि तिनै महोदयले एकजना पथ प्रदर्शक वा सहयोगीको बन्दोबस्त मिलाइदिए । मेलम्ची खोला माथिको झोलुङ्गे पुलबाट उत्तरतर्फ यात्रा त रमाइलो लाग्यो । तर उकालो बाटोको हिडाइमा शरीरले थकान अनुभव गर्न थाल्यो । उकालो पहाडी बाटो सरल त होइन तर पनि मेरो लागि कठिन पनि होइन । त्यसमा पनि बाटामा भेटिएका रैथाने बासिन्दाहरूसँगको भलाकुसारीले यात्रामा रोचकता र उर्जा थप्यो भने ती भद्र व्यक्तिहरूको जीवनचर्या, राजनैतिक, आर्थिक, शैक्षिक, विकासपक्षहरूबारे धेरै सूचना र ज्ञान लाभले म उत्साहित थिएँ । धन्य हुन् ती अपरिचित भद्रजन जसले आगन्तुक यात्रीहरूलाई उत्साहित गर्छन् अनि प्रेरणा दिन्छन् ।

यात्रा-क्रममा बाटाका दायाँ बायाँ रहेका ढुङ्गा, पखरा, रुख, घरका भित्तामा लेखिएका बासी नारा, आयातित राजनीतिका सैद्धान्तिक वाक्यांश राजनीतिका मनोहारी थेगोहरू (catch words), राजनैतिक दलहरूका प्रलोभनयुक्त नाराका वाक्यांशहरू, नेताहरूका कबूल-प्रतिज्ञाहरू पढ्दै जाँदा बाटो यात्रा त सरल अनि रमाइलो लाग्यो । प्रजातन्त्रको पुनर्स्थापना, निर्वाचनको केही समयपछि पनि जन-जीवन स्तरमा कुनै सुधार, सुविधा र विकास देखिएन । मलाई लाग्यो (मेरो अनुभवमा पनि) प्रजातन्त्रको उज्यालो घमाइलो सूर्योदय त भयो तर जनस्तरमा चेतनाको उदय भएन । मनोहारी नाराहरू त आयात गरेर ल्याए अनि गाउँघरतिर वितरण गरिए । तर नेतृत्व वर्गमा वा जन प्रतिनिधिहरूको मानसिक सोच विचार अनि कार्यक्षमता पुरानै अर्थात् मध्य युगीन, भनौं जनस्तरमा चेतना र विकासको अभिवृद्धिको सट्टा नेतृत्व गर्ने व्यक्तित्वहरूले मताधिकारको दुरुपयोग गरेर स्वार्थलाभको लागि जनअधिकार प्रयोग गर्ने प्रवृत्तिको गहिरो जरो नेताहरूको मस्तिष्क र मुटुमा सामन्ती शोषणयुक्त व्यावहारिक ढंगकै छ ।

यस अर्थमा अन्य प्रजातान्त्रिक देशहरू भन्दा हाम्रो राष्ट्र धेरै भनौं सयौं वर्ष पछाडि नै छ । अनि शिक्षा, आर्थिक सुधार र विकास तथा जीवनस्तर उचाल्न हामीले अझ पनि सयौं वर्षको यात्रा गर्न बाँकी नै छ ।

जनपक्षको मनोवैज्ञानिक अवस्था र सोचमा केही परिवर्तन छ, तर दलगत राजनीतिका सैद्धान्तिक वैचारिक फूट र विभाजनले आफ्नै राष्ट्रिय स्तर तथा जीवन पद्धति विकास गर्ने र उठाउने विषयमा अधिकांश व्यक्तिहरू राजनैतिक घेराबन्दीभित्रै रुमल्लिइरहेकै छन् । हुन त यी मेरा विचारहरू स्थलगत भ्रमणका उपजहरू हुन् भने मैले अन्य प्रजातान्त्रिक देशहरूको अध्ययन भ्रमण अनुभवबाट पाएका सोचहरूको उपसंहार पनि हुन् ।

यात्राका बाटाहरूमा भेटिएका ढुङ्गाका ससाना स्तूपहरू, गुम्बाहरू अनि मानिसहरूका विचार व्यवहारबाट म प्रभावित र उत्साहित भएँ । यात्रु वा अपरिचित व्यक्तिहरू प्रतिको सहयोगात्मक भावना सुझावहरूले मलाई सचेत हुनमा ठूलो सहयोग भयो । वास बसेका घर वा लज (पाहुना गृह) हरूमा मैत्री र सहयोगात्मक व्यवहारले हाम्रो अतिथि स्वागत संस्कारको परम्परामा मैले गर्व पनि अनुभव गरें तर धेरै जसो व्यक्तिहरूमा परम्परागत धार्मिक संस्कारको सोचविचार र व्यवहारमा आवश्यक तथा समय अनुरूप परिवर्तन र विकासको अभावले मलाई फेरि फेरि धर्मको वारेमा सोच्न कर लाग्यो । किनभने म आफैं बढी धार्मिक भन्दा अध्यात्मिक चिन्तन र व्यवहार उन्मुख व्यक्ति भएकोले पनि यस प्रकारको भावना आएको हो । गाउँघर वरपर निर्मित ससाना शिवालय, मन्दिर, तुलसी मठहरू अनि ठाउँठाउँमा भेटिएका बौद्ध गुम्बाहरूको निर्माण तथा रंगहरूबाट म प्रभावित भएँ । धन्य हुन् ती पुर्खाहरू जसले धार्मिक सोच र परम्पराका स्मारकहरू निर्माण गरेर गए अनि मेरो कृतज्ञता वर्तमान पुस्ताका ती नरनारी तथा बालबाला प्रति जसले पुर्खाका देनको संरक्षण गरिरहेका छन् ।

हो; हेलम्बु क्षेत्रको भू-प्रकृति आकर्षक, मोहमय, मनोहारी छ । माथि आकाशतिर उठेका हिम पर्वतहरू; त्यसपछि हरियो, रमाइलो बनपाखा, तर कतै कतै खैरो अनि पहेंलो (तोरीबारी) रंगले भूभागलाई सौन्दर्यमयी रूपमा सजाएकै छ । एक त पर्वत-पहाडका उँचाई र खोंचहरू, हरियो केही पहेंलो रंगका रूख, बोट-बुट्यान अनि अगाडिका कैलो केही पहेंलो अग्रभूभागका चउर । विहान बेलुका घामले प्रकृतिमा परवर्तन गर्ने घाम-छायाँको रूपरंग । माथि आकाशमा कहिले देखिने अनि बराबर हराउने बादल लहरहरू । चित्र स्रष्टाको लागि प्रकृतिको रूपलाई पानी रंगले कागतमा चित्रांकृत गरी चित्र सिर्जना गर्नु एकप्रकारले अविस्मरणीय आनन्द हो । कागतमा रंग भर्दै चित्र सिर्जना गर्नु आफ्नो भावनात्मक, सिर्जनात्मक अभिव्यक्तिको आनन्दमय क्षण हो भने निर्मित चित्रको उपलब्धि स्रष्टाको लागि अविस्मरणीय जीवन्त सिर्जना हो । मूर्त प्रकृतिबाट मूर्त चित्रको सिर्जना कति मनोहारी र आनन्दमय छ, स्रष्टा आफैंले अनुभव र अनुभूत गरेजस्तै पाठक वा दर्शकले पनि भावना अनुभव गर्न सके स्रष्टाको लागि आफ्नो भाव संचारमा गहन सन्तुष्टि प्राप्त हुन्छ ।

यात्रापथबाट देखिएको गोसाईंकुण्डको पूर्वी चट्टानी पर्वत, बिहान झुल्केको घामले पारेको रंगीन घामछायाँ, चट्टानी पर्वत-पाखाको रूप आकार प्रतिबिम्बित प्रकाश अनि बलौटे लाग्ने पर्वतीय भूस्थल-शान्त, प्रगाढ शान्ति । सायद तपस्वी र प्रकृति प्रेमीहरू मुग्ध भएर केही क्षण आफैंलाई बिर्सेर विश्व निर्माताको कालिगढीय

कलाकारितामा आनन्द विभोरको अनुभव र अनुभूति गर्लान्, मोहमय र आकर्षक छ सुप्रभातको रंगमय हेलम्बु ।

अन्तिम यात्रा स्थल हो तार्केघ्याङ; अग्लो हरियो पर्वत, बन जङ्गलको काखमा अवस्थित गाउँ; नजिकैको निर्मल स्वच्छ खोला । खोलाका साना ठूला ढुङ्गा अनि ढुङ्गामा ठोकिएर उर्लेका जल-प्रपात । नीलो, प्याजी, हल्का पहेंलो, रातो, गाढा नीलो र हल्का हरियोले कागत रंगाउन सकिन्छ यसो रंगमञ्च जाँदा अर्मूत र मूर्त पनि बन्दै जान्छ चित्र । खोला किनारमा बसेर लुगा धुँदै गरेका युवती तथा नारी अनि ससाना बालबालिकाका खेल; आफैंलाई संझनामय मेरो बाल चांचल्यपनको क्षणिक खेल र अविस्मरणीय आनन्द ।

तार्केघ्याङबाट झर्दै ककनीको बाटो हुँदै आउँदा केही विदेशी पर्यटकहरू भेटिए । औपचारिक कुराकानी र परिचयपछि तिनीहरूले पनि हेलम्बुको प्राकृतिक सौन्दर्यको प्रशंसा गरे । शायद तिनीहरूको देशमा भ्रमण गर्न गएको भए म त्यस भूभाग र प्रकृतिको प्रशंसा गर्थें; जसरी मैले फुजीशा र बेन नेभिसको प्रशंसा गरेको थिएँ ।

मेलम्ची खोलाको बगरे बाटोमा हिँड्दा हिंड्दै पछाडि फर्केर पर्वत, वन, पाखा, खोला ढुङ्गाको बगर अनि माथिको कतै कतै उडिरहेका बादल पछिको आकाश, म भित्र अव्यक्त अभूतपूर्व अविस्मरणीय आनन्द प्रवाहित भयो । खोला किनारा वरपरको खेत, कान्ला परेका खेतका तह । बाटो छेउमा एक दुइटा छाप्राहरू । केही व्यक्तिहरू कुराकानी गर्दैथिए । उनीहरूको बोली र कुरामा चाख र उत्सुकता जाग्यो । उनीहरू वर्तमान व्यवस्था, राजनैतिक नारा अनि आफ्नै आर्थिक समस्या तथा दैनिक जीवनका अभाव र कठिनाई विषयहरूमा विचार आदान प्रदान गर्दैथिए । उनीहरूको वार्तालापबाट मलाई केही असर र प्रतिक्रिया पर्‍यो । नारा-भाषण, मतपत्र गाउँ गाउँ त पुग्यो; तर जीवनस्तर उकास्ने योजना, प्रविधि, कार्य पुग्न पुर्‍याउन सकेनन् ।

म आफैं विचार गर्दैथिएँ, एक बालक र अर्की बालिकाले मलाई विदेशी पर्यटक संझेर नमस्कार गर्दै 'गुद् मोर्निङ सर !' भने । हो; मेरो राष्ट्रकै विभिन्न भूभागमा मलाई विदेशी पर्यटक बनाएकोमा मैले आफ्नै नागरिकता र राहदानी बिर्सेको छु ।

तल प्रस्तुत कविताको पृष्ठभूमि, रचना गर्भ, अथवा भावपृष्ठ (vision) यत्ति नै हो ।

अन्त्यमा-सत् सत् प्रणाम छ हेलम्बुको अमूर्त प्राकृतिक संसार तर दृश्यगत मूर्त भूस्थललाई !

**मलाई नमस्ते गर्ने बाल-बाला**
**दोर्जे लाक्पा हिम शिखर तल**

'गुद मोर्निङ सर !
हंग्री सर, सोम मनी सर !'

दार्जे लाक्पा हिम शिखर तल
सुन्दरी-हेलम्बु भूभाग वरपर
मेलम्ची नदीको पूर्वी किनार छेउ
नदीकै समानान्तर बगरे बाटो
मेरा वस्त्र र अनुहार हेर्दै
ग्रामीण बाल-बाला नमस्कार गर्छन्–

'गुद मोर्निङ सर हँङग्री सर !
मोनि सोम मोनि सर !'

मेरै देशका बाल-बाला
मलाई विदेशी पर्यटक सम्झन्छन्
हो, मेरो नागरिकता नजानेका
यस राष्ट्रका बाल-नागरिकहरू
भविष्यका ससम्मानित व्यक्तिहरू
दान-अनुदानको लागि याचना गर्छन् ।
हो, तर म कति सहयोग गर्न सक्छु र ?
एक छाक, आज एक दिनको खाना,
बीस-पचास अथवा सय रूपैयां,
किन्तु मेरो राष्ट्रका यी भावी पुस्ता
कति विवस छन् कति सरल ढंगमा
विदेशी समक्ष हात जोर्न, नमस्ने गर्न ?

मेलम्ची नदीको किनारै किनार
सौन्दर्यमयी पर्यटकीय हेलम्बु भूभाग
दार्जेलाक्पा हिम शिखर तल, सौष्ठवमयी पर्वत फेद वरपर
हरिया खेत बारीका बगरे बाटामा
बालबालिका नमस्ते गर्छन्
पदयात्राका पर्यटकहरूलाई ।

निर्वाचनका घोषणापत्र र भाषण फेरिए पनि
इतिहासका सर्ग र अध्यायहरू बदलिए पनि
यी बाल-बालाहरूले फेर्न सकेनन्
आआफ्ना पुराना बानीका याचना पत्रहरू,
दान-अनुदानका अन्नले भर्न सकेनन् भोक
मेरो राष्ट्र, यो हिम शिखरहरूको देश,
स्वदेशी -विदेशी पर्यटकहरूको प्रिय भूमि !

हुन सक्छ, यिनै बालबाला
समयको फेर-बदलपछि
बालावस्था पछि, युवावस्थाका युगमा
उही बालबाला बनेका रहेछन्
घोषणापत्र फेरेर भाषा बदलेर
देश विदेश भ्रमण गर्ने
यस राष्ट्रका केही सम्मानित सांसद !

**फोन : ४४७२२६४**
**बानेश्वर, काठमाडौं**

≋

# 'सेतो धरती' मा अभिव्यक्त विधवा समस्या

**संझना सुवेदी**

## १. विषय परिचय

अमर न्यौपानेको जन्म वि.स.२०३४ साल चैत्र १४ गते चितवनको पार्वतीपुर गा.वि.स.वार्ड न. ७, रङ्गिलामा पिता एकनाथ न्यौपाने र माता हरिमाया न्यौपानेका दोस्रो सन्तानका रूपमा भएको हो । उनले त्रि.वि.बाट नेपाली साहित्यमा एम्.ए. गरेका छन् । चितवनबाट प्रकाशित हुने 'सृष्टि' साप्ताहिक पत्रिकामा वि.स.२०५३ मा गीत सृजना मार्फत सार्वजनिक साहित्य यात्रा आरम्भ गरेका अमरको पहिलो प्रकाशित कथा भने शहीद स्मारक कलेज, शारदानगरबाट प्रकाशित 'अभिनव प्रस्तुति' स्मारिकामा छापिएको ' रत्नपार्कमा व्यापार ' (२०५४) हो । (प्रभात, रमेश ,**सेतो धरती उपन्यासमा अभिव्यञ्जित अमरको कला :सप्त प्रवाह,** पब्लिक क्याम्पस प्राध्यापक सङ्घ, २०६९,पृष्ठ २३२ ) उनले २०६६ सालमा पहिलो आख्यान 'पानीको घाम' प्रकाशित गरे, यसले २०६६ सालको 'पद्मश्रीसाहित्य' सम्मान प्राप्त गऱ्यो । (सापकोटा, दीपक, **सिद्धान्त अघि लगाएर साहित्य हिड्दैन : सौर्य दैनिक** २०६९ असोज ६, पृष्ठ ७) उनको दोस्रो कृति 'कलिलो मन' नामको बालकथाले २०६७ सालको पारिजात बाल साहित्य पाण्डुलिपि पुरस्कार प्राप्त गरे पनि उक्त कृति हालसम्म प्रकाशित भने हुन सकेको छैन । आफ्ना आख्यानका पात्रहरूको अन्वेषण एवं चिन्तन मननमा निरन्तर लागिरहने अमरको 'सेतो धरती' उपन्यास २०६८ मा प्रकाशित भएको हो । प्रस्तुत उपन्यासले २०६८ सालको मदन पुरस्कार प्राप्त गरेको छ । (प्रभात, रमेश, पूर्ववत्, पृष्ठ २३३)

सृजनायात्राका आरम्भमा कविता,गीत,गजल जस्ता पद्य विधामा कलम चलाउनुका साथै चित्रकलामा पनि रुचि राख्ने अमर न्यौपानेले आफ्ना फुटकर कथाहरू मार्फत समाजमा घटिरहेका विभिन्न घटनाहरूलाई सूक्ष्म रूपले चित्रण गरेको पाइन्छ । 'पानीको घाम' मार्फत बाँके र बर्दिया वरपरका भुइँमान्छेका कथा-व्यथालाई सार्वजनिक गर्दै आञ्चलिकतातर्फ प्रवेश गर्ने प्रवृत्ति उनको ' सेतो धरती' मा पनि कायम रहेको छ । पात्रहरू प्रस्तुत गर्दा आफ्ना आख्यानमा मनोविज्ञानको प्रयोग गर्न रुचाउने अमरले खास गरी यौन मनोविज्ञान र समाज मनोविज्ञानलाई बढी विषय बनाएका छन् । कुनै पनि घटनालाई चित्रण गर्दा कल्पना र अनुमान भन्दा त्यसका मिहिन पक्षहरूमाथि प्रवेश गर्ने खोजमूलक प्रवृत्ति उनका आख्यानमा पाइन्छ । यसले गर्दा पाठकलाई कतै कतै अतिव्याख्या जस्तो पनि लाग्न पुग्छ । प्रस्तुत उपन्यासले हिन्दू समाजमा देखिने बालविवाह र तिनका समस्यालाई चित्रण गरेको छ । बाल विधवा भएपछि नारीले भोग्नुपर्ने पारिवारिक र सामाजिक यातनाको चित्रण गर्दै एउटी बाल विधवाको सिङ्गो जीवनलाई उतारिएको छ ।

नेपालमा परम्परादेखि नै बालविवाहको प्रचलन विद्यमान छ । यसैगरी बालविवाह, बहुविवाह र अनमेल विवाहका परम्परा पनि हामीकहाँ छन् । यसकारण कतिपय

नारीहरूले दु:ख भोग्नु परेको र कतिले ज्यान गुमाउनु परेका घटनाका साक्षी हाम्रै वरपरको समाज छ। कुनै कालखण्डसम्म त सती जानुपर्ने प्रथाले हजारौं नारीहरूले अकालमा ज्यान गुमाउनु पर्थ्यो। यिनै परम्परागत तथ्यहरूको धरातलमा टेकेर देवघाटका वृद्धाश्रमहरूमा जीवनका अन्तिम क्षणहरू गुजारिरहेका वृद्ध-वृद्धाहरूसँग करिब एक महिनाजति सङ्गत र संवाद गरेपछि प्राप्त कच्चा सामग्रीको फलस्वरूप 'सेतो धरती' उभिएको छ। 'सेतो धरती 'ले उठाएको यही सामाजिक समस्याको विश्लेषण गर्ने प्रयास यस लेखमा गरिएको छ।

## २. विधवाप्रतिको परम्परित दृष्टिकोण

सामाजिक परम्परा तथा मूल्य र मान्यता अनुसार समाजमा बस्ने मानिसहरूको संस्कार पनि फरक फरक हुन्छ। पूर्व र पश्चिमका आ-आफ्ना संस्कारहरू छन्। हिन्दू धर्म पूर्वीय संस्कार अन्तर्गत पर्दछ। हाम्रो हिन्दू समाजका पनि आफ्नै सांस्कृतिक विशेषताहरू छन्। जस्तै : न्वारन, भात खुवाइ, व्रतबन्ध,विवाह,अन्त्यकर्म आदि। जीवनमा एकपल्ट मात्र गर्न मिल्ने वैवाहिक संस्कार पनि छ ,तर यो केवल नारीका लागि मात्रै लागू भएको पाइन्छ। नारी एकपटक विवाहित भइसकेपछि उसले अर्को विवाह गर्ने प्रचलन र संस्कार हाम्रो समाजमा छैन, तर पुरुषले भने बहुविवाह गर्न पाउने चलन छ।

पति मरेकी स्त्रीलाई विधवा भनिन्छ। हाम्रो समाजमा यस्ता विधवाहरू संस्कारगत हिसाबले एक्लो जीवन विताउन वाध्य हुन्छन्। हाम्रो समाजमा विधवालाई विभिन्न अनुशासनमा बाँधिएको हुन्छ। विधवाले रङ्गीचङ्गी लुगामा सिँगारिएर हिँड्नुहुँदैन, कसैसँग हाँस्ने, बोल्ने, ठट्टा गर्ने गर्नुहुँदैन भन्नेजस्ता अनेक बन्धनहरू खडा गरिएको हुन्छ। हाम्रो समाजका विधवा नारीका अनुशासनबारे छविकान्त आचार्यले ***लेखेको कविता मननीय छ :***

*मासू न खानु अरुका घरमा नजानु।*
*एक् छाक खानु भरसक् दुइ छाक् नखानु॥*
*हाँस् खेल गर्न पनि हुन्न कतै रमाई।*
*मन्दिर्महाँ घुमनु पर्दछ नित्य जाई॥*
*सेता लुगा फगत लाउनु खानु थोरै।*
*बस्नू सधैं घरई भित्र नवोलि धेरै॥* (आचार्य, छविकान्त, **विधवा विलाप**, वाराणसी : सर्व हितैषी कम्पनी, १९५० ई ,पृष्ठ ४–१०)

यस्ता अनेक कठोर सामाजिक नियमले बाँधिएका विधवाहरू पनि पूर्ण रूपमा सुरक्षित पनि हुँदैनन्। एकातिर समाजले उनीहरूलाई नियममा जकडिरहन्थ्यो भने अर्कातिर त्यसै समाजका केही पुरुषहरूबाट उनीहरू असुरक्षित हुन्छन् भन्ने कुरा छविकान्तले यसरी व्यक्त गरेका छन् :

*जस्तै चराहरू समातनलाई बाज।*
*दाउ विचार गरि उड्दछ काम काज॥*
*त्यस्तै छ हामिहरू माथि चलन् पुरुष्को।*
*विश्वास गर्नु अनि हे भगवान कस्को॥* (ऐजन, पृष्ठ ३८)

यसरी असुरक्षित विधवाका घरमा सुरक्षा दिने कोही पनि नभएमा राजाले नै तिनको रक्षा गर्नुपर्छ भन्ने मान्यता मनुस्मृतिमा यसरी प्रस्तुत गरेको पाइन्छ -

*वशाऽपुत्रासु चैव स्याद्रक्षणं निष्कुलासु च ।*

*पतिव्रतासु च स्त्रीषु विधवास्वातुरासु च ।* ८ ॥ २८॥ (**मनुस्मृति**, गुजराती प्रिन्टिङ प्रेस, सासून बिल्डिंग, पल्फिन्स्टन सर्कल कोट, नं १, पृष्ठ २७८)

प्राचीन समयमा कुनै पनि घरमा नारीलाई संवेदनशील रूपमा हेर्ने चलन थियो । तर यदि घरमा विधवा नारी बाहेक वंश चलाउने अरु व्यक्ति नभएमा उक्त विधवा नारीले कुललाई निरन्तरता दिन आफ्नै देवर, सपिण्ड वा कुल भित्रको पुरुषसँग सहवास गरी सन्तान जन्माउन पाउने व्यवस्था थियो । तर यो सहवास कर्तव्यका लागि मात्र हुन्थ्यो नकि चाहना र स्वेच्छाले । त्यस्तो सहवासपछि पुन : स्त्री गुरुआमा र पुरुष शिष्य जस्तै बनेर बस्नु पर्नेछ भन्ने कुरा पनि मनुस्मृतिमा यसरी दिइएको छ –

*देवराद्वा सपिण्डाद्वा स्त्रिया सम्यङ्नियुक्तया ।*

*प्रजेप्सिताधिगन्तव्या सन्तानस्य परिक्षये* ।९ ॥ ५९ ॥

*विधवायां नियोगार्थे निर्वृत्ते तु यथाविधि ।*

*गुरुवच्च स्नुषावच्च वर्तेयातां परस्परम् ।* ९ ॥ ६२ ॥ (**मनुस्मृति**, गुजराती प्रिन्टिङ प्रेस, सासून बिल्डिंग, पल्फिन्स्टन सर्कल कोट, मुंबई नं १, पृष्ठ २७८)

भारतीय समाजमा ईश्वरचन्द्र विद्यासागरको प्रयासमा सन् १८५६ को 'हन्दू विधवा पुनर्विवाह कानून' का कारणले विधवाको पुनर्विवाहको अवधारणा आयो र यो सम्भव हुन थाल्यो । तर पनि समाजमा यस प्रथाले त्यति मान्यता पाउन सकेन । यस कानुनले हिन्दू विधवाको पुनर्विवाह तथा उसबाट प्राप्त सन्तान पनि समाजमा स्वीकार्य हुनेछ भन्ने मान्यता अगि सारेको थियो । यसपछि विधवाले पुनर्विवाह गर्न पाउनुपर्छ भन्ने मान्यताले क्रमश : समाजमा प्रवेश पाउन थाल्यो । तर यस धारणालाई प्रायः हिन्दू विधवाले समाजमा आफ्नो अपमान भएको सम्झिन्थे । उनीहरूका परिवार पनि पुनर्विवाह प्रथालाई अँगाल्न सक्दैनथे । त्यसैले विभिन्न कानुन र मान्यता प्राप्त गरे पनि हिन्दू समाजमा विधवाको पुनर्विवाह आज पनि एउटा प्रमुख समस्याको रूपमा नै रहेको पाइन्छ । (कापडिया, के.एम्.,**भारतवर्ष में विवाह एवं परिवार**, वाराणसी : मोतीलाल वनारसीदास, पृष्ठ १५४)

हाम्रो समाज पुरुष प्रधान समाज हो । परापूर्वदेखि नै नारीको तुलनामा पुरुषलाई प्राथमिकता दिने परम्परा चल्दै आएको छ। जीवनयापनका क्रममा पुरुषले भन्दा नारीले निकै कष्ट भोग्दै आएको कुरा सर्वविदितै छ। विभिन्न धार्मिक नैतिक ग्रन्थहरूदेखि समाजले पनि नारीका निम्ति निश्चित नियम कानुनको व्यवस्था गरेको छ। नारीको जीवनको सार्थकता भन्नु नै त्याग र सहनशीलता हो भन्ने सोचाइ हाम्रो समाजको छ। नेपाली समाजको नारीप्रतिको परम्परागत दृष्टिकोण रहस्यवादको जालमा बेरिएको छ र उनीहरूलाई आफ्ना हरेक पीडा 'पूर्व जन्मको कर्मको फल' हो भन्ने भ्रम दिएर पीडक पक्ष सजिलै उम्किरहेको छ। (त्रिपाठी, सुधा,**नारीवादको कठघरामा नेपाली साहित्य**, ललितपुर : साझा प्रकाशन,२०६७, पृष्ठ ३६) यहाँ पुरुषको तुलनामा नारीले आफ्ना इच्छालाई कुण्ठित पारी दबाएर राख्नुपर्ने हुन्छ। यस्तो दृष्टिकोण नेपाली जनजीवनको एक अभिन्न अंग नै बनेको छ। यिनै व्यावहारिक कटु सत्यहरूलाई उदाङ्ग पार्ने जमर्को 'सेतो धरती' उपन्यासले गरेको छ।

'सेतो धरती' उपन्यासकी प्रमुख पात्र तारा विधवाका रूपमा उपन्यासमा प्रस्तुत भएकी छ। वि.स. १९९० तिर जन्मिएर विधवाको जीवन विताउन वाध्य नेपाली नारी

ताराको माध्यमबाट उपन्यासकारले तत्कालीन समाजको वस्तु स्थितिको चित्रण गरेको पाइन्छ । हाम्रो समाजको विधवाको प्रतिनिधित्व गर्ने ताराको सम्पूर्ण जीवन यात्रा यस उपन्यासमा समेटिएको हुनाले यो उपन्यास पढ्दा त्यस समयका नारी अझ विशेषगरी बालविधवाको वास्तविक जीवनबारे छर्लङ्ग हुन्छ । हाम्रो समाजमा विधवाले जीवन पूरै एक्लै बिताउनुपर्ने अर्थात् पुनर्विवाह गर्न नहुने त छँदै छ त्यसमाथि त्यस्ता विधवालाई समाजले कस्तो दृष्टि राख्ने गरेको छ भन्ने कुरा उपन्यासमा देखाइएको छ । यस सम्बन्धमा तलका उपशीर्षकहरूमा विवेचना गरिएको छ ।

## ३. 'सेतो धरती' उपन्यासको कथानक र वैधव्य जीवनको प्रस्तुति

पात्रद्वारा गरिने कार्य र सो कार्य गर्दा घट्ने घटनालाई कथानक भनिन्छ । 'सेतो धरती' उपन्यासको कथानक भन्नु नै राणाकालका अन्त्यतिर जन्मिएर विधवाको जीवन बिताउन वाध्य नारीको वास्तविक जीवन कहानी हो । उपन्यासकारले यस उपन्यासकी प्रमुख नारीपात्र ताराको जीवनमा घटेका घटनालाई श्रृंखलाबद्धरूपमा प्रस्तुत गरेका छन् । यस उपन्यासको आदिदेखि अन्त्यसम्म नै बालविधवा ताराकै जीवन कहानीलाई प्रस्तुत गरिएको छ ।

कथानकको सुरुवात तारा गर्भावस्थामा हुँदाको घटनाबाट गरिएको छ । कथाको सुरुमै तारा आफ्नी आमाको पेटमा हुर्किएको अवस्थालाई यसरी वर्णन गरिएको छ : "म थिएँ आमाको पेटमा । तर, एउटा सेतो फूल फुलिरहेको छ भन्ने चाँहि थाहा थिएन आमालाई ।" (न्यौपाने, अमर, **सेतो धरती**, काठमाडौं : फाइनप्रिन्ट आइएनसी, २०६९, पृष्ठ ३) ताराको यस भनाइले उपन्यासको कथावस्तु पनि रंगहीन नै छ भन्ने लाग्दछ । सामान्य ग्रामीण परिवेशमा जेठी छोरीकी रूपमा जन्मेकी ताराको बाल्यावस्था अत्यन्तै सुन्दर तरिकाले बितेको देखिन्छ । बालसखा पवित्रा, राधी, कली, धर्म, केदार, गोविन्द, महेश्वर आदिसँग गाई चराउन जानु, भाँडाकुँडी खेल्नु, घर बनाई खेल्नु, गोविन्द दुलाहा अनि आफू दुलही बनेर गोविन्दको बनावटी घरमा भित्रिनु र अन्त्यमा रात परेपछि घर फर्कने बेलामा दिनभरिका खेलौनाहरू भताभुङ्ग पार्नु ताराको दिनचर्या नै बनेको देखिन्छ । वास्तविक विवाहको अर्थ नबुझेकी ताराले दिनहुँ जस्तो गोविन्दले हालिदिएको माटोको सिन्दूर लगाएकी हुन्छे । उसलाई खेल्दा दुलही बन्नु अत्यन्तै रमाइलो लाग्छ । उसका बाबुआमाले उसको विवाहलाई पूजा गरेको भन्ने भ्रम पारिदिएका थिए । त्यसैले तारा आफ्नो विवाहमण्डपमा बस्दा कुनै पर्वाह नगरी निदाएकी थिई । उसलाई निद्रामा नै सिन्दूर हालिएको थियो, जसको दाग उसले जीवनभरि मेटाउन सकिन । वैवाहिक कार्यक्रम सकिएपछि डोलीमा अन्मिदा पनि तारालाई भगवान्को मन्दिरमा जान लगिएको भन्ने भ्रम पारिएको थियो । यस्तो बाल्य अवस्थामा आफूले बुझ्दै नबुझी थाहै नपाई तारालाई दुलही बनाएर पराई घरमा सुम्पिएको थियो । सात वर्षको बाल्य अवस्थामा विवाहको अर्थ नबुझ्दै वैवाहिक बन्धनमा बाँधिन बाध्य भएकी र नौ वर्षको उमेरमा लोग्नेको अर्थ नबुझ्दै विधवा हुन पुगेकी ताराले आफ्नो जीवन निकै कष्टपूर्ण विताएको देखिन्छ । परिस्थितिले ताराको लोग्नेको मृत्यु भए पनि यसको सम्पूर्ण दोषको भागीदार ताराको पूरै जिन्दगी बनेको छ । ऊ आफ्नो जीवनलाई जिउँदो लास बनाउन बाध्य छ । अझ भन्ने हो भने हाम्रो हिन्दू संस्कारमा ताराको समय भन्दा अगाडिका विधवाहरूले भोग्नुपर्ने सतीप्रथाबारे सुन्दा पनि कहालीलाग्दो प्रस्तुति यस उपन्यासमा गरिएको छ ।

चन्द्रशमशेरका पालासम्म अर्थात् वि. सं. १९७७ भन्दा अगाडि नेपालमा सती प्रथाको चलन थियो । सती प्रथाको विधिवत् अन्त्य चन्द्रशमशेरले नै गरेका हुन् । (सुवेदी, संभ्रना,**सौन्दर्यकला : ऐतिहासिक परिचय**,काठमाडौं : पद्मा घिमिरे,२०६९, पृष्ठ ४२) सती प्रथाले धनी, गरीब, राजा, प्रजा सबैलाई छोएको थियो । एकातिर पतिको मृत्युको पीडा त छँदै छ त्यसमाथि अर्कोतर्फ जिउँदै चितामा जल्नु पर्ने बाध्यता हाम्रो समाजका विधवाहरूलाई थियो । नारी र पुरुष एक अर्काका अभिन्न अंग हुन् भने पनि आधा अंग मानिएको पतिको मृत्यु भएपछि जिउँदै जल्नुपर्ने परम्परा देख्दा विधवा हुनुको पीडा भन्दा ठूलो पीडा मानव जीवनमा अर्को कुनै देखिँदैन । तर उमेरमै पत्नीको मृत्यु भएमा पतिले तुरुन्तै अर्को विवाह गर्न पाउने अझ भन्ने हो भने आफ्नो इच्छानुसार पुरुषले बहुविवाह गर्न पाउने प्रचलन हाम्रो समाजमा परम्परादेखि नै चल्दै आएको पाइन्छ । प्रस्तुत उपन्यासकी प्रमुख पात्र तारा भने सतीप्रथाको अन्त्य भएपछि जन्मिएकी हुनाले उसले यो पीडा भोग्नु परेन । ताराले आफ्नी आमाबाट जीआमाले सती जानु परेको घटना सुन्दा उसले आफूलाई निकै भाग्यमानी संझेकी छ ।

"आमा ! म कति भाग्यमानी रचु है ! दुला मर्दा मैले जिम्दै चितामा जल्नु परेन । जीआमाले झैं सती जानु परेन ! मेरो त कपाल मात्र काटियो तर टाउको त काटिएन । पोते मात्र चूँडाइयो तर गला त रेटिएन । चुरा मात्र फोरियो तर हातहरू त फोरिएनन् । पाउजू मात्र झिकिए तर खुट्टाहरू जोगिए । गहना पो झिकिए तर नाककान त काटिएनन् । मेरो शरीरका राता लुगा र श्रृंगार मात्र पो खोसिए तर शरीर त खोसिएन । कमसेकम मैले जीआमाको जस्तै ज्यूँदै चितामा जलेर मर्नु परेन ! " (न्यौपाने, अमर, पूर्ववत्, पृष्ठ १३७) एउटा सानो झिल्का आगोले पोल्दा त कति डाह हुन्छ भने आफ्नो जिँउदो शरीर पूरै आगोमा होम्दा कति गाऱ्हो हुन्छ होला ? तर हाम्रो समाजले , हाम्रो संस्कारले किन यस्तो कुरालाई बुझ्न सकेको थिएन ? चाहे बाल्यावस्था, चाहे बृद्धावस्थामा होस् जुनसुकै उमेरका नारीहरूले पनि आफ्ना पतिको मृत्युमा जिँउदै जल्नुपर्ने बाध्यता थियो । स्वेच्छाले आफ्नो लोग्नेसँग सती जान सक्नेले त्यो आगोको पोलाइको डाह सहेर आफ्नो शरीरलाई चितामा अर्पण गरिदिन्थे भने सती जान नसक्नेलाई जबर्जस्ती आगोमा होमिन्थ्यो । चिताबाट जल्दाजल्दै आत्तिएर भाग्न खोज्नहरूलाई ढुंगाले हानेर मार्ने र चितामा डढाउने परम्परा थियो । (ऐजन, पृष्ठ १३५) तर यहाँ ताराले यो अवस्था भोग्नु परेको भने देखिदैन । त्यसैले ताराले आफूलाई भाग्यमानी संझेकी छ ।

हाम्रो समाजमा नारीहरूलाई समाजका कडा नियमहरूमा बाँध्ने चलन छ । त्यसमाथि पनि विधवालाई त झनै विभिन्न रीतिरिवाज र संस्कारको घेराभित्र थुनेर सम्पूर्ण जीवन नै निस्सासिँदो बनाइदिने परम्परा रहँदै आएको छ । बाल्यावस्थामा नै विवाह गरिदिएर विधवा बन्न पुगेका नारीहरूको बाहिरी शरीर रंगहीन बनाउन खोजे पनि सेतो लुगाभित्र आफ्नो पनि रातो तरंगको धर्को छ भन्ने तीतो सत्यलाई हाम्रो समाजले बुझ्न सकेको छैन । श्रृंगार खोस्दा आइमाईलाई कति पीडा हुन्छ ? कसले बुझिदिने वेदनाको यस्तो बाफलाई ? यौवन फक्रिन्छ तर फूलन प्रतिबन्धित छ । (आचार्य, सन्तोष, **मुर्दावाद जिन्दगी, जिन्दावाद जिन्दगी** ! :**नेपाल राष्ट्रिय साप्ताहिक,** २०६९ जेठ १४) सात वर्षको उमेरमा विवाह गरेर नौ वर्षमै विधवा बन्न पुगेकी ताराको जीवन पनि बाहिरी रूप रङ्गहीन बनाइए पनि भित्री रूपमा उसको

मानसिक तथा शारीरिक रूप भने समय र उमेर अनुसार रंगीन बन्दै गएको छ । शरीर र मनले जे जस्ता चाहना गरे पनि ताराले त्यो पूरा गर्न पाएकी छैन । बाल्य अवस्थामा विधवा हुन पुगेकी ताराको शरीरलाई आवश्यक पौष्टिक आहार पनि दिनु हुन्न भन्ने मान्यता रहेको कुरा ताराकी कान्छी सासूको भनाइबाट प्रष्ट हुन्छ - "'विदुवी' बुआरीले यस्तो खानीकुरो खानुउन्न । दूध, दई, घिउ नि धेरै खानुउन्न । पुस्टिन्चन् र पोइला जान्चन्..........!" ( न्यौपाने, अमर, पूर्ववत् , पृष्ठ १४२ )

विधवा भएपछि शरीरलाई आवश्यक पर्ने पोषण दिन नहुने, उमेर अनुसार शरीरले पुष्टिन र फक्रिन पनि नहुने भन्ने मान्यता यहाँ देखिन्छ । विधवा भएकी स्त्रीले आवश्यक पौष्टिक आहार लिनाले उनीहरूको शरीर स्वस्थ हुन्छ,

जसले गर्दा उनीहरूले आफ्नो स्वस्थ शरीरलाई आफ्नो वशमा राख्न सक्दैनन् भन्ने खराब मानसिकताले ग्रस्त थियो हाम्रो समाज । उमेर अनुसार मनमा चल्ने अनेक भावनाहरूले आफ्नो मनलाई नियन्त्रण गर्न गाऱ्हो हुन्छ र गलत बाटो अपनाउँछन् कि भन्ने डरले विधवा भएपछि सधवा अवस्थामा भन्दा बढी धर्मकर्ममा मन लैजानु पर्छ भन्ने मान्यता छ । विधवाले जतिजति उमेर बढ्दै जान्छ त्यति नै आफ्नो मनलाई नियन्त्रणमा लैजानु पर्दछ, उनीहरूका लागि पति भनेकै भगवान् हुन् । त्यसैले भगवान्कै ध्यान र जप गरेर दिन कटाएमा मुक्ति मिल्दछ भन्ने भनाइ छ । यहाँ तारालाई पनि बाबा र आमाले यही कुरा बारम्बार सुनाइरहेका छन् । उसलाई विधवा भएपछि पति, यौवन, बैंस चाहना जस्ता कुरामा मन लैजानु पनि पाप हो र यस्तो कुरा सोच्नु पनि पाप हुन्छ भनेर उसकी आमाले भनेकी छन् :"यस जन्मको तेरो सौभाग्य र सिंगार दैवले खोस्यो । तेरा आफ्ना पुरुष छैनन् । अरुका पुरुषसँग आँखा नजुधाएस् । किनभने, ती अरुकै हुन् । तेरा आँखा सारै राम्रा भएकाले ती मोहित हुन्छन् । तिन्लाई नजिकबाट नहेरेस् । साइत अरेर कतै हिन्न लाका मान्छेहरूको अगाडि कइल्यै नपरेस् । किनभने, विदुईहरू अगाडि देखेसि तिन्को साइत बिउरिन्छ ।" (न्यौपाने, अमर, पूर्ववत्, पृष्ठ १५२) हाम्रो समाजमा विधवाप्रति किन यस्तो सोचाइ राखिन्छ ? किन विधवाहरूलाई एउटा ठूलो पर्खाल भित्र थुनेर राख्ने गरिन्छ ? के विधवा हुँदैमा सबै चाहनाहरू बाहिरी रंगीन आवरण सँगै तिरस्कृत हुन्छन् ? के त्यस्ता विधवाहरूको मनले चाहना नै गर्ने अधिकार छैन त ? आफ्ना जीवनका सम्पूर्ण रहरहरू उमेर अनुसारका इच्छाहरूलाई पूरा गर्न वञ्चित छन् हाम्रो संस्कारमा हुर्केका विधवाहरू ।

प्रस्तुत उपन्यासकी ताराको जीवन नौ वर्षकै उमेरमा उजाडिएपछि उसको सम्पूर्ण जीवन अशुभताको प्रतीक बन्न पुगेको छ । यही अशुभताको प्रतीकलाई ताराले घिच्याउँदै हिँडेकी छ । अन्तरमनमा विभिन्न रहर र चाहनाहरूले बारम्बार जिस्काइरहे पनि तारा त्यसलाई निर्ममतापूर्वक बाँधेर राख्न बाध्य छ । एकातिर यस्ता चाहनालाई मनमा कुण्ठित पार्दै दबाएकी छ भने अर्कातिर उसलाई समाजले गर्ने तिरस्कार र घृणाले झनै विक्षिप्त तुल्याएको देखिन्छ । मन भित्रका हजारौं चाहनाका रंगलाई जबर्जस्ती उडाइदिने यही समाजले फेरि उसैलाई किन अशुभताको प्रतीक बनायो ? त्यसैले ताराले भनेकी छ : "कतै साइत गरेर जान लागेकाहरू मलाई देखे भने आफ्नो साइत बिग्रिएको, अशुभ भएको मान्छन् । धेरै पटक म अञ्जानमा कतै साइत जान लागेका मानिसहरू सामु पुगेकी छु । र थाहा पाएर रुदैं घर फर्किएकी छु । रुदैं सोच्छु : उनीहरूले आज साइत नगरे हुन्थ्यो नि । किनभने, उनीहरूको साइत बिग्रियो अब ।

मैले बिगारें । यात्रामा, काममा नराम्रो भयो भने त्यसको जिम्मा म लिन सक्तिनँ । यस्तो अनुभूति हुँदा मलाई त्यस्तो ठाउँमा गएर बस्न मन लाग्छ, जहाँ मानिसहरू कतै जाने साइत कहिल्यै नगरुन् । त्यस्तो ठाउँ कतै छ कि छैन होला ? मलाई देखेपछि मानिसहरूको साइत बिग्रिन्छ भने मेरो आफ्नै साइत अझ कति बिग्रिन्छ होला ? किनभने, जहाँ जाँदा पनि मैले आफूलाई अघि लगाएर हिड्नुपर्छ जिन्दगीभर । आफूलाई कतै छोडेर म बिनाको मेरो साइत कसरी गरुँ म ?" (न्यौपाने, अमर, पूर्ववत्, पृष्ठ १४९)

आफ्ना छिमेकीहरू कतै साइत गरेर जान लागेका बेलामा तारालाई देखे भने आफ्नो साइत बिग्रिएको मान्दछन् । कहिलेकाहीँ मानिसहरू साइत गर्न लागेको थाहा नपाई तारा अचानक त्यहाँ पुगी भने उसलाई असाध्यै पीडा हुन्छ ; किनभने अब ती मान्छेहरूको काम बिग्रिने वा साइत बिग्रिने भयो भने त्यसको दोष त्यही अबोध ताराले नै पाउँथी । यस्तो अवस्थामा उसलाई ती मान्छेहरूले आजको साइत नै बन्द गरे हुन्थ्यो जस्तो लाग्दथ्यो । समाजका यस्ता दुर्व्यवहारले गर्दा तारालाई मानिसहरू नै नभएको ठाउँमा बस्न मन लाग्थ्यो तर त्यो सम्भव थिएन । ऊ मनमनै सोच्दछे "मेरो शरीर, रूप र आकृति देख्दामा नै हरेक मानिसको काम बिग्रिन्छ भने मेरो आफ्नै जिन्दगी अझै कति बिग्रिन्छ होला ?" किनभने, उसले आफूलाई अशुभताको प्रतीक आफ्नो शरीरबाट कहिल्यै पनि अलग्याउन सक्ने छैन । त्यसैले उसले आफ्नो पूर्ण जीवन नै अशुभ र कुसाइत मानेकी छ ।

तारा आफू देवघाट जान भनी गाउँ छोडेर हिँड्दा बाटोमा दस जनाको समूह फेला पारेकी छ । त्यहाँ पनि उसले ती यात्रा गर्नेहरूको साइत कतै आफ्नो कारणले बिग्रिन्छ कि भनेर बोल्न हिचकिचाएकी छ । आफ्नो एक्लो यात्रामा उनीहरू पनि सँगै हिँडेको देख्दा उनीहरू कहाँ पुग्ने होलान् ? भन्ने कुतूहलता भएपनि उसले सोध्ने आँट गरेकी छैन । ती यात्रुहरू सगैं हिँडेर बास बस्न पुग्दा पनि ताराले ती यात्रुहरू कसैलाइ पनि कुनै आपत्तिले नछोओस् भनेर प्रार्थना गरेकी छ किनभने तारालाई लाग्छ आफ्नो कारणले उनीहरूको साइत अशुभ भएको छ । यहाँ कसैको केही नराम्रो घटना भयो भने तारा स्वयम् उनीहरूसँग हिँडेकी हुनाले त्यो यात्रा अशुभ भएको हो भन्ने कुराले तारालाई पिरोलेको छ "पर नौ दश जनाको जत्था देखें । तिनको प्रकृति हेर्दा कतै बसाइँ जान थालेजस्ता देखिन्छन् । मलाई डर लाग्यो, तिनलाई भेट्टाउन । कतै तिनले टाढाको साइतमा विधवा देखेर अशुभ भयो भन्ने त होइनन् ?" (ऐजन, पृष्ठ २३६) आखिर शुभ अशुभ भन्ने कुरा हाम्रो समाजले नै छुट्याएको हो । यस्ता रुढिवादी विचारहरूलाई परम्परा देखि नै पालना गर्दै आएको यो समाजले बाल विधवाहरूका चाहनालाई कुण्ठित पार्दै आएको छ । अभिव्यक्ति कुण्ठित हुनु जति दुःख अरू हुँदैन । (त्रिपाठी, सुधा, पूर्ववत् ,पृष्ठ ५५) तर हाम्रो समाजका विधवाहरू आफ्ना अभिव्यक्तिहरू कुण्ठित पारेर बाँच्न विवश छन् ।

उपन्यासकारले हाम्रो हिन्दू समाजमा देखिएका विधवाहरूको वास्तविक जीवनलाई ताराका माध्यमबाट प्रस्तुत गरेका छन् । परापूर्वदेखि हाम्रो समाजले विधवाप्रति राख्ने दृष्टिकोणलाई यस उपन्यासमा मुख्य विषयवस्तु बनाइएको छ । त्यसैले प्रस्तुत उपन्यासको मुख्य कथानक भन्नु नै हाम्रो समाजका विधवाको वास्तविक जीवनको प्रस्तुति हो ।

## ४. 'सेतो धरती' उपन्यासमा विधवा चरित्रको प्रस्तुति

कथानकका सम्पूर्ण घटना पात्रमा निहित हुन्छन् । कुनै पनि घटनाको कल्पना गरी प्रस्तुतीकरण गर्ने माध्यम नै पात्र वा चरित्र हो । कथानक र चरित्र बीच अन्योन्याश्रित सम्बन्ध हुन्छ । पात्र बिना कथावस्तु अधुरो हुन्छ । कथामा प्रस्तुत गरिने पात्रहरू विभिन्न प्रकारले प्रस्तुत भएका हुन्छन् । उपन्यासमा कार्यका आधारमा प्रमुख, सहायक,गौण सबै पात्रको उपस्थिति छ । लिङ्गका आधारमा स्त्री पुरुष दुवै पात्रको उपस्थिति छ । प्रवृत्तिका आधारमा सत् असत् दुवै प्रकारका पात्रहरू छन् । त्यसैले यो उपन्यास बहुपात्रीय उपन्यास हो । यस उपन्यासको भोक्ता र कथयिता समेत रहेकी तारा नामक बालविधवा प्रमुख भूमिकामा देखिएकी छ भने उपन्यासभित्र विभिन्न सन्दर्भमा देखापर्ने अन्य पात्रहरूमा उसकी आमा, उसका बाबु, बहिनी कला, हजुरबा, हजुर आमा, सानी आमा, कान्छी आमा, काका, भाइहरू, बुहारी, उसको श्रीमान्, सासू, ससुरा, गाउँलेहरू, उसका बालसखाहरू गोविन्द, पवित्रा, कली, धर्म, राधी, केदार, महेश्वर, उसका साना नन्दहरू तिली र गङ्गी, युवा सखी यमुना, यमुनाको श्रीमान्, यमुनाका छोराहरू, मधुमाया दिदी, युवा साधु, स्वामीजी, देवघाटका भाईहरू, तीर्थालुहरू, गोविन्दको नाति र उसकी केटी साथी भेटिन्छन् । यी पात्रहरूमा विशेषगरी तारा पछि पवित्रा, यमुना र गोविन्द सहायक भए पनि मुख्य पात्रकै रूपमा प्रस्तुत भएको जस्तो देखिएको छ । तारा, यमुना र पवित्रा यी तीनैजना पात्र फरक फरक मनोदशाबाट गुज्रिएका छन् । लेखकले यी तीनै जना पात्रलाई भिन्नाभिन्नै रूपमा प्रस्तुत गरेका छन् । उपन्यासकी प्रमुख पात्र तारा सात वर्षमा विहे भएर नौ वर्षमा विधवा भएकी छ । उसकी बालसखा पवित्रा पनि बाल विधवा हो ,तर पवित्रा र उसको जीवनयात्रा विपरीत किसिमको छ । चञ्चल र विद्रोही स्वभावकी पवित्राले गरेका यात्राहरू अत्यन्त जोखिम र चुनौतीपूर्ण छन् भने ताराले जीवनका विडम्बनाहरू लाई निरीह भएर स्वीकारेकी छ । (पौडेल, भूमिश्वर, **सेतो आवरण भित्रको रङ्गीन जीवन : सौर्य दैनिक**, २०६९ वैशाख ३०) यसरी उपन्यासको सुरुदेखि अन्त्यसम्म ताराकै जीवन भोगाइ प्रस्तुत भएकाले यस उपन्यासको प्रमुख तथा केन्द्रीय पात्र नै तारा हो भन्न सकिन्छ र प्रस्तुत उपन्यासमा यसै पात्रमार्फत् विधवाका सामाजिक समस्याहरूलाई जीवन्त रूपमा प्रस्तुत गरिएको छ ।

## ५. 'सेतो धरती' उपन्यासको परिवेश विधान र विधवा समाज

पात्र वा चरित्रले भोगेको जीवनजगत् चित्रण गर्ने भावभूमि परिवेश हो । परिवेशलाई वातावरण, देशकाल र परिस्थिति पनि भनिन्छ । पात्र वा चरित्रले गर्ने कार्य स्थल नै परिवेश हो । 'सेतो धरती ' उपन्यास नेपालको पहाडी भूभागबाट सुरु गरिएको छ । प्रमुख पात्र ताराको जन्मस्थल कास्की जिल्लाको परिवेशबाट उपन्यासको सुरुवात भएको छ । राणाकालका अन्त्यतिर जन्मिएकी तारा अर्थात् त्यस समयका नारी अझ विशेषगरी विधवाहरूको सामाजिक परिवेशमा यस उपन्यासको सृजना गरिएको छ । उपन्यासमा ताराले आफ्नो जन्म नब्बे सालको भूइँचालो गएको वर्ष भएको, सात वर्षको उमेरमा आफ्नो विवाह भएको र नौ वर्षको उमेरमा विधवा बनेको स्मरण गरेकी छ । यसले तत्कालीन समयमा बालविवाहको प्रचलन रहेको परिवेश चित्रण गरेको छ । अझ त्यस समयमा छोरीहरू रजस्वला हुनु अगावै विवाह गरिसक्ने रूढिवादी परम्परा तीव्र भएको प्रसङ्ग पनि उपन्यासमा भेटिन्छ । भूगोलका दृष्टिले विधवाहरूको आश्रयस्थल बनेको देवघाटलाई यस उपन्यासमा मुख्य परिवेश बनाइएको छ ।

'सेतो धरती' उपन्यासमा वि.स.१९९० तिर जन्मेका नारीले भोग्नुपर्ने घटनालाई विशेष बनाउनका निम्ति त्यस समयको परिवेशलाई यस उपन्यासमा औपन्यासिकीकरण गरिएको छ । तत्कालीन समयमा छोराछोरीलाई बाल्य अवस्थामा नै वैवाहिक जीवनमा बाँधिदिने चलन थियो । त्यस समयमा दुर्घटनावश नारीहरू विधवा हुन पुगेमा उनीहरूले आफ्नो सम्पूर्ण जीवन विधवाकै रूपमा बिताउनु पर्ने चलन थियो । तर पुरुषले भने बहुविवाह गर्न पाउने अधिकार थियो । अझ यसभन्दा अगाडिको परिवेशमा सतीप्रथाको प्रचलन पनि थियो । नारीहरू जिँउदै चितामा जल्न बाध्य थिए । यस्तै समयलाई यहाँ परिवेश बनाइएको छ । ताराको जीवनको सुरुवात कास्कीको सेरोफेरोबाट भए पनि जीवनको उत्तरार्ध अवस्था भने उसले देवघाटमा गएर बिताएको पाइन्छ । उपन्यासमा देवघाटको वातावरणलाई राम्रोसँग समेटिएको देखिन्छ ।

कास्कीमा जन्मिएकी तारा विभिन्न परिस्थितिले गर्दा जीवनको उत्तरार्ध अवस्था देवघाटमा बिताउन बाध्य भएकी छ । प्रमुख पात्र तारासंगै अन्य पात्रहरूको पनि देवघाटमै उपस्थिति देखिन्छ । जीवनका गोरेटाहरूमा आ-आफ्नो जिन्दगी आफ्नै पाराले भोगेका उनीहरू अन्ततः जिन्दगी भोगेर देवघाटमा आश्रय लिन आइपुग्छन् । कोही निरुपाय भएर कोही जोडीसँगको वियोग सहन नसकेर त कोही आफ्ना सन्तानबाट तिरस्कृत भएर । ताराले पनि आफ्नो जीवनको धेरै समय देवघाटमै व्यतीत गरेकी छ । ताराले आफ्नो विगत सम्झने क्रममा पति र बालसखा गोविन्दको प्रसंगमा वनारसको कुरा गरेकी छ भने तीर्थाटनका क्रममा हरिद्वार पुगेको कुरा बताएकी छ । त्यस्तै आफ्नी बहिनीको घर जाने क्रममा तराईको गर्मीको प्रसंग पनि आएको छ । उपन्यास भित्र पवित्राले आफ्नो अतीतका बारेमा बताउने क्रममा वनारस,वृन्दावन जस्ता भारतीय भू-भागको चर्चा गरेकी छ ।

उपन्यासको परिवेशलाई हेर्दा करिब सतहत्तर वर्षको समयावधि चित्रण भएको पाइन्छ । भौगोलिक हिसाबले नेपालको पहाडी भू-भाग,देवघाट क्षेत्र र आंशिक रूपमा तराईको गाउँको चित्रण पनि पाइन्छ । मूलतः हिन्दू संस्कार र त्यसमा पनि बालविवाह, बहुविवाह र अनमेल विवाह जस्ता वैवाहिक समस्याको चित्रण गरी तत्कालीन परिवेशलाइ मार्मिक रूपमा उतार्नुका साथै बालविधवाले भोग्नु परेका यावत् समस्या यस उपन्यासमा मूल रूपमा भेटिन्छन् ।

## ६. निष्कर्ष

नेपालमा महिलामाथिको अन्याय, अत्याचार र असमान व्यवहारका कथाव्यथा अझै कायम छन् र तिनको समाधान खोज्न बाँकी नै छ । महिलाको काम, कर्तव्य, अधिकार वा स्वतन्त्रताका सवालमा समाज अझै रुढिवादी रहेकोले यो अवस्था विद्यमान छ । अझै पनि हाम्रो समाजबाट यस्ता रुढिवादी विचार पूर्ण रूपमा हट्न सकेका छैनन् । (अर्याल, दीपक, **महिलाका पक्षमा : हिमाल पत्रिका**, २०७० भदौ १६, पृष्ठ १७) परापूर्व कालदेखि नै हाम्रो समाजका बाल विधवाहरूले अत्यन्तै कष्टकर जीवन भोग्दै आएको पाइन्छ । बाल विवाहको प्रचलन आज पनि ग्रामीण परिवेशमा कताकति कायमै रहे पनि शहरी क्षेत्रमा यस्तो परम्परा प्रायः समाप्त भएको छ । हाम्रो समाज विस्तारै परिवर्तन हुँदै आएको छ । विधवा विवाहका सम्बन्धमा रूढ मान्यता राख्ने नेपाली समाजमा सत्तरी वर्षअघि नै पुनर्विवाहको पक्षमा अभियान चलाएको इतिहास छ । (ऐजन)

प्रस्तुत 'सेतो धरती' उपन्यासको विषयवस्तु राणाकालका अन्त्यतिरको भएकाले यसकी प्रमुख पात्र ताराले भने पुनर्विवाहको सम्बन्धमा सोच्न पनि पाएकी छैन। उसका सम्पूर्ण इच्छाहरू कुण्ठित अवस्थामा नै रहेका छन्। एकातिर आफ्नो कहालीलाग्दो जीवन यापन गरेकी छ भने अर्कोतिर उसैलाई समाजले हेय दृष्टिले हेरेको पाइन्छ। त्यसैले हाम्रो समाजमा नारी प्रतिको धारणा अझै विकसित हुनु पर्ने देखिन्छ।

हाल भने बालविधवा सम्बन्धी जनचेतनाका कार्यक्रमहरू बढ्दै आएको पाइन्छ। यसै सन्दर्भमा वि.स. २००० को दशकमा वनारसबाट निस्किएको "बाल विधवा विवाह किन नहुने ?" शीर्षकको पर्चामा यस्तो भनिएको छ "सानैमा विवाह गरेर लोग्ने नचिनी विधवा भएका किशोरीको रक्षा कसले गर्ने ? तिनीहरूको आवश्यकता कसले पूरा गर्ने ? सत्य युगका सतीहरूले पालन गर्ने नियम आजको युगमा पनि त्यही रूपमा ग्रहण गरेर किशोरीहरूको जीवन बर्बाद पारेको पाप कसले लिने ?" (ऐजन) साथै यसमा दिदीबहिनीहरूको दुर्दशालाई शिक्षित व्यक्तिहरूले समेत वास्ता नगरेको र समाजले कथित पवित्रताको कोरा सिद्धान्त अगाडि सारेर अमानुषिक अत्याचार गरेको भन्दै विरोध गरिएको छ। "बालविधवाहरूले किन अर्को विवाह गर्नु हुँदैन ? भन्ने प्रश्न गर्दै आजको युगमा शास्त्रले पुनर्विवाहको सरासर समर्थन गरे पनि हाम्रो समाजले शास्त्रको वचनतिर ध्यानै नदिएको" भनिएको छ। (ऐजन) हाम्रो समाजका कुसंस्कारहरूका कारण कति नारीहरूले आफ्नो जीवन नरक जस्तै बनाउनु परेको हुँदा हामी सबैले यस्ता धारणाहरूलाई परिवर्तन गरी निष्पक्ष समाजको निर्माण हुन आवश्यक छ भन्ने भावना पनि सेतो धरती उपन्यासमा देखिन्छ।

यसरी उपन्यासकार अमर न्यौपानेले 'सेतो धरती' उपन्यासमा विधवाको कथानक, विधवाकै चरित्र र त्यस समयका विधवाप्रतिका सामाजिक सोचाइलाई उतारेका छन्। यसमा प्रयोग भएका विषयवस्तु पात्र विधान र परिवेश विधवा सँगै सम्बन्धित देखिन्छ हुन त उपन्यासमा विधवा बाहेक अन्य कथावस्तु र अन्य चरित्रलाई पनि नसमेटिएको होइन तर पनि यस उपन्यासको मूल भन्नु नै विधवाको समस्यासँग सम्बन्धित घटना हो। यसै घटनालाई यहाँ उपन्यासकारले औपन्यासिकीकरण गरेको पाइन्छ।

**सन्दर्भ-ग्रन्थ सूची**


१. अमर न्यौपाने, **सेतो धरती**,दोस्रो संस्करण,काठमाडौं : फाइनप्रिन्ट आइएनसी, २०६९

२. के.एम्. कापडिया, **भारतवर्ष में विवाह एवं परिवार,** वनारस : मोतीलाल वनारसीदास

३. छविकान्त आचार्य, **विधवा विलाप**, वाराणसी : सर्व हितैषी कम्पनी, १९५० ई

४. मनुस्मृति,मुम्बइ :गुजराती प्रिन्टिङ प्रेस

५. सुधा त्रिपाठी,**नारीवादको कठघरामा नेपाली साहित्य**,ललितपुर : साझा प्रकाशन,२०६७

६. संझना सुवेदी, **सौन्दर्यकलाःऐतिहासिक परिचय**,काठमाडौं : पद्मा घिमिरे,२०६९



**भारतपुर-६, चितवन**
**सम्पर्क : ९८५१०९००७५**


≋

# ‘समयको सहीछाप’मा बिम्ब प्रयोग

**चारुभा घिमिरे**

## १. विषय प्रवेश :

समसामयिक नेपाली साहित्यमा नियात्राकार र कविका रूपमा परिचित नाम हो– दामोदर पुडासैनी किशोर । **आफन्तका अनुहारहरू** (२०४९), **आँखाको खोजीमा** (२०६२), **आकारको खोजीमा** (२०६३), **आलोकित आयाम** (२०६३) जस्ता कविता सङ्ग्रह प्रकाशित गरिसकेका पुडासैनीको **समयको सहीछाप** नामक अन्तिम कविता सङ्ग्रह प्रकाशित भएको छ । विशेष गरेर यात्राका समयमा साक्षात्कार भएका विविध प्रसङ्गमा काव्यिक रूप दिने पुडासैनीको यस सङ्ग्रहमा भने घर, कार्यालय, फुर्सदको समय र यात्रा अनुभूतिले स्थान पाएका छन् । प्रस्तुत लेखमा  कविता सङ्ग्रहका कवितामा बिम्ब प्रयोगलाई केलाउने प्रयास गरिएको छ ।

## २  बिम्बको सैद्धान्तिक परिचय

### २.१ बिम्बको शाब्दिक अर्थ र परिचय

बिम्बको शाब्दिक अर्थ ‘छाँया’, ‘दर्पण’, ‘प्रतिबिम्ब’ र ‘प्रतिच्छाँया’ हो । साहित्यमा यसले काव्य बिम्बलाई जनाउँछ । बिम्बले स्रष्टाको मानसपटलमा रहेको मानसिक तस्विरलाई चित्रात्मक भाषा प्रदान गर्दछ । यो मानस प्रतिच्छवि हो (रेग्मी, २०६९ : ९) । पूर्वीय साहित्यमा बिम्ब कुनै साहित्यिक सिद्धान्त, वाद वा सम्प्रदायका रूपमा मात्र होइन, पारिभाषिक शब्दका रूपमा समेत रहेको देखिँदैन ।... साहित्यमा बिम्बको अध्ययन पश्चिमी देन हो (गौतम, २०६० : २) पूर्वीय साहित्यमा बिम्बको ठाउँ अलङ्कार, रूपक र उपमाले लिएको पाइन्छ । बिम्बलाई विभिन्न पाश्चात्य विद्वान्हरूले आआफ्नै तरिकाले अर्थ्याएका छन् । प्रसिद्ध समीक्षक, बिम्बवादका प्रखर व्याख्याता एवं नवआलोचनाका अनुयायी सी.डी.लेविसले बिम्बलाई एक प्रकारको शब्दचित्र मानेका छन् । यिनले बिम्बलाई प्रतिबिम्ब, प्रत्यावर्तन वा दर्पण प्रतिबिम्बका रूपमा हेरेका छन् । उनले आफ्नो **काव्य बिम्ब** भन्ने ग्रन्थमा “कवितामा बिम्ब भनेका विभिन्न कोणमा रचिएका दर्पणका शृङ्खला जस्तै हुन् । जब कविताको भाव अगाडि बढ्छ, यी बिम्बहरू विभिन्न र असङ्ख्य रूपमा प्रतिबिम्बित हुन्छन् तर ती तिलस्मी दर्पण हुन्, जसले भावको प्रतिबिम्ब उतार्ने मात्र होइन, यसलाई जीवन र रूप समेत प्रदान गर्दछ” (अब्राहम्स, सन् २००५ : ८०) । परिवेश सम्बन्धी संवेदना र प्रत्यक्षीकरणको अतिरिक्त मान्छेको मनमा कहिल्यै अस्तित्व नहुने, नघट्ने वस्तु र घटनाहरूका असङ्ख्य प्रतिमाहरू रहन्छन्, बिम्ब यसै मानस प्रतिमालाई बुझाउने शब्द हो । काव्य, कला, सङ्गीत र अन्य नवनिर्माणका लागि कविको मस्तिष्कमा रहेका नवीन प्रतिमाहरू वा बिम्बहरू आवश्यक हुन्छन् । साहित्यमा बिम्ब विधानको स्वरूप आफ्नै व्यक्तित्वमा निर्भर रहन्छ भन्ने कुरा हिन्दी साहित्य कोशमा उल्लेख गरिएको छ (बर्मा र अन्य, सन् १९८५ : ४३१/४३२) । एम.एच.अब्राहम्सका अनुसार बिम्ब भन्नाले चित्रात्मक भाषा भन्ने बुझिन्छ, जुन काव्यमा उपमा र अलङ्कारलाई अगाडि बढाउने माध्यम हो

(अब्राहम्स, सन् २००५ : ८०) । साहित्यमा प्रस्तुत भएका अमूर्त संवेदनाहरूलाई मूर्त रूपमा प्रस्तुत गर्न प्रयोग गरिने शब्द नै बिम्ब हो (ह्याथोन, सन् २००० : १६९) । बिम्बवादी कवि, बिम्बवादका प्रणेता एज्रा पाउन्डले 'छोटो समयमा हुने बौद्धिकता, भावात्मकताको संमिश्रण नै बिम्ब हो' भनेका छन् (कडन, सन् १९९८ : ७९) । पाउन्डका अनुसार जीवनभर लगाएर थुप्रै मोटा ग्रन्थहरूको रचना गर्नु भन्दा एउटै बिम्बको सिर्जना गर्नु उत्तम हुन्छ (गौतम, २०६० : ७) । प्रस्तुतका माध्यमबाट अप्रस्तुतको, मूर्तका माध्यमबाट अमूर्तको चित्रण गर्ने सम्मूर्तनपरक निर्दिष्टता एवं निश्चिततायुक्त र कुनै वस्तुको काल्पनिक प्रत्यक्षीकरणपरक चित्रण र लेखन शैली नै बिम्ब हो र यसमा ऐन्द्रियिकता, भावात्मकता, चित्रकारिता एवं काल्पनिकता र धारणात्मकता समेत आभाषित हुन्छ (ऐ. :१०) । त्यसैले बिम्ब सर्जकका मानसपटलमा रहेको मानसिक तस्विरलाई सम्मूर्तित बनाउने चित्रात्मक भाषा हो ।

यी समग्र परिभाषाहरूलाई नियाल्दा बिम्ब वस्तुगतता, स्पष्टता, मूर्तता, सङ्क्षिप्तता, चित्रात्मकता, सूत्रात्मकता, भाषिक मियव्ययिता जस्ता गुण बोकेको साहित्यिक भाषाको एउटा पक्ष हो ।

## २.२ बिम्बवाद

स्वच्छन्दतावादी भावुकता र प्रगतिवादी आग्रहको अतिरञ्जनाको अस्वीकृत स्वरूप मान्यता लिएर बीसौं शताब्दीमा पश्चिममा बिम्बवादको जन्म भएको हो । प्रथम विश्वयुद्धका समयमा कवितामा नयाँ प्रकारको अभिव्यक्तिको आवश्यकताका सन्दर्भमा बिम्बवादको स्थापना भएको हो । अमेरिकी कवि एज्रा पाउन्डले सन् १९०८ देखि १९२० सम्म अमेरिका बस्दा नै बिम्बवादी आन्दोलनको प्रवर्तन गरे । उनको नेतृत्वले नै बिम्बवादी आन्दोलनको विकास एवं उत्कर्ष प्राप्त गर्‍यो (भट्टराई, २०६०: ४१) । मूलतः सन् १९१२ देखि १७ को अवधिमा जन्मेर हुर्केर समाप्त पनि भएको बिम्बवाद फ्रान्सेली प्रतीकवादीहरूबाट प्रभावित भएको मानिन्छ । साहित्य समालोचनाको क्षेत्रमा बिम्बवाद शब्दको प्रथम प्रयोग सन् १९१२ मा एज्रा पाउन्डले नै गरेका हुन् । हुन त बिम्बवादी दृष्टिकोणले साहित्य समालोचना गर्नु पर्ने मान्यता राख्दै प्रतीकवादी कवि टी.ई.हूलमेले सन् १९०८ मा नै प्रथम पटक घोषणापत्र प्रकाशित गरि सकेका थिए । पछि सन् १९१२/१३ मा एज्रा पाउन्डले उक्त घोषणा पत्रमा बिम्बवाद शब्दको प्रयोग गरी त्यसको परिवर्तित र संशोधित रूप प्रकाशित गरे । सन् १९१४ मा पाउन्डले **डेस इमाजिस्ट : अन एन्थोलोजी** (बिम्बवादी सङ्कथन) प्रकाशन गरेपछि बिम्बवाद चर्चित भएको मानिन्छ (त्रिपाठी, २०३० : ८३) । यसैले, बिम्बपरक लेखनलाई सम्प्रदाय वा वादका रूपमा अगाडि बढाउने श्रेय पाउन्डलाई नै जान्छ । एज्रा पाउन्ड पछि यसको नेतृत्व अमेरिकी कवि ए.बी.लोबेलले गरिन् । उनले सन् १९१५ मा **केही बिम्बवादी कविहरू** शीर्षक कविता सङ्ग्रह प्रकाशित गरिन् । यसले बिम्बवादी कवितालाई उचाइमा पुर्‍याउने काम गर्‍यो । सन् १९३० मा बिम्बवादी धाराबाट अनुप्राणित कविहरूको एउटा सङ्कलन प्रकाशन भयो । यो नै यिनीहरूको अन्तिम प्रकाशन थियो (गौतम, २०६० : १४) । बिम्बबादको घेराभित्र रहेर कविता लेख्नेहरूमा टी.ई.हूलमे, एज्रा पाउन्ड, टी.एस.इलियट, एमी लोबेलको नाम अग्रपङ्क्तिमा आउँछ ।

**२.३ साहित्यमा बिम्बको प्रयोग :** कवितमा बिम्बको प्रयोग सन्दर्भ निकै पुरानो मानिन्छ । पूर्वमा ऋग्वेदमा र पश्चिममा होमरका काव्यमा नै बिम्बको आदिरूप प्राप्त गर्न

सकिने धारणा विद्वान्हरूको छ । बिम्ब सर्जकका मानसपटलमा रहेका मानसिक तस्बिरलाई सम्मूर्तित बनाउने चित्रात्मक भाषा हो । यो मानस प्रतिच्छवि हो । पूर्वमा रस, अलङ्कार, ध्वनि, वक्रोक्ति आदि विविध सम्प्रदायहरूको जन्म र पश्चिममा साहित्यिक सिद्धान्त, प्रणाली र वादको जन्म धेरै अगाडि भए पनि बिम्बवाद बीसौं शताब्दीमा मात्र पश्चिममा साहित्य सिद्धान्तको रूपमा देखा पर्‍यो । विशेष गरेर अमेरिकी र बेलायती कवितामा अभिमानका रूपमा आन्दोलनका सूत्रधार टी.ई.हुम्ले भए पनि यसलाई विकसित गर्नेश काम एज्रा पाउन्डले गरे । यिनको **क्यान्टोज** बिम्बहरूको संयोजन भएको कृति हो । यसमा भएका कविताहरूमा विभिन्न बिम्बहरू परस्पर विरोधी मनस्थितिको प्रतीकका रूपमा रहेका छन् । बिम्बवाद छोटो समयमा चरमोत्कर्षमा पुगी छोटै समयमा शिथिलतातिर लागेको भए पनि विश्वव्यापी रूपमा कवितामा यसको प्रभाव पर्न थाल्यो । अन्तरराष्ट्रिय साहित्यिक जगत्मा आएको यसको प्रभाव नेपाली कविताका क्षेत्रमा पनि परेको देखिन्छ । सैद्धान्तिक सचेतताका साथ नेपाली कवितामा बिम्बको प्रयोग हुन थालेको भने होइन तर सचेततापूर्वक नेपाली कवितामा बिम्बको प्रयोग भने प्रयोगवादी कवितामा देख्न सकिन्छ । मोहन कोइराला, ईश्वर बल्लभ, बैरागी काइँला, रत्न शमशेर थापा, मदन रेग्मी आदि आयामेली र प्रयोगवादी कविहरूले कवितामा बिम्बको सचेत र नवीन प्रयोग गरे । समकालीन नेपाली कविहरूले पनि बिम्बको प्रयोगलाई अझै अघि बढाइ रहेका छन् । बिम्ब प्रयोग समकालीन नेपाली कविताको प्रमुख प्रवृत्ति नै बनि सकेको कुरालाई नकार्न सकिँदैन । विष्णुविभु घिमिरे, दुबसु क्षेत्री, कुन्ता शर्मा, श्यामल, भाउपन्थी, सीता पाण्डे, बानीरा गिरी लगायत अन्य कविहरूका साथै दामोदर पुडासैनीका कवितामा पनि बिम्बको घनीभूत प्रयोग पाइन्छ ।

## २.४ बिम्बका प्रकार

विषयवस्तुलाई उपमा आदि अलङ्कारद्वारा अर्थ्याउन पनि बिम्बको प्रयोग भएको पाइन्छ । यसैले ती विषयको उठान सन्दर्भ र उपमादिको खोज जुन क्षेत्रबाटख गरिन्छ, त्यसै अनुरूप बिम्बको प्रयोग गरिन्छ । त्यस कारण बिम्बहरू विविध प्रकारका हुन्छन् । तिनलाई यति नै छन् भनेर किटान र वर्गीकरण गर्नु अत्यन्त कठिन कार्य हो । बिम्ब कविले स्वयम् निर्माण पनि गर्न सक्ने र अप्रचलित किसिमका पनि हुन सक्ने भएकाले पनि तिनको वर्गीकरण गर्न गाह्रो परेको हो तापनि मोटामोटी रूपमा बिम्बलाई निम्नानुसार विभाजन गर्न सकिन्छ : ती हुन् यथार्थ बिम्ब, पारदर्शी बिम्ब, प्रतीकात्मक बिम्ब, यौन बिम्ब, छायात्मक बिम्ब, लोक बिम्ब, ब्रम्हाण्ड बिम्ब, त्रासद बिम्ब, प्राकृतिक बिम्ब, ऐतिहासिक बिम्ब, श्रव्य बिम्ब, दृश्य बिम्ब, आश्वाद्य बिम्ब, स्मृति बिम्ब, शिशु बिम्ब, ग्राम्य बिम्ब, सांस्कृतिक बिम्ब, स्वप्न बिम्ब, आलङ्कारिक बिम्ब, सरल बिम्ब, मिश्रित बिम्ब, पौराणिक बिम्ब, क्रान्ति बिम्ब, प्रणय बिम्ब र निजी बिम्ब आदि । उल्लिखित बिम्बमध्ये पनि कतिपय बिम्बहरू एकअर्कामा मिसिन सक्ने खालका देखिन्छन् । प्रस्तुत लेखमा दामोदर पुडासैनीकृत **समयको सहीछाप** कविता सङ्ग्रहमा प्रयुक्त निम्न लिखित बिम्बको खोजी गर्ने प्रयास गरिन्छ ।

## २.४ समयको सहीछापमा बिम्ब प्रयोग

**१ प्राकृतिक बिम्ब** : प्रकृतिबाट टिपिएका बिम्बहरू नै प्राकृतिक बिम्ब हुन् । यस्ता बिम्बहरू ऋतु चक्र, नदी, वन, पर्वत, सन्ध्या, वनस्पति, झरना, हिमशिखर आदिबाट लिइन्छ ।

आँसुका दानाहरू/बादल बनिरहेको बेला (**बादल,** पृ.१), हिमाल, पहाड, बस्ती र समुद्र (ऐ. २), नदी र समुद्र बहन थालेपछि आकाशमा/थाल्छन् मूर्च्छनामा आलिङ्गनबद्ध हुन/धर्ती र आकाशका अङ्ग अङ्ग उभिन्छ/एउटा इन्द्रधनुषी भर्‍याङ (**समाहित,** ७), म धर्ती छोडेर/तिमीजस्तै नीलो आकाशमा/रङ्गीन पखेटा फिँजाउँदै हिँड्न चाहान्छु (**चरा,** २०), तिमी र घाम लुटपुटिरहेछौ एकोहोरो/भर्खर फैलिएको इन्द्रेनीमा (ऐ.२१), कुहिरोले ढाकिरहेछ पहाडलाई/घाम झुल्किसक्यो भनिरहेछन् अष्टावक्रहरू (**नयाँ पहाडहरू,**घामको हो/वा जुनको हो/वा, अझै कैद गर्न खोज्दैछ घामलाई कोही/कुहिरोभित्रको (ऐ.२४), पानी खोलाबाटै खसिरह्यो/माटो काकाकुल ढिस्को बाँचिरह्यो (**असार**, रू, २४), अलिअलि उज्यालो त छिरेको छ/कुहिरोका कणकणबाट/उज्यालो २७), .../र, खुरुखुरु झुल्कन रहेछन्/शाश्वतका घाम र जुनहरू (**चित्रहरू**, ३१), कस्तो मजासँग खुल्यो जुनेली किरण/.../(**तस्विर र समय**, ३२), तृणहीन पहाडहरूले/फैलाइ रहेछन् इन्द्रेनी रङहरू (**जोमसोम**, ३५), पर्वहरू अजङ्गको पहाड बनेर/उम्रनु हुँदैन अबदेखि ... (**पर्वको पाइला**, ३८), रुखहरू, आफसेआफ हराएका थिए/चराहरू, मुक बनेर बिलाएका थिए (**दुर्घटनामा परेपछि**, ४१), पहाड, बगर र ढाडमा नठोकिई/कहाँ सडलिएको छ र पानी/... (ऐ.४२), एउटा भरभराउँदो फूल फूललाई/.../इन्द्रेनी चरीको सुन्दर गीत (**फूलमाथि खन्याइएको आगो**, ४४), इन्द्रेनी रङ्गमा/फूल्छन् फूल्हरू (**जोखिममा फूल**, ४६), मुस्कुराउँदै फक्रन्छन् फूलहरू/फूल सार्दा पनि खतरासँग हातेमालो गर्नु पर्छ/.../के थाहा फूललाई बारीको ड्याङ्मा नझरेसम्म (ऐ. ४७), हरिया पहाडहरू/.../सेता हिमालहरू/अग्लिन खोज्दै थिए (**भ्रान्तिमा अलमलिएको क्रान्ति**, ४८), एउटै नदी बग्न छोडेर/किन कुलो र कान्लोमा कोचिइरहेछौं (ऐ.४९), जसरी टुङ्गिँदैन नदीको यात्रा/समुद्रको फैलावटसम्म (**समयको रखवारी**, ५१), हिजोका धमिरा र अरिमुठेहरू/अँध्यारोका पुजारी चमेराहरूलाई/र, विषधारी फँणाहरूलाई (**समयको बकपत्र**, ५६), घाम, सधैंभन्दा बनिरहेछ, चम्किलो/र, न्यानो/हावा झन्झन् बनिरहेछ, सुमधुर (**प्रेमदिवस**, ७१), तैपनि, बचेराविनाको/गुण नियाल्दै/साँझको सूर्य बन्न खोज्दै छ पहाड (**पहाडमा**, ८६), मसँगै यतिखेर हिँडिरहेका पाइलाहरू/काँडामा, भेलमा, हुरीमा/र, अनन्त काला चक्रवातहरूमा (**छोडी गएका पाइलाहरू**, ८९) इत्यादि ।

२. **यौन बिम्ब** :

कविता पढ्दा मस्तिष्कमा यौनजन्य चित्र जन्माउने बिम्ब नै यौन बिम्ब हो । यस अन्तर्गत यौन अनुभूति दिने बिम्बहरू पर्दछन् ।

आलिङ्गनबद्ध बनेको बेला/हामी पूरै हराएका थियौं बादलमा/दुवैको मनभरि बगिरहेथे/फाँट र बारी भिजाउने/अनन्त नदीहरू (**बादल**, पृ.२), नदी र समुद्र बहन थालेपछि आकाशमा/थाल्छन् मुर्च्छनामा आलिङ्गनबद्ध हुन/धर्ती र आकाशका अङ्गअङ्ग/ उभिन्छ एउटा इन्द्र धनुषी भर्‍याङ/प्रेमी प्रेमिकाका मनहरू ओहोरदोहोर गर्न/धर्ती पोखिन्छ आकाशमा/र, आकाश सोसिन्छ धर्तीमा (**समाहित**, ७), एकापसमा पूरै पोखिएपछि/भेटिए नयाँ नयाँ प्रदेश/माया र सिर्जनाका/हामी दुवै/बाफ बनेर बर्सियौं/रवाफ बनेर चम्कियौं (ऐ.), वर्षात्को क्षणमा/धर्ती टाँगिन्छ आकाशमा/आकाश घुस्न थाल्छ पृथ्वीका अवयवहरूमा/एकाएक गुन्जन थाल्छ वासन्ती राग (ऐ.८), झमझम झरीमा/पौडिएर तरङ्गित भएपछि/सर्वोच्च आनन्दका बगैंचामा/षोडसी

फूल सुम्सुम्याउँदा लागिरहेछ/एकको मन अर्कोमा समाहित नहुने हो भने/... (ऐ.), तिम्रा सुडौल र बराँठिएका/उन्नत चुचुराहरू सुम्सुम्याउन/कयौं पटक धाएँ/म तिम्रो प्रदेशमा/दह्रो माछा बनेर पस्दै/तालको भन्दा अझ धेरै/गहिराइ चुम्न खोजें मैले/टिलपिल टिलपिल भएको तिम्रो तालमा (**परिधानमा लुकेको पोखरा**, ९), तिम्रा हरेक खोपिल्टाहरूमा/मन साटेर लुक्न चाहन्छु/.../यता तान्छयौ वस्त्र/उता खुस्कन्छ तिम्रो शरीर/उता छोप्छयौ/यता निस्कन्छन्, बैसालु अवयवहरू (ऐ.१०), आफ्ना सुन्दर खर खजानाहरू/लुकाउँदै देखाउँदै/देखाउँदै लुकाउँदै ...(ऐ.), अलि अलि लुक्नुको स्वाद बेग्लै रहेछ/अलि अलि फुक्नु र फुस्कनुको मिठास बेग्लै रहेछ (**तिमीसँग भेट नभएको भए**, १७), जति जति चढ्दै जान्छु/तिम्रा अग्ला हिमालहरूमा/त्यति त्यति फैलिरहेछु/हिमाली भेगका गरा र कन्दराहरूमा (**जोमसोम**, ३५), बर्सनु नै फैलनु रहेछ/एक थोपा तिमी ममाथि ओर्लिएकी के थियौ/संसार बदल्ने बिरौटो खन्न/म एक्लै तम्सिरहेछु ...(**फूलको नयाँ पत्रमा**, ५९), भेटिरहेछु/तिम्रो चुम्बनको न्यानो छाप/तिम्रा प्रत्येक शब्दहरू/.../हामीहरू अग्निकुण्डमा होमिएर/चरमानन्दमा डुबुल्की मारिरहेछौं (**स्पर्श आयाम**, ६५), कति राम्रा छन् हगि/तिम्रा चुचुराहरू/कति स्वादिला छन् हगि/तिम्रा खोँचबाट बग्ने अजस्र धाराहरू/तिम्रा बुट्टयानहरूमा/लडिबुडी गरूँ वा, चढूँ तिम्रा अनकण्टार उचाइहरूमा/वा, झरूँ तपतप पसिना बनेर (**प्रकृति**, ६८), कहाँ अघाएँ र म/तिम्रा स्पर्शहरूसँग/कहाँ तृप्त भएँ र म तिम्रा चुलबुले गतिहरूसँग/बगूँबगूँ लागि रहेछ/तिम्रा हरेक लोभलाग्दा अङ्ग र आँकुराहरूसँग (ऐ.६९), मैले खोजेको तिम्रो स्पर्श/तातेर जल्न होइन, तात्दै तात्दै/.../हाम्रा हरेक स्पर्शहरू/चिलचिलाउँदो उखरमाउलो/र, विष्फोट उन्मुख हुनुपर्छ (**स्पर्श**, ७८) इत्यादि ।

## ३. प्रेम/प्रणय बिम्ब :

राष्ट्रप्रेम, मातृप्रेम, पतिपत्नी बिचको प्रेम र प्रेमीप्रेमिका बिचको प्रणयभाव व्यक्त गर्ने बिम्ब नै प्रेम/प्रणय बिम्ब हो । रोमान्स, भावुकता, आलम्बन र उद्दीपनको प्रयोग, शृङ्गारिकता प्रणय बिम्बका गुणहरू हुन् ।

उनेर तिम्रा हरेक पीडाहरू/प्रेमको उज्यालोले सिनित्त बढार्न खोज्दै छु म/.../प्यारी राधा भाग्यवश हामी दुवैले पाएका छौं/.../फुलाउन चाहन्छु म अलौकिक फूल हाम्रो प्रेमको/मेरो यो लीला स्वीकार्ने कुनै ठाउँ छ तिम्रो हृदयमा ? (**कृष्ण**, ६), बादल वस्त्रले आफ्नो शरीर ढाकेको भने/मलाई पटक्कै मन परेको छैन/परिधान पहिरे पनि लोभलाग्दी/निर्वस्त्र उभिए पनि मायालाग्दी/तिमीलाई देख्नै किन पर्‍यो र पटकपटक/सम्झनाले मेरो मन नाच्न छोडेको छैन (**परिधानमा लुकेको पोखरा**, ९), तिमीसँग मन पनि साट्ने मन छ/तन पनि साट्ने मन छ (ऐ.१०), एकान्तको सम्झना मिठो/भेटघाट अझ कति हो कति मिठो/आफैंलाई बिर्सेर/तिमी बन्छु म तिम्रो सामुमा/दुवैलाई भुलेर, दुवैको एउटै/रूप, रङ र आकार बन्छ नयाँ/.../कसरी लाग्थे होलान् र यति मीठा/तिमीसँग भेट नभएको भए (**तिमीसँग भेट नभएको भए**, १७), वर्सात्ले भखरै स्वाइ खाएका पातहरू/धान रोप्दै पसिनाले धोएको तिम्रो मुहार/.../चुँदरीमा मुन्टो लुकाएकी तिमी पो रहिछौ/.../तिम्रो र मेरो बीचमा उम्रन्छन्/प्रेम बनेर (**असार**, २६ र २७), प्रिय तिमी र म/बिदा भयौं भने यो संसारबाट/हाम्रो गाढा मायालाई/.../केवल हाम्रो मायाको चित्रले/.../कहाँ लेखिन्थ्यो र अमर कथा लैलामजनुको/प्रिय, आखिर बाँचेको छ हाम्रो प्रेम पनि/.../ अन्तररङ्ग आकारहरूमा

(**चित्रहरू**, ३० र ३१), प्रिय, तिमी छयौ, म छु/हामी नरहे पनि बाँचिरहनेछन् तस्विरमा/हामीले साटेका राता गुलाफ र माया साट्दा उभिएका बार्दलीहरू/.../प्रिय, तिमी र म/मायामा लुटपुटिएको सुन्दर तस्विर/... (**तस्विर र समय**, ३३), मैले त पहाडमा/तिमी र तिमीजस्तै शीतल सिँयाल भेटेँ/क्षणक्षणमा माया र मेहनतको जङ्गलभित्र/जिन्दगीको अमिट तिर्खा मेटेँ (**नाघ्दै पहाडका शृङ्खलाहरू**, ५२), मेरो यात्राभरि/मैले भेट्न सकिँन/तिमीबाहेक अरू कोही/.../तिमीबाटै सुरु भयो मेरो यात्रा/तिमीले नै टुङ्ग्याइ दिनेछयौ (**प्रकृति**, ६७ र ६८), रोक्नै सकेनौ हामीले/आमाको अनन्त यात्रा/आमा नभए पनि/सम्झेर बाँचेका छौं/आमाको वात्सल्य/.../झुक्यानमा पारिएको छ देशलाई/तिखा दाह्राहरूले डसिएको छ देशलाई (**अभावको पीडा**, ९० र ९१), माया त हो नै रहेछ महको सागर/तिमीसँग साटासाट गर्न थालेदेखि माया/झरिझुट्ट फलेको (**उपस्थिति**, ९३), तिम्रा रसिला ओठहरूले/पटकपटक चुमेको/हेर्न चाहि रहेछु (**फुटबल**, ९५) इत्यादि ।

४. **यथार्थ बिम्ब** :

समसामयिक जीवनका विकृति, विसङ्गति आदिबाट ग्रहण गरिएका बिम्बहरू हुन् ।

ग्याँग गुल्ट्याउने कुरा गर्छ/भजन मण्डली भत्काउन अगाडि सर्छ/कवितालाई अब बाँच्न दिनु हुँदैन हजुर/कविता बाँच्यो भने/हाम्रो एकतन्त्र/न रहे बाँस, न रहे बाँसुरी हुन्छ (**साँच्चै हजुर दामोदरलाई तह नलगाइ भएको छैन**, पृ.४), टाउको र आँखा काट्छ कविहरूको/दिमाग र हात काट्छ कलाकारहरूको/जोजोको रगत, पसिना र जिन्दगी कुल्चेर ठडियो आफू/तिनैलाई उपाधि दिलाउँछ कपुतहरूको/.../हाजिरीमा दशपाँच जनिएपछि/बन्दव्यापारमा दौडिन्छ/खेती किसानीमा पौडिन्छ/बाउन्न पत्तिमा बाँडिन्छ/कृष्ण र राधा मिलनमा मस्किन्छ/.../बबरमहलकै बानीमा उभिएका छन्/अझै मेचीकाली बिचका अनगिन्ती महलहरू/पूरानै ढर्राका (**बबरमहल**, १५ र १६), विराजमान बनेपछि स गाडीले/कहाँ बोकेको छ र आजसम्म/नाङ्गो आङ र आधा पेटमा पहरा फोर्ने गाउँलेहरूलाई/कहाँ गनेको छ र/महङ्गीको धुलो धुवाँमा /जाकिइ रहने शहरियाहरूलाई सरकारी गाडीमा/प्रायः सबैजना/ठान्न थाल्दछन् आफूलाई/सर्वशक्तिमान् भगवान् र छाँट्न थाल्दछन् प्रवचन/आफैंले पालना नगर्ने आदर्श रङ्गहरूको/... (**सरकारी गाडी**, २२ र २३), म थाकि सकेको छु, मान्छेका मानवहीन व्यवहारबाट/र, मान्छेका कलुषित बस्तीहरूबाट (जोमसोम, ३६), नहुनेहरूका लागि/किन दुर्गम पहाड बनेर उभिन्छ दशैं/र, किन धमाधम पहिरो चल्छ/इज्जत, सम्पन्नता र सन्तोषका चुचुराहरूमा /.../ऋणको तलाउमाथि ढलपल गर्दै/.../अलिअलि बचेका अन्नदानाहरू पनि निमिट्यान्न पारेर (**पर्वको पाइला**, ३७), पटक पटक बलात्कृत भएका हुन् छोरीहरू/धेरैपटक तेजाबले/डसेको हो सुन्दरीहरूलाई (**फूलमाथि खन्याइएको आगो**, ४४), किन थिचोमिचो परिरहेछ राष्ट्रको उपस्थिति/.../किन घरिघरि चलिरहन्छ/भागबण्डामा लुछाचुँडी गर्ने कुरा/किन गर्भाधान नभै तुहिरहेछन्/अनुहार रङ्गाउने योजनाहरू (**आगोमाझको नदी**, ७२), खाइ नखाइ हामीले नै आकार दिएको सडकले/हामीलाई गाडी चढाउँदैन (**सडक**, ७९), जान्दैनथ्यो कसैले उकाली ओराली/छाम्दैनथे कसैले, अँध्यारो उज्यालो/मर्नु न बाँच्नुको निरसता जन्मन्थ्यो/पहाडहरू नभएका भए (**पहाडहरू नभएका भए**,

८३), बस्ती छ तर मान्छे छैन पहाडमा/जाँगर थियो कुनै बेला/अब त जाँगर पनि/विदेशिएको छ पहाडमा (**पहाडमा**, ८५), रक्सी नभएको बेला/माया मर्छ गति मर्छ/रक्सीको उचाइ चुलियो भने/उठ्नै नसक्ने गरी ढल्छ/यो सारा संसार (**रक्सी**, ९७) इत्यादि

**५. त्रासद बिम्ब :**

पाठकका मनमा त्रास उब्जाउने, भय जन्माउने, डरलाग्दा प्रतिबिम्बहरू झल्काउने खालका बिम्बहरू त्रासद बिम्ब हुन्।

गाडिन थाल्छन् जनताका नङ्ग्रा/हाम्रा नसा, हाड र मासुहरूमा (**साँच्चै हजुर, दामोदरलाई तह नलगाई भएको छैन**, ४), एउटा मृत्युले जन्माउँछ असङ्ख्य अङ्कुरहरू/.../सद्दाम हुसेन बनेर जन्मियो मृत्युदण्ड/ग्यालिलियो बनेर जन्मियो मृत्युदण्ड/.../आगो निभाउँदैमा/कहाँ निमिट्यान्न पार्न सकिन्छ र खरानी/.../मृत्युदण्ड, जङ्गल बिचमा बसेर/वरिपरि डढेलो लगाउनु जस्तै हो (**मृत्युदण्ड**, ११), भित्ताका हरेक कापकापमा/डुङ्डुङती गन्हाइरहेछ/सिधासाधा मान्छेको रगत (**बबरमहल**, १४), हिँड्दाहिँड्दैको चक्का पड्कियो/अकस्मात् ढल्यो जिन्दगीको गाडी (**जिन्दगीको हिसाब**, ३९), दुर्घटनामा परेको बेला/बेग्लै संसार उभियो मेरा सामु (**दुर्घटनामा परेपछि**, ४१), दाह्रा र नङ्ग्राहरू कति लामा छन्/.../डरलाग्दा पहाड र उजाड मरुभूमिमा (**जोखिममा फूल**, ४७), नटाँसियोस् पखेटामा/रगतका छिटा र बमका छर्राहरू/.../युद्धका थकित सुस्केराहरू ... (**समयको रखवारी**, ५१), कठोर ढुङ्गालाई/देवता पुजेर/किन निमोठ्छ अबोध बालक झैं/फुलको घाँटी (**देवताको हत्या**, ६०) इत्यादि।

**६. ग्राम्य बिम्ब :**

गाउँले जनजीवन, ग्रामीण परिवेशको चित्रण बिम्ब बनेर कवितामा आउँदा ग्राम्य बिम्बको सिर्जना हुन्छ। यस अन्तर्गत गाउँले शब्द, पदावली, वाक्य तथा उखान टुक्काको प्रयोग हुन्छ।

बगर, पाँगो वा गलखेत/के थाहा फूललाई बारीको ड्याङ्मा नझरेसम्म (**जोखिममा फूल**, ४७), चिम्सा आँखा र ठुला आँखाको/भाले जुधाइ सुरु गर्‍यौ अलिकति (**भ्रान्तिमा अलमलिएको क्रान्ति**, ४८), कोशिस गर्दै छन् अगुवाहरू/रित्ता थाल र रित्ता अंखोराहरू ठटाएर (**समयको रखवारी**, ५०) भालेको डाकसँगै/मैले भेटेको नयाँ पहाड (**नाघ्दै पहाडका शृङ्खलाहरू**, ५३) मलिलो गरा हिल्याउँदै/छुपुछुपु बिउ रोपेर/बचेखुचेका बारीहरूमा/.../गहरा, सुर्का, आली र इत्लाहरूमा/.../हली र बाउसेको खोचे थपाइले/.../पर्म विथोल्नेहरू (**गाउन ढिलो भएको असारे भाका**, ६३), मायाको हाँडीमा/मायाकै कप्टेराले भरेर/मायाकै थालभरि दिएको/मकै भटमास दिएको जत्तिको रसिलो (**रेसबाट फर्केपछि**, ७५), क्षणक्षणमा/समय सम्झाउँदै छ भाले (**दिक्तेल**, ८७)

**७. विज्ञान बिम्ब :**

विज्ञान क्षेत्रमा प्रयोग हुने, विज्ञानका भौतिक, खगोल, रसायन, सृष्टि चक्र आदि क्षेत्रबाट लिइएका बिम्बहरू नै विज्ञान बिम्ब हुन्। कसैकसैले खगोल विज्ञानबाट लिइएका बिम्बलाई यसबाट अलग्याएर ब्रम्हाण्ड बिम्ब भनेको पनि पाइन्छ।

एक्लो वृहस्पतिलाई/एक्ल्याउने बेला हो हजुर (**साँच्चै हजुर, दामोदरलाई तह नलगाई भएको छैन**, ३), ज्वालामुखीले/भर्खरै हल्लिएको पहाडमा (**नयाँ**

**पहाडहरू**, २४), ज्वालामुखीबाट निस्किएको लाभा र म्याग्मामा/सलसली बगिरहेछ हाम्रो भविष्य (ऐ.), स्वाद लिन चाहँदैन नवलोकको/ नाघेर अन्तरिक्षमा गुरुत्वाकर्षणको रेखा (**जिन्दगीको हिसाब**, ३९), गोलो चन्द्र, सूर्य/गोलो ब्रम्हाण्डका सबै पिण्डहरू (**फुटबल**, ९५),

**८. श्रुति बिम्ब/ध्वन्यात्मक बिम्ब** :

श्रव्य ध्वनिका शब्दहरूको प्रयोग हुनु, श्रव्य शब्दका माध्यमबाट पाठकमा आन्तरिक ध्वन्यात्मकता जागृत गर्ने खालका बिम्बहरू श्रुति बिम्ब हुन् ।

गुन्गुनाइरहेको सुनिरहेछु/वर्सात्सँगै/जागृति र प्रेमका गीतहरू/.../झमझम झरी/गड्याङगुडुङ् गर्जन (**असार**, २६ र २७), चराको आवाजमा/गाइरहेका /मान्छेहरूको मायाको गीत (**तस्विर र समय**, ३३), अट्टहास गर्छन् दाह्रा नचाउँदै (**फूलमाथि खन्याइएको आगो**, ४५), लामो निस्तब्धता तोड्दै/गुञ्जियोस् सर्वत्र झ्याउँकिरीको आवाज (**वर्षामा झुल्केको घाम**, ५८)

**९.शिशु बिम्ब** : बालकको स्वभाव, बोली, खेलौना र बालकका मनपर्ने चिज वा वस्तुको प्रयोग गरिएमा शिशु बिम्ब उपस्थित हुन्छ ।

पापा खोसिएको बालक झैं/अनन्त चित्कारमा डुबिरहनु पर्नेछ (**समयको बकपत्र**, ५६), पखेटाभरि कालो मैलो पखाल्दै/चाँचाँचुँचुँ भाकामा स्वतन्त्रताको गीत सुनाउँदै (**वर्षामा झुल्केको घाम**, ५८), निश्छल बालकको हाँसो/हत्केलामा खेलाउँदै (**प्रेम दिवस**, ७१),

**१०.अद्भुत बिम्ब** : सुन्दा अचम्म लाग्ने खालका र कल्पनामा मात्र उपस्थित हुने खालका विषय वा भावको प्रयोग बिम्बहरू अद्भुत बिम्ब हुन् ।

उखुका पातहरूमा/गहराका गहुँहरूमा/र, तोरीका पातपातमा/चम्किरहेको देखें/तिम्रा चम्किला आँखाहरू (**प्रेम दिवस**, ७०)

**११.सिर्जनात्मक बिम्ब** : कवितामा सिर्जनशिलता देखाउने, बाहिरी वातावरण देख्दा सिर्जनात्मक भाव उत्पन्न गराउने र कविको सिर्जनशिलतालाई समेत प्रकट गर्ने सिर्जनात्मक बिम्ब हुन् । यस्ता बिम्बहरू सबैजसो कवितामा सबैजसो कविले प्रयोग गर्दछन् ।

तिम्रा प्वाँख प्वाँखमा/रङ् चढिरहेछ स्वतन्त्रता र सौन्दर्यको (**चरा**, २१), सिर्जना गर्न सकिनेछ/एउटा विशाल ब्रम्हाण्ड (**चित्रहरू**, ३१), रसिलो र झरिलो कलेवरमा/दिउल फुटेको बिऊ बनें म/.../खल्वाट धर्तीभरि अङ्कुराउन थालून् हरिया रङहरू (**वर्षामा झुल्केको घाम**, ५७ र ५८), तपतप पसिनाले भुईं भिजाएर/खन्दै, खोस्रँदै गेडाहरू बटुलेर (**रेसबाट फर्केपछि**, ७५), बाटो अवरुद्ध गर्नेहरूलाई नै/जिम्मा लगाइरहेछौं/हँसिया, पिक र साबेलहरू (**बादल**, ७७),

**१२.सांस्कृतिक बिम्ब** : विभिन्न धर्मगत संस्कृति र जातिगत संस्कृतिलाई देखाउने खालका शब्द वा पदावलीको प्रयोग गरिएमा सांस्कृतिक बिम्बको उदय हुन्छ । यस्ता बिम्बले पाठकका मनमा संस्कृति विशेषको चित्र उत्पन्न गर्दछन् ।

ओकलेर विषालु आगो/संसारलाई अग्निकुण्डमा होमेर (**फूलमाथि खन्याइएको आगो**, ४४) छोरीहरू भकारो सोहोदा सोहोर्दै/.../बेरिएका छन् छाउपडीमा/शिव भट्टका सती बनेर (**जोखिममा फूल**, ४६) भाषा भाषाको/जेहाद छोड्यौ अलिकति (**भ्रान्तिमा अलमलिएको क्रान्ति**, ४८)

**१३. पौराणिक बिम्ब** :

पूराण र मिथकबाट विषय, पात्र, परिवेश र परिस्थितिलाई लिएर कवितामा वर्तमानको यथार्थलाई उजागर गर्न आउने बिम्ब नै पौराणिक हुन् ।

कृष्णले खोज्दैछ गोपिनी अँध्यारोमा/रुक्मिणीहरू लुकेर प्रयास गर्दै छन् राधा बन्न/खुलेर प्रेम मैदानमा उत्रने/कृष्ण र गोपिनीका चर्तिकलाहरू/.../आरोह अवरोहमा गीत र लय फूलने/कृष्ण काव्यभन्दा ठूलो काव्य हो (**कृष्ण**, ५), विषकुण्डबाट/अमृतका आँकुराहरू फुलाउँदा (**उपस्थिति**, ९३),

**१४. राजनीतिक बिम्ब** :

राजनीतिक क्षेत्रका परिस्थिति र परिदृश्यलाई देखाउने बिम्ब नै राजनीतिक बिम्ब हुन् । यस्तो बिम्ब राजनीतिक यथार्थलाई उजागर गर्न आउने हुँदा यथार्थ बिम्बभित्र पनि पर्न सक्दछन् ।

जति पनि/नयाँ समूहका नाइकेहरूलाई/पदार्पण गरायौ चिल्ला गाडीहरूमा/गाडीमा सवार बनेर/लुछिए यत्रतत्र उनीहरूले सिधा मान्छेका सपनाहरू/जमिन छोडेर सरकारी गाडीमा सजिनेहरू (**सरकारी गाडी**, २२), सरकारी गाडीमा छिर्ने बित्तिकै/हरेक पानी मरुवा र उसका परिवारहरू/ठान्न थाल्छन् आफूलाई प्रतिष्ठाको एउटा उच्च पहाड/र, सिसाहरू बन्द गरेर/दुरुखा झैं टोक्न थाल्छन् कुटुकुटु/जनता र देशका स्वर्णीम भविष्यहरू (ऐ.२३), बाजे बराजुको ठाँट र रवाफ काखी च्यापेर/आफ्ना हुकुमी दिन सम्झँदै/कुनाबाट जोखाना हेरिरहेछ/एउटा घाइते बाघ/जनताको काँधमा उभिनेहरू/क्रमशः ठान्न लागिरहेछन् आफूलाई सक्कली बाघ (**नयाँ पहाडहरू** २५), दुर्घटनामा परेकी आमालाई/अझ टुक्राटुक्रा पार्न खोज्दै छौं हामी/.../आआफ्नो हिसाबको भागबण्डामा (**दुर्घटनामा परेपछि**, ४३), किन चर्का भाषणहरू/बगिरहेछन् तुवाँलोहरूमा (**आगोमाझको नदी**, ७२) रक्सी साटासाटमै चलिरहेछ/देश डोर्‍याउने/एउटा नौलो नाटक (**रक्सी**, ९६)

**१५. पीडा बिम्ब** :

पीडाजनित भावलाई प्रस्तुत गर्ने र पाठक मनमा पीडा उब्जाउने बिम्ब नै पीडा बिम्ब हुन् । यस्ता बिम्बले कवि वा पात्र पीडित भएको देखाउँछन् ।

किन दुखित बनेको खबर पठायौ/मेरो दुर्घटनामा/हर्षले मीठो उत्सव मनाउनु पर्ने हो/.../तिमीले दुःखी बनेको खबर पठाउनुको कुनै अर्थ छैन (**दुर्घटनामा परेपछि**, ४२),

**१६. ऐतिहासिक बिम्ब** :

इतिहासका विषयवस्तु, घटना, पात्र, परिवेश, स्थान, आदिबाट सन्दर्भ लिइएमा ऐतिहासिक बिम्बको उपस्थिति हुन्छ ।

कुवाभित्रका भ्यागुताहरू/हिटलरी रवाफमा गर्छन् हरेक व्याख्या (**बबरमहल**, १६), बलभद्रका पाइलाहरूमा/चढिरहेथेँ नालापानी/चढिरहेथेँ देहरादुन/भक्ति थापाको गतिमा (**प्रेम दिवस**, ७०)

**१७. शैक्षिक बिम्ब** :

शैक्षिक क्षेत्रका शब्द, पदावली आदिको प्रयोग शैक्षिक बिम्ब हो । हिजोजस्तै आज/फुर्सद छैन पदेन विद्वान्हरूलाई (**समयको बकपत्र**, ५४)

उल्लिखित बाहेक **समयको सहीछाप** कविता सङ्ग्रहका कवितामा कतै न कतै पाठकमा रस उत्पन्न गराउने रस वा आस्वाद्य बिम्ब, कविले व्यक्तिगत रूपले निर्माण

गरेका वैयक्तिक बिम्ब, कुनै स्थानीय दृश्य, चलन आदिलाई देखाउने स्थानीय बिम्ब र कलाका क्षेत्रबाट लिइएका कला बिम्ब लगायत अन्य धेरै किसिमका बिम्बहरूको प्रयोग गरिएको छ ।

**निष्कर्ष :**

पाश्चात्य साहित्यमा कवितामा बिम्बको प्रयोग घनीभूत हुनुपर्छ भन्ने मान्यता राखी सुरु भएको बिम्बवाद साहित्यिक सिद्धान्त भए पनि नेपाली साहित्यमा बिम्बलाई साहित्यको कला पक्षको एउटा उपकरणको रूपमा मात्र प्रयोग गरिएको पाइन्छ । **समयको सहीछाप** कविता सङ्ग्रहका कवितामा दामोदर पुडासैनीले फरक फरक खालका बिम्बको प्रशस्त प्रयोग गरे पनि उनी बिम्बलाई नै साध्य बनाएर लेख्ने कवि चाहिँ होइनन् । उनले बिम्बलाई केबल यथार्थ र अनुभूतिलाई प्रस्तुत गर्ने साधनको रूपमा मात्र प्रयोग गरेका छन् । उनका कवितामा धेरै मात्रामा प्राकृतिक, प्रणय, यौन बिम्ब, यथार्थ बिम्ब र ग्राम्य बिम्बको प्रयोग पाइन्छ । अन्य प्रकारका बिम्ब भने उनले कतै कतै विशेष अवस्था र अनुभूतिलाई प्रकट गर्न प्रयोग गरेका छन् ।

**सन्दर्भ ग्रन्थ सूची**


अधिकारी, हेमाङ्गराज र भट्टराई, बद्रीविशाल (२०६४), **प्रयोगात्मक नेपाली शब्दकोश**, काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि. ।

कडन, जे.ए. (१९९९), **डिक्सनरी अफ लिटेरेरी टर्म्स एन्ड लिटरेरी थ्यौरी**, बेलायत : पेन्गुइन बुक्स लिमिटेड ।

गौतम, लक्ष्मणप्रसाद (२०६०), **समकालीन कविताको बिम्बपरक विश्लेषण**, ललितपुर : साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०५८, पुनर्मुद्रण), **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा**, ललितपुर : साझा प्रकाशन ।

पुडासैनी, दामोदर किशोर (२०६९), **समयको सहीछाप**, काठमाडौं : तन्नेरी प्रकाशन ।

बर्मा धीरेन्द्र र अन्य (सम्पा.)(सन् १९८५), **हिन्दी साहित्य कोश**, ते.सं. वाराणसी : ज्ञानमण्डल प्रकाशन ।

भट्टराई, गोविन्दराज, (२०६०), **काव्यिक आन्दोलनको परिचय**, ललितपुर : साझा प्रकाशन ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६७), **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

सुवेदी, अभि (२०५४), **पाश्चात्य काव्य सिद्धान्त**, ललितपुर : साझा प्रकाशन ।

रेग्मी, अनुपमा (चैत वैशाख २०६९), *रूपविन्यासपरक दृष्टिले **आँखाको खोजीमा** कविता सङ्ग्रहको अध्ययन,* **हिमाली गुराँस** (द्वैमासिक), वर्ष १६,पूर्णाङ्क ४२, प्रकाशक : देवीप्रसाद बराल ।

ह्याथ्रोन, जेरेमी (सन् २०११ पुनर्मुद्रण), **अ ग्लोसरी अफ कन्टेम्पोरेरी लिटरेरी थ्यौरी**, चौ.सं., इन्डिया : रेप्लिका प्रेस प्रा.लि. ।



**फोन : ९८५१००६९६४**

**मङ्गल बहुमुखी क्याम्पस, कीर्तिपुर**


≋

# कृति समीक्षा

## डा. विष्णु राईका कविताहरू

**बद्री पलिखे**

भद्र शालीन र शिष्ट स्वभाव भएका कवि तथा गीतकार डा. विष्णु राईको माला (कथा संग्रह-२०३६) पर-पर (कथा संग्रह-२०५५) मान्छे (कविता संग्रह-२०३६), कारागार भित्रको जून (कविता संग्रह-२०५९), खियामाको नीलो आकाश (कविता/गीत संग्रह २०६८) प्रकाशित भएका छन्। तर मलाई प्राप्त मान्छे (कविता संग्रह) र खियामाको नीलो आकाश बारे यहाँ संक्षिप्त चर्चा गर्न चाहन्छु।

मान्छे (कविता संग्रह) को प्रक्कथनमा डा. तारानाथ शर्माले डा. विष्णु राईका कविताहरूले सरल र सहज विम्वहरूका माध्यमबाट आजको नेपाली जीवनलाई अत्यन्त निकटबाट हेर्ने यी गीतीकवितात्मक रचनाहरू यस युगलाई चिन्न ठूलो मद्दत दिन्छन, आजको नेपाललाई बुझ्न अतिशय प्रेरणा दिन्छन् भनि लेख्नु भएको छ। कवि स्व. दैवज्ञराज न्यौपानेले "उनका कवितामा नेपाली प्रकृति, संस्कृति र जनजीवनको मधुर छाप परेको पाइन्छ। राष्ट्रियताको मूलमर्म देखि लिएर अन्तरराष्ट्रिय सवाल सम्मका अरु विषयहरूमा सोचेर कलम चलाउन सक्षम विष्णु राईका समसामयिक युगवोधका मर्महरू बोलेका छन्, कहीं सहज सरलताका साथ र कहीं, व्यङग्य वक्रताका साथ नयाँ नयाँ बिम्ब र प्रतीकहरूका सहायताले आफू बाँचेको युगको धुकधुकी छाम्ने काम उनले गरेका छन् भनि आफ्नो प्रतिक्रिया पोखेका छन्।

खियामाको नीलो आकाश (कविता/गीत संग्रह) मा डा. संजीव उप्रेतीले डा. विष्णु राईका कविता मिथक र समसामयिकताको साँधमा लेखिएका छन्। समसामयिकताको सतहमा देखिएका खाडलहरूभित्र छिर्दै वैकल्पिक इतिहासको शक्तिको खोज गर्दछन्, मलाई लाग्छ यही नै उनको कविताको विशेषता र शक्ति हो भनि लेखेका छन्। प्रसिद्ध संगीतकार बुलु मुकारुङले सुन्तलाको बोक्रो छोडाउदै केस्रा केस्रा हटाउदै रसास्वादन गरेझै डा. विष्णु राईका गीतहरूवारे खियामा जस्तै सुन्दर गीत सँग एकैछिनमा रचनामा कतै गजल जस्तो काफिया रदिफ, छन्द-वहर वा अन्त्यानुप्रास मिलाउँदा मिलाउँदै पनि छोडी पठाएको अवस्था देखिन्छ। जसले उनको निजी शैली वा प्रयोग हो कि ? भन्ने अनुमान छ भनि प्रतिक्रिया दिएका छन्।

कवितावारे डा. विष्णु राईले सृजनाको वलियो आख्यानमा प्रकृति र मान्छेको आनीवानी, संघर्ष कार्य, नैतिकता संस्कृतिको झडपलाई होसियारीकासाथ अभिव्यक्ति गर्नुपर्छ भन्ने मेरो अभिमत छ। (मान्छे कविता संग्रह) कविता भनेको जीवन हो कि जस्तो लाग्छ। बोक्न थालेपछि जीवन गह्रौं जस्तो लाग्दै आयो। कहिले काखीमा च्यापेर, कहिले झोलामा बोकेर हिड्दाहिड्दै मेरो जिन्दगी कविता भएछ जस्तो अनुभूति भएको छ। (खियामाको नीलो आकाश (गीत र कविता संग्रह) भनि आफ्नो धारणा राखेका छन्।

खोटाङ सिर्जनाका लागि उर्वर भूमि हो । त्यहाँको प्राकृतिक मोहकताले पनि प्रतिभाशालीहरूलाई कवि बनाउँछ । गीतकार बनाउँछ । गायक र संगीतकार बनाउँदछ । मैले "खोटाङका केही कविता (कविता संग्रह) को कृति समीक्षा गर्दा (एक्सन टाइम्स वर्ष १ अंक २५ मंसिर १८ गते सोमवार २०५८) पनि विष्णु राई बारे चर्चा गरेको थिएँ ।

डा. विष्णु राईका कविताहरूमा जीवन छ । प्रकृति छ । मिथक र बिम्बद्वारा सम्पूर्ण भावहरूलाई समेटेर संक्षिप्त रूपमा सरल र सुवोध शैलीमा छोटो एवं मीठो ढङ्गको प्रस्तुति छ । वहाँका कविताहरूमा संस्कृति छ । जातिगत लवज पनि पाइन्छ । गीत, नृत्य, संगीत र कविताको मिश्रणयुक्त वहाँका कविताहरूले नौलो स्वाद र सन्तुष्टि दिन्छन् । वहाँले प्रकृतिलाई जीवनको बिम्ब, मिथक द्वारा संस्कृतिको झल्को र समसामयिक स्थिति वोध द्वारा राष्ट्रियता, स्वतन्त्रता र प्रजातन्त्र प्रति अगाध आस्था प्रकट गर्नुभएको छ । वहाँका कवितामा व्यङग्य पनि छ, मान्छे (कविता संग्रह) भित्र मलाई मनपरेको कविताहरूमा भरिया, मान्छे, वीर, नयाँवर्ष, सांसद खोटाङ, डर, खियामाको नीलो आकाश (कविता गीतहरूमा मनपरे जस्तो लाग्छ, अराजक चश्मा, मन्दिर भित्र, थकित सूर्य, अवधनारायण मरबेता, सुनसरी (नेपाल) मेरो  नाच भीरको वुवालुङ्ग राम्रो लाग्यो जन्तरे खियामाको अन्तिम मोर्चा, सगरमाथाका गाँउवाट राम्रो लाग्यो । २०५३ सालमा प्रकाशित "मान्छे" (कविता संग्रह) भित्र ४७ वटा कविता छन्, खियामाको नीलो आकाश (कविता र गीत संग्रह) कविता खण्ड भित्र  ३४ गीत खण्ड भित्र २६ वटा रचनाहरू छन् ।

वहाँका दाउ कवितामा महाभारतका पात्रहरू भीष्म, कर्ण, सकुनी, युधिष्ठिरको प्रयोग, हरिश्चन्द्र, भीम, मत्स्यगन्धा जस्ता पात्रहरू उदाहरण दिएर देशवोध दर्शाएको देखिन्छ ।

वहाँले आफ्नो जन्मभूमि खोटाङको जनजीवनको यथार्थ तर कटु सत्यको चित्रण गर्दै खोटाङको शब्द चित्र दुरुस्तै उतार्न खोज्नुभएको छ । खोटाङ (मान्छे/९९)

*भोलि आउने रमाइलो*
*दिनको आशमा लौरो टेक्दै*
*घरभित्र पस्यो विरामी खोटाङ*

वहाँका कविताहरूमा किराती संस्कार र संस्कृतिका शब्दहरूपनि परेका छन् । जसले कवितालाई मिठास दिएको छ । तिस्मा, तायामा, पारुहाङ्ग, हेत्काकुप्छा, यलम्वर मुन्धुम नोकछाले आदि ।

कवि विष्णु राई नयाँ वर्षलाई परम्परागत स्वागत गर्न चाहनुहुन्न । वहाँ नयाँवर्षलाई समस्या समाधानका लागि निमन्त्रणा गर्नुहुन्छ । जो स्वाभाविक छ ।

*यस वर्ष तिमी*
*मुगलान गएको जेठोलाई लिएर आऊ*
*जेल गएकी जन्तरीलाई छुटाई आऊ*
*विरामीलाई औषधि मलम लिएर आऊ*
*प्रत्येक दीनदुखीको आँगनमा खुशी बाँड्दै आऊ खुशी बाँड्दै आऊ*

वहाँका कविताहरूमा अनुकरणात्मक शब्दहरूले सुहाउँदो स्थान पाएका छन् । जस्तै तप तप छक... छक  छक... छक... वहाँका कवितामा गीत, संगीत  र नृत्यको सांस्कृतिक झलक देखिन्छ । हेलुङ्गे कविताको एउटा उदाहरण प्रस्तुत छ ।

*शैशैला ........... हो शोशौला*
*ढोलै बज्यो गज्जैले*
*नाचेर जाउ मज्जैले शैशैला ....... हो ......... (मान्छे २४)*

मुलुकको लाचार राजनीति र दक्षिणको मिचाहा प्रवृत्ति सरकारी नपुंसकताको कारण अवधनारायण मरवैता भएको नेपालको यथार्थ बिम्ब हो, उदाहरण हो । ज्यादै मार्मिक छ यो कविता मुलुकको अनिश्चित भविष्य र हाम्रो नागरिकता प्रतिको चिन्ता छ यो कवितामा (*खियामाको ... २४)*

*अवधनारायण दाई आफ्नै माटोमा विदेशी भए*
*विचरा अवध दाई आफ्नै घर लुटिदा पिटाई खाए*
*हेर्नोस मेरो नागरिकता, शुभराज्यभिषेक पदक*
*प्रधानपञ्च, सेवा पदक*
*रोदन सुनेन सिंहदरवारले*
*अवध दाई विदेशी भए एकैरातमा सुनसरी नेपालमा ।*

*नेपालको फोहरी राजनीति, कमिशन र ठगी ब्यूरोक्रेशी प्रति कटाक्ष छ सगरमाथाको गाउँबाट (खियामा ..... ४६)*

*पवित्र भन्नु नै सगरमाथा मात्र छ साक्षी*
*तपाईंले तरेका खोलाहरू राजनीति गर्दैछन् ।*
*कन्चन नदीहरू ठग ठेकेदारको मुद्दामा पसेका छन् ।*

डा. विष्णु राईका कविताहरू मीठा छन्, स्वादिला छन्, चोटिला छन्, दरिला छन् । कवि विष्णु राईको सृजनात्मक निरन्तरताको कामना गर्दछु ।


पुतली बजार, धरान
फोन : ०२५-५२३०५१

≈

रचना
सहित अरु साहित्यिक पत्रिका, विविध विषयका पाठ्य सामग्री एवं स्टेशनरी सामानहरूका निम्ति हामीलाई सम्झनुहोस् !
**पाठ्य सामग्री पसल**
(प्रो. कमल सुवेदी)
जामे मार्केट, रत्नपार्क, काठमाडौं
पसल नम्बर १८, फोनः ४२४३१५०

# पण्डित दधिराम पौडेल : व्यक्ति एक व्यक्तित्व अनेक

**नेपाल चिरञ्जीवी**




४२ जना मूर्धन्य विद्वानहरूद्वारा लेखिएका लेख रचनाहरूको संगालोको रूपमा बहुआयामिक कृति 'पं.दधिराम पौडेल स्मृति ग्रन्थ' २०७० साल श्रावण गुरुपूर्णिमाका दिन प्रकाशित भएको छ । पुस्तकमा संस्कृत व्याकरणका प्रकाण्ड विद्वान, शास्त्रीय विद्वत परम्पराका उज्वल नक्षत्र, विशिष्ट वैयाकरण, महर्षिकल्प पं.दधिराम पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा ब्यापक परिचर्चा गरिएको छ ।

रामेछाप, सैपुमा जन्मिएका पण्डित पौडेलको संस्कृत शिक्षा प्रवर्धन र विस्तारमा अग्रणी भूमिका थियो । आर्य परम्परा र मर्यादा, सनातन वैदिक आदर्श, हिन्दु धर्मदर्शन र सिद्धान्तका पक्षपाती वहाँ सबै वर्ण र आश्रमका व्यक्तिहरूले आफ्नो कर्त्तव्य पालना गरेमा समाज सभ्य र समुन्नत हुन्छ भन्ने कुरामा दृढ हुनुहुन्थ्यो । ब्रह्मकर्मनिष्ठ जीवनशैली अँगाल्ने, सादा जीवन र उच्च विचारका प्रतिमूर्ति, आर्यपरम्पराका अनुयायी पं.को सन्ध्यावन्दन गायत्री जप, पितृतर्पण, होम, पूजा, वन्दना, गीता भागवतादि पाठ नित्यकर्म थिए । यसो भनिरहँदा आजको उपयोगितावादी व्यस्त वर्तमान समाजको लागि उपर्युक्त कुरा दन्त्यकथा हुन सक्छ । तर यो ज्यूँदो यथार्थ हो । त्यसैले धर्म, संस्कार, संस्कृति र मर्यादा लोप हुँदै गएको, न्याय र नैतिकतालाई तिलाञ्जली दिइएको आजको समाजमा यस कृतिको अध्ययनले असल मार्ग निर्देश गर्नसक्छ ।

तत्कालीन युवराज महेन्द्र र राजकुमारहरूलाई संस्कृत साहित्य पढाउने कार्यमा पौडेललाईनै लगाइएको थियो । उहाँ विद्यादानका क्रममा राजा र रंक सबैसँग समान व्यवहार गर्नुहुन्थ्यो । वहाँमा समदर्शिता र निर्भीकता थियो । तत्कालीन अवस्थामा दरबार पस्ने जोसुकैले पनि घरबार जग्गा जमिनदेखि सुन चाँदी समेत बकस पाउँथे । तर वहाँले त्यस्ता भौतिक सम्पत्तिप्रति कहिल्यै लालसा देखाउनु भएन । युवराज लगायत राजकुमारहरूको पठनपाठन समाप्ति पछि गुरुप्रति कृतज्ञता ज्ञापन गर्दै केही

आवश्यकता छ कि भनेर युवराजबाट सोधनी हुँदा समेत 'सरकारबाट जागीर बक्सेकैछ; त्यसैबाट हाम्रो गुजारा चलेकै छ सरकार के बिन्ति गरुँ ?' भन्ने उत्तर दिएर आफ्नो निस्पृह एवं निर्लिप्त भावनालाई दुनियाँ सामू उजागर गराइदिनु भयो उहाँले । दैनिक गरिने देव र पितृकार्यमा आशिर्वाद माग्दा "मा याचिष्म कञ्चन, मा याचेथाः" हामी कसैसंग नमागौं, माग्न नपरोस इत्यादि आदर्शलाई पूर्णरूपले व्यवहारमै पालना गर्नुहुन्थ्यो । कुनै आशा र आकांक्षा नराख्ने, लोभ लालच नहुनु, केवल निष्काम कर्मयोगी हुनु, सबैसँग समान व्यवहार गर्नु, चाकरी चाप्लुसी नगर्नु, सहनशीलता आदि उच्चतम गुणहरूले गर्दा वहाँलाई कलियुगको ऋषि र आदर्श समाजका अभियन्ता भन्दा अत्युक्ति हुँदैन ।

सार्वभौम सम्पन्न यो अखण्ड हिन्दु राष्ट्रका गौरव, संस्कृतका विद्वान पौडेलको प्रशंसा भारतवर्ष भरि आदर सम्मानका साथ गरिन्थ्यो । प्रखर विद्वानका रूपमा प्रतिष्ठा आर्जन गरेका अतुलनीय विद्वान, भारतको क्वीन्स कलेज (हाल सम्पूर्णानन्द विश्वविद्यालय)मा प्राप्त सेवा, सुविधा र अन्तर्राष्ट्रिय ख्यातिलाई समेत त्यागेर आफ्नो देशमै सेवा गर्न आउनु मातृभूमि प्रतिको अगाध आस्था, समर्पण अनि राष्ट्रवादको अनुपम द्योतक हो । राष्ट्र र जनाताप्रति कर्त्तव्यच्युतहरूको हालीमुहाली चलेको वर्तमान राजनैतिक र संबैधानिक संक्रमणकालीन समाजमा राष्ट्रवादी र त्यागी व्यक्तिका रूपमा उहाँ स्तुत्य हुनुहुन्छ । साँच्चै भन्दा सदाचारनिष्ठ व्यक्तिबाट गरिएको निष्काम कर्मनै ईश्वरको पूजा हो । "जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी" भन्ने भनाईमा ऱ्हास आएको, मातृभूमिप्रतिको सम्मान र राष्ट्रप्रेमी भावना स्खलित भइरहेको आजको परिप्रेक्षमा उहाँको अनुसरण र अनुकरण असल नागरिकको कर्त्तव्य हुन जान्छ ।

आज देश बिग्रिएको छ, भत्किएको छ, सर्वत्र भय र आतंक बढेको छ । अराजकता, अन्याय र अत्याचारले सीमा नाघेको छ । सुशासन कुनै क्षेत्रमा छैन, भ्रष्टाचारले समाज र राष्ट्र आक्रान्त छ । मानव मर्यादाको ख्याल छैन, पाप र धर्म बीचको सीमारेखा मेटिँदै गएको छ । देशको नेतृत्व गर्ने भनिएकाहरूमा उत्तरदायित्व र जवाफदेहिता शून्यप्राय छ । देशभक्तिको भावना मरेको छ । विदेशीहरूको गुलामी गर्ने प्रवृत्ति बढेको छ । विदेशीहरू द्वारा धार्मिक र सांस्कृतिक अतिक्रमण भएको छ । त्यसको विरुद्धमा कतैबाट आवाज उठ्दैन, यसरी चौतर्फी निराशा व्याप्त भएको वर्तमानमा यस्तो आदर्शवादी व्यक्तित्वको जीवनी प्रकाशित हुनुले समाजमा आशाको उज्यालो किरण छर्छ भन्ने कुरामा विश्वास गर्न सकिन्छ ।

पुस्तक अध्ययनका क्रममा बीसौं शदीका अद्वितीय, अलौकिक र चमत्कारपूर्ण व्यक्तिको रूपमा पनि केही विद्वानहरूले उहाँलाई प्रस्तुत गरेका छन् । वहाँको पेटमा दायाँ तर्फ ३ वटा प्वाल थिए जहाँबाट सर्प निस्कन्थे । सुन्दै जीउ काम्ने यो कुराले र त्रिकालदर्शी समेत रहेका उहाँसँग दैवीशक्ति समेत रहेको कुरा पुस्तकमा उल्लेख छ ।

गुरुदेवो भवः भन्ने महावाक्यलाई मूल मन्त्र मान्दै विद्वत परम्परालाई अक्षुण्ण राख्न सक्नु पुरुषार्थ हो, यो राष्ट्रिय स्वाभिमान र गौरवको विषय पनि हो । जुन समाज र राष्ट्रमा विद्वान, सन्त र ज्ञानवानको सम्मान हुन्छ त्यो राष्ट्र सम्पन्न र धन्य बन्दछ । दुःखका साथ भन्नु पर्छ शास्त्रीय विद्वत परम्परा हाम्रो देशबाट लगभग समाप्तिको

अवस्थातर्फ उन्मुख छ । हाम्रो भाषा संस्कृति र धर्म माथि चौतर्फी प्रहार भएको छ । कठिन परिस्थितिमा यो देश गुज्रिँदैछ । बीसको दशकदेखि हाम्रो देशको शैक्षिक क्षेत्रबाट नैतिकता, मर्यादा र अनुशासन समाप्त भएर जान थाल्यो । वि.सं. २०४६ देखि शिक्षा क्षेत्रमा वैदेशिक हस्तक्षेप बढ्दै गई वि.सं. २०६२/२०६३ पछि त उत्कर्षमा पुगेर अराजकता र उद्दण्डतासमेत थपिएको छ । हाम्रा वैदिक सनातन धार्मिक आस्थाहरूका मर्मस्थलमै ताकेर प्रहार गरिएको छ ताकि यो देश छिन्न भिन्न पार्न सकियोस् । मातृदेवो भवः, आचार्य देवो भवः, लोकाः समस्ता सुखिनो भवन्तु र अहिंसा परमोधर्म भन्ने आदर्शलाई खण्डित तुल्याईंदैछ । गुरुहरूलाई कालोमोसो दलेर दुर्व्यबहार र बेइज्जत गर्ने संस्कार बसेको वर्तमानमा यो पुस्तकले समाजलाई सही दिशातर्फ उन्मुख गराउनेमा दुविधा छैन ।

वहाँ असल गुरुका साथै लेखक र सम्पादक समेत हुनुहुन्थ्यो । व्याकरण सिद्धान्त सुधानिधिको सम्पादन, प्रत्ययमाला, बंगलाष्टक स्तोत्र, लघुशब्देन्दुशेखरको टीका जस्ता पुस्तक लेखेर साहित्यको श्रीवृद्धिमा पनि लागेको देखिन्छ । त्यस्ता कृतिहरूको खोजबिन र अनुसन्धानमा ढिलाई गर्नुहुँदैन, ती यस राष्ट्रका गौरवमय निधि हन् । न्याय दर्शन, धर्मशास्त्र, साहित्य, मीमांसा र ज्योतिषका प्रखर विद्वान, स्वाभिमानी, प्रतिभाशाली, कर्तव्य परायण, नैतिक गुण सम्पन्न गुरुको चर्चा रहेको पुस्तक अनुकरणीय र अनुसरणीय भएकोमा दुईमत छैन । यति हुँदाहुँदै पनि पुस्तकका केही घटना अतिरञ्जित जस्ता देखिन्छन् । धेरै ठाउँमा प्रस्तुत वहाँको पेटमा तीन वटा प्वाल रहेको र सर्प निस्किएको प्रसंगले पाठकहरूमा संशय पैदा गर्छ । प्रमाण सहित प्रस्तुत भएको भए अझै प्रभावकारी हुने थियो । पृष्ठ २३५ मा "राँडीलाई ढोगीदिए मै जस्ती भएस" भन्ने महिलाका लागि अपमान बोधक उखानको प्रयोग यस्तो महानतम ग्रन्थमा नगरिएको भए कृति अझै सुगन्धित हुने थियो कि ! समग्रमा कृति बहुआयामिक छ । यस पुस्तकको प्रकाशन वहाँको सुकर्म, विद्वत्ता र राष्ट्रकालागि दिएको योगदानको सुस्मरण हो ।

वहाँका बारेमा लेख रचना लेखी उपलब्ध गराउने विद्वत वर्ग अनि उक्त लेख रचना संकलन गरि प्रकाशन गर्नुहुने उहाँका पौत्र पूर्व प्रशासक बाबुराम पौडेल साधुवादका पात्र हुनुहुन्छ ।

**गोदावरी १,ललितपर**
**९८४१३६८९५२**

≋

कवि बोलोस् जसरी चराहरू बोल्छन् न कि जसरी उस्तादहरू कसरत गर्दछन् । हृदयलाई बोलाओस् कवितामा न कि आडम्बरलाई । सोझा सच्चा नङ्गा पहाडको महत्त्व होस् कवितामा, जसबाट नालाहरू आफ से आफ भुलभुलाउँदै उठ्छन् ।

**– महाकवि लक्ष्मीप्रसाद देवकोटा**

onlinesahitya.com

# समय विघटनः यथार्थको विसङ्गतिपूर्ण परिबोध

**भरतरोदन साउद पाखे**




राष्ट्रिय राजनीतिक घटना, परिस्थिति र जनजीवनका आलम्बनमा पाश्चात्य काव्य परम्पराका प्रभावबाट अस्तित्ववोध, विसङ्गत चेतना, समाजवादी दृष्टिकोण, प्रयोगशीलताजस्ता प्रवृत्तिहहरू नेपाली कविताले वरण गरेको छ । यी प्रवृत्तिहरूबाट मात्र नेपाली कविताको विषय क्षेत्र फैलिएको नभई पछिल्लो समयमा उत्तरआधुनिकताका नाममा फैलिएका विभिन्न मोडलहरूका आधारमा पनि कविता लेखिने प्रचलन बढ्दो छ । अर्कातिर माओवादी जनयुद्धले छोडेको राजनीतिक तथा सामाजिक सांस्कृतिक प्रभाव पनि नेपाली कवितामा प्रतिबिम्बित भएको छ । यिनै समसामयिक विषयवस्तुका कविता लेख्ने सशक्त कविका रूपमा आफ्नो परिचय बनाउँदै क्रियाशील स्रष्टा हुन्– केशव सिग्देल । उनका कविताले विषयवस्तुगत वैविध्यका साथ सामयिक चेतनालाई प्रभावकारी रूपमा सम्प्रेषण गरेका छन् ।

समय–विघटन (२०६४) सिग्देलको पहिलो कवितासङ्ग्रह हो । त्यसपछि उनको संयुक्त अंग्रेजी कविता संग्रह *सिक्स स्ट्रिंग्स* (२०६७) प्रकाशित भएको छ । *समय विघटन*मा उनले मूलतः विसङ्गतिबोधी जीवनदृष्टि सम्प्रेषण गरेका छन् । मानिसको जीवन उसले बाँच्नै पर्छ तर त्यसमा कुनै अर्थपूर्ण सार वा उद्देश्य हुँदैन भन्ने सार्वभौम विसङ्गतबोधी मान्यता उनका कविताले संवरण गरेका छन् । यस दृष्टिकोणका अनुसार जीवन र संसार असंङ्गति नै असङ्गतिले भरिएको छ । सत्यको नै जीत हुन्छ भन्ने आदर्शवादी चेतना र आस्थाका केन्द्र ईश्वरको नै मृत्यु भएको घोषणाबाट विकसित यस मान्यताले जीवनलाई विकृत, असङ्गत र निराशलाग्दो ठान्दछ । यी असङ्गति र विकृतिबाट छुट्कारा पाएर सुन्दर समाज र सङ्गतिपूर्ण जीवनसम्म पुग्ने बाटो पहिल्याउन नखोज्ने बरू जीवन र वातावरणप्रति केवल असन्तुष्टि र विमति वा विद्रोहको स्वच्छन्द भाव राख्दै स्थितिप्रतिको आस्था, आशा र जीवनको सार्थकताजस्ता कुरालाई नै भ्रम ठान्ने यस प्रकारको निस्सारबोधसँग सिग्देलका कविताले तादात्म्य राख्दछन् –

*जीवनको लिङ्गो*
*आफै छाँयामय छ*
*-मच्चिन्छ*
*-थच्चिन्छ*

*र, निवृत्त हुन्छ*
*छाँयाकाशबाट ।*
*त्यतिन्जेल*
*हामी भ्रम हुर्काइरहेका हुन्छौँ*
*छाँयामा⁄ प्रतिछाँयामा*
*(छाँया, पृ. ९)*

समाजमा व्याप्त विकृति र विसङ्गतिको चित्रण गर्नु र रुग्णताका विरुद्ध स्वस्थता विकल्प दिँदै सङ्गतिका पक्षमा अभिव्यक्ति दिनु विसङ्गतिवादी जीवनदृष्टिको उद्देश्य होइन । सिग्देलका अधिकांश कविताले पनि यही कुरा पुष्टि गरेका छन् । बरु उनका कवितामा असङ्गति र विकृति जीवन र जगतको स्वभावका रूपमा रहेको आलोच्य सत्यका रूपमा प्रतिपादन गर्ने प्रवृत्ति मुखरित भएको छ । जीवनको अँध्यारो पक्षलाई प्रस्तुत गर्दै त्यसको भयानकतालाई बलियो रूपमा स्थापित गर्ने मृत्युचेतना, निरीहताबोध परम्परा र सहरी यान्त्रिक आधुनिकताको अभिशप्त प्रभावबोध र समग्रमा जीवनकै अस्वस्थताबोध सिग्देलका कवितामा प्रकट हुने अन्तर्भाव हो ।

कतैकतै अमूर्तता, भाषिक विचलन, बिम्बको दुरूह प्रयोग र व्याकरणिक असङ्गत योजना पनि कविताहरूमा भेटिन्छन् । मूलतः यस्ता रूपगत प्रयोगका प्रवृत्तिहरू पनि विसङ्गतिवादी कविकै लक्षणहरू हुन् । यति भएर पनि सिग्देलका कविताहरूले भाषाका आधारभूत संरचनाभित्रै रही शक्तिशाली अभिव्यक्ति दिने सामर्थ्य भने जोगाएकै छन् । अवचेतन लेखन, साङ्केतिक अभिव्यक्ति र अमूर्त प्रतीकयोजना उनका प्रवृत्ति होइनन् तर विशृङ्खल भाषिक प्रयोगको स्थिति शून्य चाहिँ छैन ।

जीवनजगतका अँध्यारा पक्षलाई प्रस्तुत गर्ने क्रममा सिग्देलका कवितामा स्वच्छन्दतावादी विद्रोहात्मकता र यथार्थवादी आलोचनात्मकताका प्रवृत्तिहरू घुलमिल भएर आएका देखिन्छन् ।

*अङ्ग्रेजी नलेखेकाले*
*वेदव्यासलाई*
*सभ्यताको कठघरामा उभ्याइएको छ ।*
*(अकविता, पृ. ३०)*

स्वतन्त्रता र स्वच्छन्द आकाशका लागि यान्त्रिक आडम्बर र सांस्कृतिक बन्धनप्रति लेखकले कडा व्यङ्ग्य प्रस्तुत गरेका छन् । मान्छे बाँच्नुको कुनै अर्थ नरहे पनि मृत्युपछिको भयले बाँचिरहेको छ भनेर वर्तमानता वा जीवनको स्थितिप्रति व्यङ्ग्य गर्ने सिग्देल मृत्युचेत बोकेर बाँचिरहेको अस्तित्व पनि स्वीकार्दछन् । कल्पनात्मकता र कलात्मकताले हृदयसंवेद्य कविताहरूको सङ्ग्रहका रूपमा *समय–विघटन* आएको छ । मानवीय स्वतन्त्रता, विद्रोही चेतना तथा यथार्थको विसङ्गतिपूर्ण परिबोध गर्नु र वर्तमान रुग्ण सामाजिक अवस्थालाई प्रतिबिम्बित गर्नु सिग्देलका विशेषता भएको कुरा प्रस्तुत कवितासङ्ग्रहले पुष्टि गरेको छ ।

**bharatsaud.rodan@gmail.com**
**कीर्तिपुर, काठमाडौं**

≋

बसिबियाँलो

# शारदा प्रसाद उपाध्याय

**शिव रेग्मी**



शारदाप्रसाद उपाध्याय

नेपालको आधुनिक शिक्षाको इतिहासमा अमूल्य योगदान पुऱ्याउनु भएका शारदाप्रसाद उपाध्याय ढुङ्गेलको गत साउन १९ गते आफ्नो निवासस्थान भाटभटेनीमा निधनको समाचार पढ्नु पऱ्यो । दोहोरो चिनारी नभएपनि जुद्धोदय पब्लिक हाई स्कूलको विद्यार्थीको नाताले ननिको लाग्यो । यद्यपि उहाँ त्यतिखेर स्कूलमा हुनुहुन्थेन; तर पनि मन शोक विव्हल भयो ।

पिता शङ्कर प्रसाद उपाध्यायका माहिला छोराका रूपमा उहाँको जन्म १९७२ सालमा भएकोले पाको उमेर ९८ वर्षमा स्वर्गारोहण भएको देखियो । उहाँ जुद्धोदय पब्लिक हाई स्कूलका संस्थापक मध्ये एक हुनुहुन्थ्यो । प्रधान अध्यापकका हैसियतले उहाँको देन 'सुकुल'को अवस्थाबाट हालको भवन निर्माण गर्ने र स्कूल सञ्चालन सुचारु रूपमा गर्नुमा थियो । स्कूल छोडेर अन्यत्र सेवामा रहँदा पनि उहाँले स्कूलको सञ्चालक समितिमा रहेर झण्डै दशक सेवा प्रदान गर्नुभएको थियो । यो उहाँको अविस्मरणीय देन थियो । "आज जुद्धोदय पब्लिक हाइ स्कूलबाट प्रथम वार निस्कन लागेको यो वार्षिक पत्रिकाको परिचय लेख्न पाउँदा हर्ष लागेको छ । यो त्यही स्कूल हो; जसले प्रथम वार सुकुलमा छात्रहरू राखेर शुरु गरेपनि एकतन्त्री शासन समयमै फुली फली आफ्नो प्रगति देखायो । यो त्यही स्कूल हो; जसबाट मानव जीवनका एक आधा अङ्ग नारी जगत्लाई शिक्षित बनाउन "कान्ति ईश्वरी राज्यलक्ष्मी हाइ स्कूल" खडा भयो । यो त्यही स्कूल हो; जसको उत्थानमा काँध थाप्नेहरूमध्ये एक हुने सौभाग्य बाह्रौं वर्षसम्म मैले पनि पाई यसलाई फले फुलेको देख्ने सौभाग्य मिल्यो"[१] भन्नुहुन्छ उहाँ ।

शारदा प्रसाद उपाध्यायको 'बेलायतको इतिहास' (२००५) पुस्तकको रूपमा प्रकाशित छ भने उहाँका दुई साहित्यिक 'छद्मनाम' पनि थिए । उहाँले 'इशाभूषण' तथा 'शरद कुमार'का नाममा कथा र कविता लेख्नु भएको छ । 'इशाभूषण' नाममा प्रकाशित कविताको नमूना :[२]

*नआओस् धोकामा जलन लिइ केही प्रणयको ।*
*हँसाएरै एकै क्षणपछि लिने रक्त मुटुको ॥*
*अहो मेरा प्यारा नयन जलले शून्य हुन गै ।*
*सँधै हाँस्थे पैले प्रणयसँग क्यै संगत नभै ॥*

x x x

*तिमी ज्योत्स्ना ठानी मधुर हृदयी चन्द्र म बनूँ ।*
*दुबै साथै बाँचौं दुई मिलि नछुट्टीकन मरुँ ॥*
*बजाओस् आनन्दी प्रणय मुरली शान्त दिलले*
*नबिर्सेस् 'ईषा'को प्रणय प्रतिमा प्रेमि मनले ॥*

x x x

१. 'शुभ कामना' श्री जुद्धोदय पब्लिक हाई स्कूल (वार्षिक पत्रिका), २०१३, सम्पादक वासुदेव शर्मा लुइँटेल

२. 'उदय' (मासिक) वर्ष १४ अङ्क १-३, माघ-फागुन २००७

*भिखारी मेरो यो प्रणयरसको भीख नडढोस् ।*
*वियोगी नै आसे बनिकन चितामा दिल डढोस् ॥*
*बुझे हैं यी पंक्ति व्यथित दिलको आह तक हुन् ।*
*सँगै जल्ने कैल्यै प्रकट नहुने भाव अरुछन् ॥*

शारदा प्रसाद उपाध्याय २००९ सालमा शिक्षा विभागबाट निक्लने गरेको 'जागृति' (मासिक) को प्रधान सम्पादक समेत हुनुहुन्थ्यो । त्यसैमा प्रकाशित कविताको एक अंश:[३]

*"प्रेम अनादि अनन्त र अनश्वर छ !*
*वासना माया जस्तो नश्वर चीजसँग सम्बन्ध राख्दैन ।*
*यसैले अस्थिपञ्जरसँग मेरो मुहब्बत रहन सक्ला*
*तर प्रेम रहन सक्तैन ।*
*मेरो प्रेम स्वयं प्रेममय आत्मासँग छ ।*
*अनन्त भनिएका*
*तर अन्त पाइएका*
*जलधि भन्दा गहिरो छ ।*
*यदि त्यो विशाल आत्मा*
*प्रेममय छ भने*
*यदि त्यसमा*
*वासना पुतलाहरूको*
*प्रतिबिम्ब पर्न पाएको छ र पाउने छैन भने*
*क्षणिक शारीरिक मिलनबाट*
*म आफूलाई*
*जतिसुकै दूर*
*अनन्तसम्म जुदा नहुने सम्झन्छु ।"*

कथाकारका रूपमा शरद कुमारका कथा अध्ययन गर्दा कथा आदर्शमय लाग्दछन् । उहाँका प्राप्त तीन कथा 'शारदा' (मासिक) पत्रिकामा प्रकाशित भएका छन् । पहिलो कथा 'एक झलक', दोस्रो 'विस्मृतिको पथमा' र तेस्रो 'अमर स्मृति' हुन् । तीनै पात्र पात्रिका नाम एउटै छन् । नायक इन्दु र नायिका साधना रहेका छन् भने तीनै कथा एकै सूत्रमा गाँसेर पढेमा फरक पर्दैन । प्रेमको आदर्श विषय र कथाकारको आदर्शमय भाषाशैलीले गर्दा कथा पढ्दा रमाइलै अनुभव हुन्छन् ।

विवाहित इन्दुले दीपावलीको अन्तिम रातको जुवामा साधनाको झलक पाउँछन् र त्यसैको वरिपरिको मनस्थितिमा कथा घुमेको छ । 'विस्मृतिको पथमा' कथा वियोगमा अगाडि बढेर विस्मृतिमै अन्त भएको छ । अन्तिम कथा 'अमर स्मृति' को झलकमा दुखान्त कथाको रूपमा टुङ्गिएको छ । केही लेख रचना अन्यत्र पनि प्रकाशित भएका पाइन्छन् ।

शारदा प्रसाद उपाध्यायले आफ्नो ढुङ्गेल वंशावलीमा लेख्नुभएको भूमिकाले पनि उहाँको विद्वत्ताको परिचय दिन सफल भएको छ ।

**२५ माघ ०७०**

**फोन : ४४७०२४५**
**६१ मयूर मार्ग, मध्य वानेश्वर, काठमाडौं**

≈

३. 'सच्चाइ' - 'जागृति', वर्ष १ अङ्क ६, माघ ०९

# हाम्रो कुरा

## संविधान सभा-भाषा र साहित्य

संविधानसभाको दोस्रो निर्वाचनपछि नेपालको राजनीति स्वस्थ र स्थिर हुने बाटोतर्फ बढ्ने झीनो विश्वास जनतामा पलाएको छ । संविधानका प्रारूपहरूमा झण्डै झण्डै समान धारणा भएका नेपाली काङ्ग्रेस र नेकपा एमालेको वर्चस्व संविधानसभामा भएकोले त्यस्तो जनविश्वास अलिकति बढेको हो । यी दुई प्रमुख दल सत्तामा सहभागी पनि भैसकेका छन् । यिनका सामु स्वच्छ प्रशासनको दायित्व त छँदैछ; त्यस बाहेक राष्ट्र र जनताको हित गर्ने लोकतन्त्रात्मक संविधान निर्माणको ठूलो चुनौती पनि छ । यी प्रमुख दायित्व र चुनौतीलाई व्यवस्थापन गर्न यी प्रमुख दलले केकस्तो कार्यशैली अँगाल्छन् त्यसै आधारमा जनताले यिनको परीक्षण गर्नेछन् ।

नेपाल राष्ट्र र नेपाली जनताले दशकौंदेखि अविकास, अन्याय र अत्याचारका महापीडा भोग्दै आइरहेका छन् । यी पीडा र सकसबाट नेपाल र नेपालीलाई मुक्त पार्ने इमानदार प्रयत्न कुनै दल, कुनै नेता अथवा कुनै सरकारले गरेको आभास र अनुभूति आजसम्म पनि जनतालाई भएन । जो जो सत्तामा पुगे; ती अधिकांशले निजी र दलीय स्वार्थपूर्तिका निम्ति नै राष्ट्रको सत्ता, शक्ति र संपत्तिको चरम दोहन गरे । भ्रष्टाचारमा कीर्तिमान कायम गर्नेहरू ठूला पराक्रमी ठानिने संस्कार दलहरूमा विकसित भयो । जेल सजाय भोगेर निस्केका भ्रष्टहरूको जयगान र स्तुतिमा दलका झण्डा र कार्यकर्ताको दुरुपयोगको दृश्यले नेपाली राजनीति कति हदसम्म अधोगतितर्फ जाँदैछ भन्ने स्पष्ट हुन्छ । दलहरूले जनविश्वास कमाउने हो भने त्यस्ता पतनशीलहरूबाट आ-आफ्ना दललाई मुक्त पार्ने अभियान नै चाल्नु पर्दछ । प्रत्येक दल भ्रष्टाचार र दुराचारका अैंजेरुहरूबाट मुक्त हुन सकेभने राष्ट्रले प्रगति र विकासको द्रुत मार्ग हिंड्ने निश्चत छ ।

अब संविधान निर्माणको प्रसंग छ । एक वर्षमा नै संविधान बनाएर लागू गर्ने उद्घोष प्रमुख दलहरूले गरेका छन् । संविधानका कतिपय प्रावधानमा पहिलेको संविधानसभामा सहमति भैसकेकोले त्यस्ता सहमतिलाई मान्यता दिन दलहरू सहमत छन् । यसो भएमा संविधान निर्माणको गति अझ छिटो अघि बढ्छ । प्रान्तहरूको विभाजन गर्दा नेपालीहरूका पारस्परिक सौहार्द्र, सद्भाव र स्नेह समेत विभाजित नहोउन् । जातीयतामा आधारित राज्य नबनून् । जनजनमा घृणा र रोष उत्पन्न गराउने खालका प्रावधानले प्रश्रय नपाउन् । यस्ता संवेदनशील कुरामा सतर्कता अपनाउनु पर्दछ । राष्ट्रका प्रत्येक भाषा साहित्य र संस्कृतिलाई फस्टाउने अवसर संविधानद्वारा निर्दिष्ट गरिनुपर्दछ । नेपाली भाषालाई राष्ट्रभाषाको मान्यता दिने स्पष्ट अभिलेख संविधानमा रेखांकित गरिनुपर्दछ । नेपालमा मात्र नभएर विश्वका करोडौंले बोल्ने भाषा हो नेपाली भाषा । यस भाषालाई यसको गरिमा अनुरूपको ठाऊँ संविधानमा दिनैपर्दछ । नेपालका जनताले बोल्ने मातृभाषाहरूलाई राष्ट्रिय भाषाको मान्यता दिने प्रावधान संविधानमा राखिनुपर्दछ । नेपालका सबै भाषाभाषिकाले विकासको समान अवसर

पाउन्; कुनै भाषाले पनि उपेक्षित हुन नपरोस् । यी कुरामा संवैधानिक सतर्कता अपनाइनु नै पर्दछ ।

संविधान निर्माता सभासद्हरूको काँधमा ठूलो जिम्मेवारी आएको छ । तिनले जनजनले मान्यता दिने सार्थक संविधान निर्माण गर्न सकेभने नेपाल राष्ट्रको भविष्य समुज्वल हुनेछ । नेपालीहरू पीडा र सकसले अव कहिल्यै नथलिउन्; आफूहरू त्यस्तो त्रासद कार्यका कारक नबनौं भन्ने तर्फ सचेत भएर हाम्रो संविधानसभाका सभासदहरू कार्यरत हुन सकेभने राष्ट्रले नयाँ गति लिनेछ । यस दोस्रो संविधानसभाले पनि संविधान बनाउन सकेन र व्यर्थतामा नै समय खेर फालियो भने जनरोषको आँधीले ती कारक ठहरिएका दल र तिनका मतियार सबैलाई बढार्ने निश्चित छ । यी कुरामा संविधान सभाका दल र तिनका सांसदहरूलाई चेतना भया !

≈

## रचनाको सूचना

- ❖ प्रकाशनार्थ लेख-रचना पठाउँदा आफूसँग एकप्रति राखेर मात्र पठाउनु पर्नेछ । अस्वीकृत रचना सुरक्षित राख्ने अथवा फिर्ता गरिने छैन ।
- ❖ प्रीति फन्टमा टाइप गरी ईमेलद्वारा पठाइएका स्तरीय रचनालाई मात्र स्वीकार गरिने छ ।
- ❖ प्रकाशनार्थ आएका सामग्रीको अत्यधिक चापका कारण तत्काल प्रकाशित गरिहाल्न हामी असमर्थ छौं ।
- ❖ सामग्री पठाएको चौथो अङ्कसम्म पनि प्रकाशित नभए रचना अस्वीकृत भएको ठान्नु पर्दछ ।
- ❖ 'रचना' मा पठाइसकिएका सामग्री अरू पत्रिकामा पनि पठाइए र दुवैतिर प्रकाशित हुन गए भविष्यमा त्यस्ता रचनाकारका सामग्री 'रचना'मा प्रकाशित गरिने छैन ।
- ❖ 'रचना'मा प्रकाशित सामग्री प्रतिको दायित्व सम्बन्धित लेखकमा नै रहनेछ । प्रकाशनार्थ रचना पठाउँदा उपर्युक्त बुँदाहरूमा ध्यान दिन अनुरोध गरिन्छ ।

# सर्वेक्षण हिजो आज

## शशि शाहको तूलिका






onlinesahitya.com